# संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको
# नमुना संविधान
# २०६५

प्रकाशक

जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च
**National Coaliation Against Racial Discrimination**
**(NCARD)**
**काठमाण्डौ, अनामनगर**

**संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नमुना संविधान २०६५**

प्रथम पटक : १०,००० प्रति
संस्करण : २०६५
सर्वाधिकार : जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च

# संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको
# नमुना संविधान
## २०६५

जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च
**National Coaliation Against Racial Discrimination**
**(NCARD)**

# यसरी तयार भयो नमुना संविधान

प्रस्तुत 'नमुना संविधान' संघीय लोकतान्त्रिक गणतन्त्र नेपालकोलागि संविधान निर्माणको एउटा अभ्यास हो। कानुनी रूपमा यसको कुनै हैसियत छैन। तर, जुन प्रक्रियाबाट नमुना संविधानको रूपमा यो अभिलेखको तयारी भयो यसले अनेकन रूपमा राजनीतिक हैसियत र महत्व राख्दछ। यसै विश्वासमा यो सामाग्री सबैको सामु पुगोस भन्ने आकांक्षाकासाथ प्रकाशित गरिएको छ।

सार रूपमा यसको सम्पूर्ण श्रेयको हकदार हुनुहुन्छ भक्तपुरको खरिपाटीमा २०६५ बैशाख २८ देखि जेठ १० सम्म आयोजना गरिएको नमुना संविधान सभामा सभासद्का रूपमा सहभागी भएका प्रतिनिधिहरू। जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्चले यसको लागि केवल सहजिकरणको र व्यवस्थापकीय भूमिका मात्र निभाएको थियो।

मुलुकको ५० जिल्लाबाट छानिएर आएका ८५ जना र आयोजक संस्थाबाट मनोनित ११ जना सहित कूल ९६ जना सीमान्तिकृत, पिछडिएका तथा उत्पीडनमा पारिएका समुदायका प्रतिनिधिहरू उक्त नमुना संविधान सभामा सभासद्का रूपमा सहभागी भएका थिए। विभिन्न २४ समुदायका आदिवासी जनजाति ६१ जना, पहाडिया दलित ९ जना, मधेशी दलित ८ जना, क्षेत्री ७ जना, मुस्लिम ६ जना, बाहुन ४ जना र मधेशी यादव १ जनामध्ये दृष्टिविहिन/अपाङ्ग ४ जना र यौन अल्पसंख्यक २ जना सभासद् थिए। कूल ९६ जनामा पुरुष ५४, महिला ४०, यौनिक अल्पसंख्यकबाट २ जना थिए। यसरी, तय गरिएको जम्मा १०० जना प्रतिनिधिहरूमध्ये ४ जनाको अनुपस्थिति रह्यो।

ती प्रतिनिधिहरूका चयनकालागि र नमुना संविधान सभामा प्रस्तुत गर्न जनताका संविधान निर्माणसंग सम्बन्धित धारणाहरू क्षेत्रगत रूपमा संकलन गर्नकालागि नेपालको धरान, गाईघाट, जनकपुर, वीरगञ्ज, हेटौंडा, ललितपुर, पोखरा, वुटवल, प्यूठान, नेपालगञ्ज र जुम्लामा परामर्श भेलाहरू आयोजना गरिएका थिए। उक्त भेलाहरूबाट ती क्षेत्रका समुदायगत समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता सहित लोकतान्त्रिक तरीकावाट छनौट प्रक्रिया संचालन गर्न लगाइएको थियो।

दुई सातासम्मको नमुना संविधान सभालाई अन्तरराष्ट्रिय तथा राष्ट्रिय संविधानविद्हरूको प्राविधिक सहयोग र सल्लाहमा विश्वजन्य विधि र प्रक्रियाको पालना गर्दै संचालन गरिएको थियो। यद्यपि, वास्तविक संविधान सभाले कमसेकम दुई बर्षको समय सीमाभित्र नेपालको नयाँ संविधान निर्माण गर्ने लक्ष लिइएकोमा नमुना संविधान सभाले केवल चौध दिनको सीमित समयमा संविधानको सबै अङ्ग पुरा गरेर एउटा मस्यौदा तयार गरिनु अत्यन्त चुनौतिपूर्ण काम थियो नै। तर, नमुना संविधान सभामा सभासदका रूपमा सहभागी प्रतिनिधिहरूले आफु पूर्णतया सार्वभौम रहेको अनुभूत गरेर लेखिएको यस नमुना संविधानका प्रत्येक अंशमा देसका विभिन्न क्षेत्रबाट आएका विभिन्न समुदायका आकांक्षा र चाहना प्रतिविम्बित भएका छन्। त्यसैले पनि यो अभिलेखले आफ्नै ऐतिहासिक महत्व राख्दछ। यसरी, वास्तविक संविधान सभाकोलागि यो एउटा सन्दर्भसामग्री तयार भएको छ।

त्यसो त, यसमा सुझाइएका कुराहरू जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्चका आधिकारिक धारणा होइनन्। मुलुकका विभिन्न जाति, भाषा, धर्म, संस्कृति, क्षेत्र र समुदायका प्रतिनिधिहरूले एकै ठाउँमा भेला भएर साझा अवधारणाको रूपमा तयार गरिएको अभिमतलाई संग्रहित गर्ने काम मात्र यस मञ्चले गरेको हो। यति हुंदाहुंदै पनि, हामी के कुरामा आश्वस्त छौं भने, यो नमुना संविधान जनताको अभिमत हो। यसका कतिपय पक्षमा सहमत असहमत भएर पनि वास्तविक संविधान निर्माणका लागि यसले एउटा आधारको काम गर्ने छ। यसले राष्ट्रको नयाँ संविधान निर्माण गर्ने अभियानमा महत्वपूर्ण पूरकको भूमिका निर्वाह समेत गर्नेछ।

**डा. सुमित्रा मानन्धर गुरुङ्ग**
अध्यक्ष
**जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च**
(NCARD)

# विषय-सूचि

पेज नं.

प्रस्तावना ........................................................................ १
भाग १
प्रारम्भिक ........................................................................ ३
भाग २
नागरिकता........................................................................ ४
भाग ३
मौलिक हक........................................................................ ४
भाग ४
राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू ...........................१३
भाग ५
संघीय कार्यपालिका.................................................................. २०
भाग ६
संघीय व्यवस्थापिका ................................................................ २४
भाग ७
संघीय व्यवस्थापन कार्यविधि .....................................................३४
भाग ८
संघीय आर्थिक कार्य प्रणाली .......................................................३७
भाग ९
संघीय न्यायपालिका ...............................................................४१
भाग १०
प्रान्तीय कार्यपालिका ..............................................................४७
भाग ११
प्रान्तीय व्यवस्थापिका .............................................................५०
भाग १२
प्रान्तीय व्यवस्थापन कार्यविधि ...................................................६०
भाग १३
प्रान्तीय आर्थिक कार्य प्रणाली ....................................................६४
भाग १४
प्रान्तीय न्यायपालिका .............................................................६७
भाग १५
स्थानीय निकाय ......................................................................७६
भाग १६
विशेष स्वायत्त क्षेत्र र स्वशासित इलाका ..........................................७६
भाग १७
भाषा सम्बन्धी व्यवस्था ...........................................................७७
भाग १८
अख्तियार दुरूपयोग अनुसन्धान आयोग ..........................................७९
भाग १९
महालेखापरीक्षक ..................................................................... ८३
भाग २०
लोकसेवा आयोग ......................................................................८५
भाग २१
निर्वाचन आयोग ......................................................................८९
भाग २२
मानव अधिकार आयोग ...............................................................९१
भाग २३
महान्यायाधिवक्ता .....................................................................९५
भाग २४
अन्य आयोगहरू .......................................................................९७
भाग २५
राजनीतिक दल ........................................................................११२
भाग २६
संकटकालीन अधिकार ..............................................................११४

भाग २७
सेना सम्बन्धी व्यवस्था ............................................................११६
भाग २८
संविधान संशोधन ......................................................................११७
भाग २९
विविध .....................................................................................११७
भाग ३०
संक्रमणकालीन व्यवस्था ............................................................१२३
भाग ३१
परिभाषा ..................................................................................१२४
भाग ३२
संक्षिप्त नाम प्रारम्भ र खारेजी ...................................................१२५

अनुसूचि १
संघीय र प्रान्तीय सरकार वीच अधिकारको बाँडफाँड.........................१२५
अनुसूचि २
प्रान्त, विशेष स्वायत्त क्षेत्र, तथा स्वशासित इलाकाहरू ...........................१२८
अनुसूची ३
अनुसूचित आदिवासी/जनजातिहरू ..............................................१२९
अनुसूचि ४
अनुसूचित दलित जातिहरू ..........................................................१३०
अनुसूचि ५
राष्ट्रिय गान ................................................................................१३१
अनुसूचि ६
नमुना सभासद्हरूको नामावली ......................................................१३१
अनुसूचि ७
संविधान मस्यौदा समिति ............................................................१३४
अनुसूचि ८
कार्यव्यवस्थापन परामर्श समिति ......................................................१३५
अनुसूचि ९
कार्यविधी नियमावली निर्धारण समिति ............................................१३५
अनुसूचि १०
विभिन्न विषयगत समिति ..........................................................१३६
अनुसूचि ११
नमूना संविधान सभा परामर्श समिति ...............................................१३९
अनुसूचि १२
सचिवालय समिति ..................................................................१४०

# संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०६५

## प्रस्तावना

नमुना संविधान सभाबाट जनताको प्रतिनिधिमार्फत् आफ्नो लागि आफै संविधान बनाई मुलुकमा विद्यमान जातीय, भाषिक, सांस्कृतिक, धार्मिक, वर्गीय, क्षेत्रीय, लैङ्गिक समस्या र विभेदको अन्त्य गर्न संकल्प गर्दै एकात्मक राज्यसत्ताबाट बिमुख पारिएका जाति र समुदायको पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्दै, बहुदलीय प्रतिस्पर्धात्मक, संघात्मक लोकतान्त्रिक शासनव्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणा, मानवअधिकार, वालिगमताधिकार, पूर्ण प्रेसस्वतन्त्रता लगायतका मूल्य मान्यताप्रति पूर्ण प्रतिवद्धता व्यक्तगर्दै आत्मनिर्णयको अधिकारको सिद्धान्त तथा स्वायत्ततासहितको संघीय राज्य संरचनामार्फत् राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक विकास गर्न र सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता र स्वभिमानलाई शिरोधार्य गर्दै हालसम्म मुलुकमा भएका संघर्ष र आन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई संघात्मक संरचनामार्फत् संस्थागत गर्न मुलुकका विभिन्न एघारवटा स्थान (केन्द्र)बाट नमुना संविधान सभाका लागि भेला भएका हामी सभासदहरू बीचको निरन्तर छलफल र अभ्यासको निष्कर्षबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०६५ निर्माण गरी जारी गरेका छौं ।



# भाग १

## प्रारम्भिक

१. <u>संविधान मूल कानुन :</u>

(१) यो संविधान नेपालको मूल कानुन हो । यस संविधानसंग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुनेछ ।

(२) यस संविधानको पालना गर्नु नेपाल राज्यका प्रत्येक अंगहरू र पदाधिकारीहरू लगायत अन्य सम्पूर्ण नेपाली नागरिक तथा व्यक्तिहरूको कर्तव्य हुनेछ ।

२. <u>सार्वभौमसत्ता र राजकीय सत्ता :</u> नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहनेछ ।

३. <u>राष्ट्र :</u> नेपाल राष्ट्र विभिन्न जाति, भाषा, संस्कृति र क्षेत्रको आधारमा बनेका विशेष स्वायत्त तथा स्वसासित क्षेत्रहरू सहितको देहायका स्वशासित प्रान्तहरूको सामुहिक संघीय चरित्र, सहअस्तित्व, सहिष्णुता, सहचारिता, स्वतन्त्रता, अखण्डता र राष्ट्रहित तथा समृद्धिप्रति आस्थावान् रही विविधता बीचको एकताको सूत्रमा बाँधिएका नेपाली जनताको समष्टि रूप राष्ट्र हो ।

क) लिम्बुवान स्वायत्त प्रान्त
ख) खम्बुवान स्वायत्त प्रान्त
ग) तामाङसालिङ स्वायत्त प्रान्त
घ) नेपालमण्डल स्वायत्त प्रान्त
ङ) तमुवान स्वायत्त प्रान्त
च) मगरात स्वायत्त प्रान्त
छ) पूर्वखसान (कर्णाली प्रदेश) स्वायत्त प्रान्त
ज) पश्चिम खसान स्वायत्त प्रान्त
झ) थारुहट स्वायत्त प्रान्त
ञ) अवधी स्वायत्त प्रान्त
ट) भोजपुरी स्वायत्त प्रान्त
ठ) मैथिली मधेश स्वायत्त प्रान्त

४. नेपाल राज्य :

(१) नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष र छुवाछुतमुक्त संघीय लोकतान्त्रिक गणतान्त्रिक राज्य हो । नेपालको क्षेत्र देहाय बमोजिम हुनेछः-

(क) यो संविधान प्रारम्भ हुँदाको बखतको क्षेत्र, र

(ख) यो संविधान प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्र ।

५. राष्ट्रिय झण्डा : सबै स्वायत्त प्रान्तहरूको प्रतिनिधित्व झल्कने गरी राष्ट्रिय झण्डा निर्माण गरिनेछ । राष्ट्रिय झण्डाको निर्माण संघीय नेपाल सरकारले गर्ने छ ।

६. राष्ट्रिय गान इत्यादि : नेपालको राष्ट्रिय गान अनुसूची ५ बमोजिम हुनेछ र निशाना छाप संघीय नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ । प्रान्तीय सरकारले कानुन बनाई आ-आफ्नो निशाना छाप बनाउन सक्नेछ ।



# भाग २

## नागरिकता

७. संविधान प्रारम्भ हुँदाका बखतको नागरिकता :

(१) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेको र यस भाग बमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरू नेपालका नागरिक हुनेछन् ।

(२) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति बंशजको आधारमा नेपालको नागरिक ठहर्ने छ :

(क) यो संविधान प्रारम्भ हुनुभन्दा अघि बंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति,

(ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति,

(३) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म बंशजको आधारमा नेपाली नागरिक ठहर्ने छ ।

(४) नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोबास भएको व्यक्ति प्रचलित कानुनका अधीनमा रही नेपालको नागरिक हुनेछ ।

(५) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिला/पुरुषले चाहेमा प्रचलित कानुन बमोजिम अङ्गीकृत नेपाली नागरिकता लिन सक्नेछ ।

(६) तेस्रो लिंगीले आफ्नो लैंगिक पहिचान सहित तेस्रो लिङ्गीको नागरिकता पाउने अधिकार हुनेछ ।

८. अङ्गीकृत तथा सम्मानार्थ नागरिकता : धारा ७ मा लेखिए बाहेक कानुनमा व्यवस्था भए बमोजिम संघीय नेपाल सरकारले अङ्गीकृत वा सम्मानार्थ नेपाली नागरिकता प्रदान गर्न सक्नेछ ।

९. दोहोरो नागरिकता : संघीय कानुनको अधीनमा रही दोहोरो नागरिकता राख्न पाइने छ । तर संघीय तथा प्रान्तीय राज्यमा सार्वजनिक पद धारण गर्न वा नियुक्ति हुनका लागि अर्का देशको नागरिकता त्याग गर्नुपर्ने छ ।

१०. नागरिकताको प्राप्ति र समाप्ति : नागरिकताको प्राप्ति, समाप्ति लगायत आवश्यक अन्य व्यवस्था प्रचलित संघीय कानुन बमोजिम हुनेछ ।

# भाग ३
# मौलिक हक

११. स्वतन्त्रताको हकः

(१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र मृत्यु दण्डको सजाय हुने गरी कुनै कानुन बनाइने छैन ।

(२) कानुन बमोजिमबाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन ।

प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछः-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

(ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

(ग) राजनीतिक दल वा संगठन खोल्ने स्वतन्त्रता,

(घ) संघ र संस्था खोल्ने स्वतन्त्रता,

(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता,

(च) कुनै पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता । त ,

(१) खण्ड (क) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(२) खण्ड (ख) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(३) खण्ड (ग) र (घ) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।



(४) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(५) खण्ड (च) को कुनै कुराले सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार, पेसा वा रोजगार गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

१२. समानताको हक :

(१) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौन अभिमुखीकरण तथा लैंगिक पहिचान, उत्पत्ति, भाषा, शारीरिक वा मानसिक अपांगता, क्षेत्र, वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखीकरण तथा लैंगिक पहिचान, उत्पत्ति, भाषा, शारीरिक वा मानसिक, क्षेत्र अपांगता, वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन ।

तर महिला, दलित, आदिवासी जनजाति, मधेशी, किसान वा यौनिक तथा लैंगिक अल्पसंख्यक, मजदूर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, बृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिनेछैन ।

(४) समान कामका लागि महिला, पुरुष र यौनिक तथा लैंगिक अल्पसंख्यकका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।

१३. छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक :

(१) कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो

भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले उचित क्षतिपूर्ति पाउनेछ ।

(२) कुनै पनि व्यक्तिलाई जात जातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित गरिने छैन ।

(३) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गरिने छैन ।

(४) कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरूको समूहको उच नीच दर्शाउने, जात, जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्ने गरी सार्वजनिक वा निजी स्थलमा व्यवहार गर्न पाइने छैन ।

(५) उपधारा (२), (३) र (४) विपरीतको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ ।

## १४. प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हक :

(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य दृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन ।

तर नेपालको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकूल हुने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै श्रव्य, श्रव्यदृष्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन,



अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज गरिने छैन ।

(३) कुनै समाचार लेख, सम्पादकीय, रचना वा अन्य कुनै पाठ्य सामग्री मुद्रण वा प्रकाशन गरे बापत कुनै समाचारपत्र, पत्रिका, वा छापाखाना बन्द, जफत वा दर्ता खारेज गरिने छैन ।

(४) कानुन बमोजिमबाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गर्न सकिने छैन ।

## १५. वातावरण तथा स्वास्थ्य सम्बन्धी हक :

(१) प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने हक हुनेछ ।

## १६. शिक्षा तथा संस्कृति सम्बन्धी हक :

(१) प्रत्येक समुदायलाई आफ्नो मातृ भाषामा शिक्षा पाउने हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट उच्च माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(३) नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्धन गर्ने हक हुनेछ ।

(४) राज्यले यस अधिकारको कार्यान्वयन र प्रभावकारी पहुँचलाई सुनिश्चित गर्न एकै माध्यम भएको संस्थाहरूको अलावा पर्याप्त शैक्षिक विकल्पहरू समता, व्यवहारिकता र विगतका जातीय विभेदका कानुनहरू र अभ्यासहरूको परिणामलाई सच्याउने गरी गर्नु पर्छ ।

## १७. रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक :

(१) प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम रोजगारीको हक हुनेछ ।

(२) महिला, श्रमिक, बृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई सामाजिक सुरक्षाको हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई खाद्य संप्रभुत्ताको हक हुनेछ ।

## १८. सम्पत्तिको हक :

(१) प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।

(२) सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।

तर अवैध ढंगले आर्जन गरेको सम्पतिको हकमा यो उपधारा लागू हुने छैन ।

(३) वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्दा वा सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सिर्जना गर्दा कानुन बमोजिम क्षतिपूर्ति दिइनेछ । क्षतिपूर्ति र सोको आधार र कार्य प्रणाली कानुनद्वारा निर्धारण गरिए बमोजिम हुनेछ ।

१९. महिला तथा यौनिक र लैंगिक अल्पसंख्यकको हक :

(१) महिला तथा यौनिक र लैंगिक अल्पसंख्यक भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन ।

(२) प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुनेछ ।

(३) कुनै पनि महिला तथा यौनिक र लैंगिक अल्पसंख्यक विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ ।

(४) पैतृक सम्पतिमा छोरा, छोरी, यौनिक तथा लैंगिक अल्पसंख्यकलाई समान हक हुनेछ ।

(५) तेस्रो लिंगी तथा समलिंगीलाई आफूले इच्छाएको व्यक्तिसँग विवाहको हक हुनेछ ।

(६) तेस्रो लिंगीले शल्यक्रियाबाट लिंग परिवर्तन गर्न चाहेमा सो गर्ने स्वतन्त्रता हुनेछ ।

२०. सामाजिक न्यायको हक :

(१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पिडित वर्ग, अपांग, यौनिक तथा लैंगिक अल्पसंख्यक, धार्मिक अल्पसंख्यक, गरिव किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा जातीय पहिचान सहित सहभागी हुने हक हुनेछ ।

(२) सशस्त्र द्वन्द्वकालमा भएका नरसंहार र अमानवीय घटनाहरूको पूर्ण छानवीन र दोषीलाई सजायसहित पीडितलाई क्षतिपूर्तिको हक हुने छ ।



२१. बालबालिकाको हक :

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।

(४) असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका, सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ ।

(५) कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाईने छैन ।

२२. धर्म तथा सँस्कृति सम्बन्धी हक :

(१) प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक हुनेछ ।

(२) प्रत्येक धार्मिक सम्प्रदायलाई कानुन बमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ ।

(३) नेपाल एक धर्मनिरपेक्ष राज्य भएकोले प्रत्येक व्यक्तिलाई अरुको धार्मिक आस्था र स्वतन्त्रताको पूर्ण सम्मान गर्दै धर्म रोज्ने र अभ्यास गर्ने अधिकार हुनेछ । धर्मको आधारमा हुने कुनैपनि भेदभाव, घृणा र अवहेलना दण्डनीय हुनेछ ।

(४) प्रत्येक व्यक्ति, परिवार र समुदायलाई समान एवम् स्वायत्तरुपमा आ-आफ्नो भाषा, धर्म, लिपि, संस्कृति र परम्पराको संरक्षण र सम्वर्द्धन गर्ने अधिकार हुनेछ ।

(५) प्रत्येक व्यक्तिलाई आफ्नो साँस्कृतिक जीवनमा सहभागी हुने तथा वैज्ञानिक, साहित्यिक वा कलात्मक प्रगतिका लागि सहभागी हुने स्वतन्त्रता र फाइदाको अधिकार हुनेछ ।

२३. <u>न्याय सम्बन्धी हक :</u>

(१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना निजले बुझ्ने भाषामा नदिई थुनामा राखिने छैन ।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयमा नै आफूले रोजेको कानुन व्यवसायीसंग सल्लाह लिन पाउने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानुन व्यवसायीद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन ।

**स्पष्टीकरण**: यस उपधाराको प्रयोजनको लागि “कानुन व्यवसायी” भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानुनले अधिकार दिएको व्यक्तिलाई जनाउँछ ।

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्याद बाहेक चौवीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन ।

तर उपधारा (२) र (३) मा लेखिएका कुराहरू निवारक नजरबन्द र शत्रु राज्यको नागरिकको हकमा लागु हुने छैन ।

(४) तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

(५) कुनै अभियोग लगाईएको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन ।

(६) कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।

(७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन ।

(८) प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ ।

(९) कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ ।

(१०) असमर्थ पक्षलाई कानुनमा व्यवस्था भएबमोजिम निःशुल्क कानुनी सेवा पाउने हक हुनेछ ।



२४. <u>निवारक नजरबन्द विरुद्धको हक :</u>

(१) नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निबारक नजरबन्दमा राखिनेछैन ।

(२) निवारक नजरबन्द राख्ने अधिकारीले कानुन विपरीत वा वदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले कानुनद्वारा तोकिएबमोजिम क्षतिपूर्ति पाउनेछ ।

२५. <u>यातना विरुद्धको हक :</u>

(१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसंग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।

(२) उपधारा (१) बमोजिमको कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।

२६. <u>सूचनाको हक :</u> प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ ।

तर, कानुनद्वारा गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन ।

२७. <u>गोपनीयताको हक :</u> कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पति, लिखत, तथ्यांङ्क, पत्राचार, चरित्र सम्बन्धी कुराहरूको गोपनीयता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ ।

२८. <u>शोषण विरुद्धको हक :</u>

(१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।

(२) प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने छैन ।

(३) मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।

(४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन ।

तर यस उपधारामा उल्लिखित व्यवस्थाले सार्वजनिक प्रयोजनको लागि नागरिकलाई अनिवार्य सेवामा लगाउन सकिने कानुन बनाउन रोक लगाएको मानिने छैन ।

२९. श्रम सम्बन्धी हक :

(१) प्रत्येक कामदार र कर्मचारीलाई उचित श्रम अभ्यासको हक हुनेछ ।

(२) कानुनमा व्यवस्था भए बमोजिम प्रत्येक कामदार र कर्मचारीलाई आ-आफ्ना हित रक्षाको निमित्त ट्रेड युनियन खोल्ने, सङ्गठित हुने र सामुहिक सौदाबाजी गर्ने हक हुनेछ ।

३०. देश निकाला विरुद्धको हक : कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन ।

३१. संवैधानिक उपचारको हक : यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा ८३ तथा धारा १६४ मा व्यवस्था भए बमोजिम सर्वोच्च अदालत वा प्रान्तीय उच्च अदालतबाट कारवाही चलाउन पाउने हक सुरक्षित गरिएको छ र प्रान्तीय उच्च अदालतबाट भएको अन्तिम आदेश वा निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्नेछ ।



# भाग ४

## राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू

३२. राज्यको दायित्व : राज्यको दायित्व देहाय बमोजिम हुनेछ :

क) देशमा अग्रगामी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन सुनिश्चत गर्ने ।

ख) विश्वव्यापी रुपमा स्वीकृत आधारभूत मानव अधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा नीहित सार्वभौम सत्ता र जनताको सर्वोच्चता, सवैधानिक सन्तुलन र नियन्त्रण, कानुनको शासन, सामाजिक न्याय र समानता, छुवाछुको उन्मुलन, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरूको क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरूको पूर्ण पालना गर्ने राजनीतिक प्रणाली अवलम्बन गरी भ्रष्टचार र दण्डहीनताको अन्त्य गर्दै सुशासन कायम गर्ने ।

ग) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी, जनजाति, मधेसी, उत्पिडीत, उपेक्षित, अपाङ्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, पिछडिएका क्षेत्र लगाएतका समस्याहरूलाई सम्बोधन गर्न राज्यले आवश्यक कानुन बनाई लागु गर्ने ।

घ) मुलुकको राज्य संरचनाको सबै अंगहरूमा मधेशी, दलित, आदिवासी, जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, पिछडिएका वर्ग र क्षेत्र सबैलाई जातीय जनसंख्याको आधारमा पूर्ण समानुपातिकको आधारमा सहभागी गराउने ।

ङ) सामन्तवादका सबै रुपहरूको अन्त्य गरी आर्थिक, सामाजिक रुपमान्तरणको बृहत् साझा कार्यक्रम तय गरी लागू गर्दै जाने ।

च) सामन्ती भू-स्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने ।

छ) राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गर्ने नीति अनुसरण गर्ने ।

ज) शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्य सम्प्रभुतामा सबै नागरिकको समान अधिकार स्थापित गर्ने नीति अवलम्बन गर्ने ।

झ) सुकुम्वासी, कमैया, हलिया, हरूवा, चरुवा, लगाएतका आर्थिक, सामाजिक रुपले पछाडि परेका वर्गलाई जग्गा लगाएत आर्थिक, सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति अवलम्बन गर्ने ।

ञ) सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी गैर कानुनी सम्पत्ति आर्जन गर्नेहरू उपर कडा कार्वाही गरी दण्डित गर्ने नीति अवलम्बन गर्ने ।

ट) देशको आर्थिक, सामाजिक रुपान्तरण एवं न्यायका साथै देशलाई छिटो सम्मुनत र आर्थिक रुपले संमृद्धशाली बनाउन एक साझा विकास अवधारणा निमार्ण गर्ने ।

ठ) श्रमिकका पेसागत अधिकारको सुनिश्चता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्द्धन, रोजगारी एवं आय आर्जनका अवसरहरूको व्यापक वृद्धि गर्ने नीति अनुसरण गर्ने ।

ड) राज्य पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि, घोषणापत्र, महासन्धि, अभिसन्धि, अनुबन्ध, आलेख र सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने ।

ढ) सबै विभेदकारी कानुनको अन्त्य गर्ने तथा छुवाछुत मुक्त राज्य घोषणा गर्ने ।

ण) जातीय छुवाछुतलाई मानवताविरुद्धको कलंकको रुपमा परिभाषित गर्ने ।

त) मुलुकमा विद्यमान जलस्रोत लगाएत प्राकृतिक स्रोत साधनको राष्ट्र हितमा प्रयोग गर्ने ।

थ) सशस्त्र द्वन्द्वको क्रममा मारिएकाहरूको परिवारलाई तथा यस क्रममा घाइते भई अपाङ्ग र असक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुनर्स्थापनाको व्यवस्था गर्ने ।

द) सशस्त्र द्वन्द्वको क्रममा वेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानविन आयोगको प्रतिवेदनको आधारमा त्यस्ता व्यक्तिहरूका पिडित परिवारहरूलाई राहत उपलब्ध गराउने ।

ध) शसस्त्र द्वन्द्वको क्रममा विस्थापितहरूको पुनर्स्थापना गर्न नष्ट भएका निजी तथा सार्वजनिक सम्पत्तिहरूको अधिकारमा राहत प्रदान गर्न तथा ध्वस्त संरचनाहरूको पुन : निमार्ण गर्न विशेष कार्यक्रम संचालन गर्ने ।

न) सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भिर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य तथ्यको अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयेग गठन गर्ने ।



(प) आई.एल.ओ. १६९ तथा संयुक्त राष्ट्र संघीय घोषणापत्रका व्यवस्थालाई तदारुकताका साथ कार्यान्वयन गर्ने ।

३३. राज्यका निर्देशक सिद्धान्तहरू :

(१) जनताको जिउ, धन समानता र स्वतन्त्रताको संरक्षण गरी सामाजिक, आर्थिक एवं राजनीतिक क्षेत्र लगाएत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुल्ला समाजमा आधारित लोक कल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्ने राज्यको प्रमुख उद्देश्य हुनेछ ।

२) समाजमा शान्ति सुव्यवस्था कायम गरी मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्दै साबैजना सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरू उपभोग गर्न सक्ने व्यवस्था कायम गर्नु राज्यको उद्देश्य हुनेछ ।

३) नेपाली जनताको संघर्षको प्रतिफलस्वरुप प्राप्त लोकतन्त्रलाई संस्थागत गर्दै सोका लाभहरूको समान उपभोग गर्न पाउने अवस्थाको सिर्जना गर्दै समुन्नत र समृद्ध नेपाल निर्माण गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ ।

४) देशमा उपलब्ध आर्थिक स्रोत र साधनलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित बितरणको व्यवस्था मिलाई कुनैपनि जाति, लिङ्ग, वर्ग उत्पत्ति वा व्यक्ति उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी अर्थिक असमानता हटाउँदै स्वदेशी निजी एवम् सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र एवं आत्मनिर्भर एवम् उन्नतशील गराउन राज्यको मूलभूत आर्थिक उद्देश्य हुनेछ ।

५) कुनै किसिमको आर्थिक एवं साामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण, समुदाय र सम्प्रदायका बीच समाञ्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाीजक उद्देश्य हुनेछ ।

६) देशको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रतालाई कायम राखी अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्ने दिशामा राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ ।

३४. राज्यका नीतिहरू :

(१) देशको सन्तुलित विकासकालागि आर्थिक लगानीको न्यायोचित वितरण गरी सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, यातायात, आवास र रोजगारी जस्ता आधारभुत कुराहरूको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति राज्यले अवलम्बन गर्ने छ।

२) सरकारी सहकारिता र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने नीति राज्यले अवलम्बन गर्ने छ।

३) विभिन्न धर्म, संस्कृति, जाति, समुदाय, सम्प्रदाय, उत्पत्ति र भाषा भाषीहरूका बीच समानता एवं सहअस्तित्वका आधारमा स्वस्थ र सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपी, कला र संस्कृतिको समान विकासद्वारा देशको सांस्कृतिक विविधता कायम राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।

४) राष्ट्रिय हित अनुकूल उपयोगी एवं लाभदायक रुपमा देशको प्राकृतिक स्रोत तथा सम्पदाको परिचालन गर्दा स्थानीय समुदायलाई विशेष प्राथमिकता दिने नीति राज्यले अवलम्बन गर्ने छ।

५) राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्ने छ। जनसाधरणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकास सम्वन्धि क्रियाकलापहरूद्वारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवं वातावरण तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथमिकता दिनेछ। वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्ने छ।

६) राज्यले किसानलाई प्रोत्साहन गर्नेगरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरूको सिर्जना गरी कृषिलाई उद्योगको रुपमा विकास गर्नेछ।

७) देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रम शक्तिलाई सुलभ रुपमा रोजगार उपलब्ध गराई काम पाउने अधिकार सुनिश्चत गरी उनीहरूको अधिकार र हितको संरक्षण गरी उद्यमको व्यवस्थापनमा सहभागिता बढाउने नीति राज्यले अवलम्बन गर्ने छ।

८) महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यावस्था गरी राष्ट्र विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ।



९) राज्यले एकल महिला, अनाथ, बालबालिका, असाहय, वृद्ध, अपाङ्ग, अशक्त, र लोपन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने छ।

१०) शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारीमा २५ प्रतिशत आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रुपले पिछडिएका आदिवासी, जनजाति, दलित, महिला, अपाङ्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र धार्मिक अल्पसंख्यक लगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनीका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्ने छ।

११) देशको उन्नतिको लागि विज्ञान तथा प्रविधिको विकासलाई विशेष प्राथमिकताको साथ राज्यबाट उपेक्षित भएका तथा समाजमा अपहेलित भएका वर्गहरू जस्तै : महिला, दलित, आदिवासी जनजाति, अपाङ्ग, मधेसी, यौनिक तथा लैंगिक अल्पसंख्यक र धार्मिक अल्पसंख्यक (मुस्लिम, इसाई, आदि) समेतको हकहितको लागि नीति योजना तथा कार्यक्रमहरूको निर्माण गर्न अधिकार सम्पन्न छुट्टाछुटै आयोगहरूको गठन गर्न सकिने नीति राज्यले अवलम्बन गर्नेछ।

१२) केन्द्रदेखि स्थानीय तहसम्म राज्यका हरेक निकाय जस्तै : सरकारी, अर्ध सरकारी वा गैर सरकारी संघ संस्थाको नीति निर्माणदेखि नेतृत्व तहमा महिला, आदिवासी जनजाति, दलित, अपाङ्ग, यौनिक तथा अल्पसंख्यक र धार्मिक अल्पसंख्यकको समान प्रतिनिधित्व गराउन विशेष प्राथमिकताका साथ स्थान आरक्षण गर्ने नीति राज्यले लिनेछ।

१३) देशको विकासमा युवा तथा शैक्षिक वेरोजगार युवा जनशक्तिलाई परिचालन गर्न र योग्यताको आधारमा रोजगारीको अवसर प्रदान गर्न तथा स्वदेशी पुंजीको लगानी स्वदेशमा नै गर्न सकिने विशेष नीति राज्यले अवलम्बन गर्नेछ।

१४) दलित, महिला, जनजाति, मधेशी, गरिब, अपाङ्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, धार्मिक अल्पसंख्यक र दुर्गमवासीहरूलाई राज्यको सम्पूर्ण स्रोत, साधन, अवसरहरू उपभोग गर्न, दक्ष बनाउन र समानुपातिक सहभागिताको लागि दशवर्षे दिर्घकालीन विशेष किसिमको नीति राज्यले अवलम्बन गर्नेछ।

१५) बहुसंख्यक ग्रामीण जनाताको हितलाई ध्यानमा राखी ग्रामीण विकासको गतिलाई तिव्रतर बनाउँदै लैजाने तथा सो ठाउँमा बसोबास गर्ने दलित, महिला, आदिवासी जनजाति, मधेसी, अपाङ्ग, यौनिक

तथा लैंगिक अल्पसंख्यक र धार्मिक अल्पसंख्यक लगायत शिक्षा क्षेत्रबाट वञ्चित रहेका सीमान्तकृत तथा अति सीमान्तकृत समुदायको निःशुल्क उच्च शिक्षाको आरक्षण गर्ने नीति राज्यले अवलम्बन गर्ने छ ।

१६) राज्यको स्रोत साधनबाट वञ्चित गरिएका तथा सामाजिक रुपमा उपेक्षित भएका दलित, अपाङ्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक महिला, आदिवासी जनजाति र धार्मिक अल्पसंख्यकलाई राजनीतिक दल, प्रशासनिक यन्त्र र राज्यका जनप्रतिनिधिमूलक निकायमा अनिवार्य प्रतिनिधित्व गराउन आधार तयार गर्न सकिने नीति राज्यले अंगिकार गर्नेछ ।

१७) देशको उन्नतिको लागि विज्ञान तथा प्रविधिको विकासको लागि प्राथमिकता दिने नीति राज्यले अवलम्बन गर्नुका साथै स्थानीय प्रविधिको विकास गर्ने नीति अवलम्बन गर्नेछ ।

१८) राष्ट्रिय विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिई देशमा वैदेशिक पुँजी र प्रविधिलाई आकर्षित गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

१९) राज्यले महिला, दलित, आदिवासी, जनजाति, मधेसी, धार्मिक अल्पसंख्यक (मुस्लिम, इसाई आदि) लगायत अल्पसंख्यक भूमिहीन सुकुम्वासी, कमैया, अपाङ्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्वपिडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।

२०) मुक्त कमैयाको संख्या यकिन गरी उनीहरूको बसोबासको लागि आधारभूत भूमि र रोजगारीको व्यवस्था गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

२१) किसान, मजदुर लगाएत श्रममा आश्रित वर्गको विकासको लागि प्राविधिक शिक्षा, तालिम, प्रशिक्षणको आवश्यक, पूर्वाधारको व्यवस्था गरी उनीहरूलाई राज्यको विकास प्रक्रियामा सहभागी गराउने नीति राज्यले अवलम्बन गर्नेछ ।

२२) वृद्ध, अशक्त महिला तथा वेरोजगारलाई कानुनमा व्यवस्था गरी भत्ता दिने नीति अवलम्बन गर्ने छ ।



२३) मुलुकमा विद्यमान परम्परागत ज्ञान, सिप र अभ्यासको पहिचान र संरक्षण गर्दै त्यसलाई आधुनिकीकरण गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

२४) मुलुकमा स्थापना भएका सार्वजनिक तथा गैर सरकारी संघसंस्थाको संचालन र व्यवस्थापनमा नियमन गर्न राज्यले विशेष नीति अवलम्बन गर्नेछ ।

२५) राज्यले संयुक्त राष्ट्रसंघको वडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताको आधारमा नेपालको परराष्ट्र नीति हुनेछ ।

२६) छिमेकी मित्र राष्ट्रहरू र संसारका अरु सबै मुलुकहरूसित आर्थिक, सामाजिक, एवं अन्य क्षेत्रमा समानताको आधारमा सहयोगात्मक सुसम्बन्ध कायम गरी नेपालमा शान्तिलाई अन्तर्राष्ट्रिय मान्यताको आधारमा संस्थागत गर्दै जाने नीति राज्यले अवलम्बन गर्नेछ ।

३५. <u>स्रोत साधन परिचालन गर्ने :</u> राज्यले यस भागमा उल्लिखित सिद्धान्त तथा नीतिको कार्यान्वयन गर्न आवश्यक्तानुसार स्रोत र साधन परिचालन गर्ने गराउने छ ।

३६. <u>अदालतमा प्रश्न उठाउन नसकिने :</u> यस भागमा लेखिएका विषयहरू कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

# भाग ५

## संघीय कार्यपालिका

३७. राष्ट्राध्यक्ष : राष्ट्राध्यक्ष संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राष्ट्रप्रमुख हुने छ ।

३८. राष्ट्राध्यक्षको मनोनयन र निर्वाचन : संघीय प्रतिनिधि सभा तथा प्रान्तीय जनप्रतिनिधि सभाहरूको निर्वाचक मण्डलले राष्ट्राध्यक्षको निर्वाचन गर्नेछ । राष्ट्राध्यक्षको निर्वाचन एकल संक्रमणीय मतदान प्रणालीबाट हुने छ ।

३९. राष्ट्राध्यक्षको पदावधि :

(१) राष्ट्राध्यक्षको पदावधि ६ वर्षको हुने छ र निज दुई कार्यकाल भन्दा बढी राष्ट्राध्यक्षको रुपमा निर्वाचित हुने छैन ।

(२) राष्ट्राध्यक्षको पद देहायको अवस्थामा रिक्त हुनेछः

(क) निजले आफ्नो पदबाट लिखित राजीनामा दिएमा वा

(ग) निजले पद अनुकुल आचारण गरेको छैन भन्ने प्रस्ताव प्रतिनिधि सभा र संघीय सभाको संयुक्त सभाको सम्पूर्ण सदस्य संख्याको दुई-तिहाइ बहुमतबाट पारित भएमा ।

४०. राष्ट्राध्यक्षको शपथ : राष्ट्राध्यक्षले संघीय संयुक्त सदनमा प्रधान न्यायाधीश समक्ष शपथ ग्रहण गर्ने छ ।

४१. राष्ट्राध्यक्षको काम, कर्तव्य, अधिकार : राष्ट्राध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. संघीय संसदको अधिवेशन आव्हान र अन्त्य गर्ने ।

२. संघीय सरकारको तर्फबाट विदेशी राजदुत तथा प्रतिनिधिहरूको ओहदाको प्रमाणपत्र ग्रहण गर्ने।

३. संघीय संसदले पारित गरेका विधेयक स्वीकृत गरी लालमोहर लगाउने ।

४. मन्त्रीपरिषद्को सिफारिसमा संविधान तथा कानुन बमोजिम नियुक्ति गर्नु पर्ने पदाधिकारीहरूको नियुक्ति गर्ने ।

५. नेपाल सेनाको परमाधिपतिको पद ग्रहण गर्ने ।

६. राष्ट्रपुरस्कार, विभूषण मानपदवी, अलँकार प्रदान गर्ने ।

७. अदालतबाट पाएका सजाँयलाई माफी मुलतबी र परिवर्तन गर्ने ।

८. यस संविधान बमोजिम राष्ट्रपतिले आफ्नो अधिकार प्रयोग गर्दा मन्त्री परिषद्को सल्लाह र सम्मतिबाट गर्नेछ ।



४२. कार्यकारिणी अधिकार :

(१) नेपालको संघीय कार्यकारिणी अधिकार यो संविधान र अन्य कानुन बमोजिम प्रधानमन्त्री र संघीय मन्त्रिपरिषद्मा निहित हुनेछ ।

(२) यो संविधान र अन्य कानुनको अधीनमा रही नेपालको संघीय शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद् उपर हुनेछ ।

(३) नेपालको सघीय कार्यकारिणी कामहरू नेपालको संघीय सरकारको नाममा हुनेछ ।

(४) उपधारा (३) बमोजिम नेपालको सघीय सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण कानुनद्वारा व्यवस्था भए बमोजिम हुनेछ ।

(५) नेपालको संघीय कार्यकारिणी अधिकार यस संविधानको अधीनमा रही र यस संविधान बमोजिम बाहेक अनुसूचि (१) मा उल्लिखित संघीय सूचि र साझा सूचिमा उल्लिखित विषय बस्तुमा सीमित रहने छ ।

४३. मन्त्रिपरिषद्को गठन :

(१) संविधानको धारा ४९ को आधारमा प्रधानमन्त्री र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनेछ ।

(२) मन्त्रिपरिषद्मा आवश्यकता अनुसार उपप्रधानमन्त्री र अन्य मन्त्रीहरू रहने छन् ।

**स्पष्टीकरण :** यस धाराको प्रयोजनका लागि मन्त्री भन्नाले मन्त्रालयको छुट्टै कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई जनाउँछ ।

(३) प्रधानमन्त्रीले मन्त्री नियुक्ति गर्दा संघीय संसदको सदस्यहरू मध्येबाट नियुक्ति गर्नु पर्नेछ ।

(४) प्रधानमन्त्री र अन्य मन्त्रीहरू संघीय संसदप्रति सामूहिक रूपमा उत्तरदायी हुनेछन् र मन्त्रीहरू आफ्ना मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र संघीय संसदप्रति उत्तरदायी हुनेछन् ।

(५) देहायका अवस्थामा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुनेछः-

(क) राष्ट्राध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) निज संघीय संसदको सदस्य नरहेमाः वा

(ग) निजको मृत्यु भएमा

(घ) अविश्वासको प्रस्ताव पारित भएमा

(६) उप-प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन् :-
   (क) निजले प्रधानमन्त्री समक्ष लिखित राजीनामा दिएमा,
   (ख) उपधारा (५) बमोजिम प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएमा,
   (ग) प्रधानमन्त्रीले निजलाई पदमुक्त गरेमा, वा
   (घ) निजको मृत्यु भएमा ।

(७) उपधारा (५) बमोजिम प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएपनि अर्को मन्त्रिपरिषद् गठन नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गरी रहनेछ ।

(८) प्रधानमन्त्रीको मृत्यु भएमा नयाँ प्रधानमन्त्रीको चयन नभएसम्मको लागि उपप्रधानमन्त्री वा वरिष्ठतम मन्त्रीले प्रधानमन्त्रीको रूपमा कार्य सञ्चालन गर्नेछ ।

४४. <u>राज्यमन्त्री र सहायक मन्त्री :</u>

(१) प्रधानमन्त्रीले सघीय संसदको सदस्यहरू मध्येबाट राज्यमन्त्री नियुक्त गर्न सक्नेछ ।

(२) प्रधानमन्त्रीले कुनै मन्त्रीलाई निजको कार्यभार सञ्चालनमा सहायता गर्न सघीय संसदको सदस्यहरू मध्येबाट सहायक मन्त्री नियुक्त गर्न सक्नेछ ।

४५. <u>सघीय संसदको सदस्य नभएको व्यक्ति मन्त्री पदमा नियुक्त हुन सक्ने :</u> धारा ४३ र ४४ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रधानमन्त्रीले संघीय संसदको सदस्य नभएको कुनै व्यक्तिलाई उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री पदमा नियुक्त गर्न सक्नेछ ।

४६. <u>पारिश्रमिक तथा अन्य सुविधाहरू :</u> प्रधानमन्त्री, उप-प्रधानमन्त्री, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारण हुनेछ । सो बमोजिम ऐनद्वारा निर्धारण नभएसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

४७. <u>शपथ :</u> प्रधानमन्त्रीले राष्ट्राध्यक्ष समक्ष र उपप्रधानमन्त्री, मन्त्री, राज्य मन्त्री तथा सहायक मन्त्रीले प्रधानमन्त्री समक्ष आफ्नो पद र गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।



४८. <u>नेपालको सघीय सरकारको कार्य सञ्चालन :</u>

(१) नेपालले संघीय सरकारबाट स्वीकृत नियमावली बमोजिम नेपालको संघीय सरकारको कार्य विभाजन र कार्य सम्पादन हुनेछ ।

(२) उपधारा (१) अन्तर्गतको नियमावलीको पालना भयो वा भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन सकिने छैन ।

४९. <u>मन्त्री परिषद्को गठन प्रकृया :</u>

(१) प्रतिनिधिसभामा बहुमत प्राप्त दलको नेतालाई राष्ट्राध्यक्षले प्रधानमन्त्री पदमा नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधि सभामा कुनै एक दलले स्पष्ट बहुमत प्राप्त गर्न नसकेको अवस्थामा दुई वा दुई भन्दा बढी दलको सर्मथनबाट बहुमत प्राप्त नेतालाई प्रधानमन्त्रीको पदमा नियुक्ति गर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम बहुमत प्राप्त गर्न नसकेमा प्रतिनिधिसभामा तत्काल कायम रहेका संसदीय दलहरू मध्ये सबभन्दा ठूलो संसदीय दलको नेतालाई प्रधान मन्त्री पदमा नियुक्ति गर्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले निज नियुक्त भएको मितिले तीस दिन भित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नु पर्नेछ ।

(५) उपदफा (४) अनुसार विश्वासको मत प्राप्त गर्न नसकेमा र उपदफा (२) बमोजिम सरकार गठन हुन नसक्ने यकिन भएमा राष्ट्राध्यक्षले संघीय संसदको प्रतिनिधिसभालाई भंग गरी त्यसरी भंग गरेको छ महिनाभित्र मध्यावधि चुनावको घोषणा गर्नेछ ।

५०. <u>प्रधानमन्त्री र अन्य मन्त्रीहरूको जवाफदेहिता :</u> प्रधानमन्त्री र अन्य मन्त्रीहरू संघीय संसद प्रति सामूहित उत्तरदायी हुनेछन् र मन्त्रीहरू आफ्ना मन्त्रालयको कामका लागि व्यक्तिगत रुपमा प्रधान मन्त्री र संघीय संसदप्रति उत्तर दायी हुनेछन् ।

# भाग ६
## संघीय व्यवस्थापिका

५१. संघीय संसदको गठन : राष्ट्राध्यक्ष, प्रतिनिधि सभा र संघीय सभा नामका दुई सदन सहितको एक व्यववस्थापिका हुनेछ जसलाई संघीय संसद भनिनेछ ।

५२. संघीय संसदको अधिकार : संघीय संसदको व्यवस्थापकीय अधिकार यस संविधानको अधीनमा रही र यस संविधान बमोजिम बाहेक अनुसूचि (१) को संघीय सूचि र साझा सूचिमा उल्लिखित विषयमा सीमित रहनेछ ।

५३. प्रतिनिधि सभाको गठन :

(१) प्रतिनिधिसभामा कुल सदस्य संख्या ३०१ रहने छ । जसमध्ये प्रत्यक्ष निर्वाचनबाट २४० र समानुपातिकबाट ६१ स्थान हुनेछ । प्रतिनिधि सभाको निर्वाचन बालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा गरिनेछ । प्रतिनिधिसभाको गठन क्षतिपूर्तीय मिश्रित प्रणालीद्वारा गरिने छ ।

(२) प्रतिनिधि सभाका सदस्यहरूको निर्वाचनका लागि १२० निर्वाचन क्षेत्रहरू कायम गरी हरेक निर्वाचन क्षेत्रबाट १ महिला र १ पुरुष गरी हरेक निर्वाचन क्षेत्रबाट २ जना निर्वाचित हुनु पर्नेछ ।

(३) प्रतिनिधिसभाको निर्वाचनको निमित्त राजनीतिक दलले उम्मेदवारी दिँदा जातीय जनसंख्याको आधारमा मधेसी, दलित, आदिवासी जनजाति, पिछडिएका वर्ग, क्षेत्र र अल्पसंख्यक समुदायबाट समानुपातिक प्रतिनिधित्व गराउनु पर्नेछ ।

(४) प्रतिनिधिसभाको निर्वाचन परिणाम आएपछि प्रत्येक दलले प्राप्त मत प्रतिशतको आधारमा पाउने क्षतिपूर्ति बापतको प्राप्त हुने ६१ सीट संख्यामा निर्वाचनबाट प्रतिनिधित्व नपाएका अल्पसंख्यक, सीमान्तकृत, वहिष्करण भएका समुदायबाट प्रतिनिधित्व गराइने छ ।

(५) यस संविधान बमोजिम अगावै विघटन भएमा बाहेक प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुनेछ । तर देशमा संकटकालीन स्थितिको घोषणा लागू भएको अवस्थामा एक वर्षमा नबढ्ने गरी ऐनद्वारा प्रतिनिधि सभाको कार्यकाल बढाउन सकिने छ ।



(६) उपधारा (५) बमोजिम थप गरिएको प्रतिनिधि सभाको कार्यकाल संकटकालीन स्थितिको घोषणा खारेज भएको मितिले छ महिना पुगेपछि स्वत : समाप्त हुनेछ ।

(७) यस संविधानको अधीनमा रही प्रतिनिधि सभाको सदस्यहरूको निर्वाचनमा प्रत्येक मतदाताले एक मत महिला उमेदवारको लागि र एक मत पुरुष उमेदवारको लागि प्रयोग गर्नु पर्नेछ ।

(८) १६ वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ ।

(९) प्रतिनिधि सभाको सदस्यको लागि निर्वाचनमा मतदान गर्न अधिकार पाएको कुनैपनि व्यक्ति प्रचलित कानुनको अधीनमा रही आफ्नो निर्वाचन क्षेत्रबाट मात्र उम्मेदवार हुन पाउनेछ ।

(१०) प्रतिनिधि सभाको कार्यकाल बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा सो रिक्त स्थानको पूर्ति उपनिर्वाचनद्वारा गरिनेछ ।

(११) यस धारामा लेखिएका कुराहरूका अधीनमा रही प्रतिनिधि सभाको निर्वाचन र सो सम्वन्धी अन्य कुरा कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

५४. संघीय सभाको गठन र सदस्यहरूको पदावधि :

(१) संघीय सभामा देहाय बमोजिमको ६० सदस्यहरू रहनेछन् ।

क) प्रत्येक प्रान्तमा जनप्रतिनिधिसभा, र प्रान्तीय सभाका कुल सदस्यहरूद्वारा एकल संक्रमणीय मतको आधारमा कानुनमा व्यवस्था भए अनुसार निर्वाचित हुने २ महिला तथा २ पुरुष गरी जम्मा ४ जना सदस्यहरूको हिसाबले १२ प्रान्तको कुल ४८ जना हुनेछन ।

ख) अल्पसंख्यक तथा सीमान्तकृत समुदाय– दलित, यौनिक तथा लैंगिक अल्पसंख्यक, र अपाँगसमुदायको प्रतिनिधित्व सुनिश्चित गर्न संघीय सरकारले मनोनित गरेका १२ जना ।

२) संघीय सभा एक स्थायी सदन हुनेछ । यस सदनका एक-तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुनेछ ।

३) संघीय सभाका सदस्यहरूको पदावधि छ वर्षको हुनेछ तर यो संविधान प्रारम्भ भएपछि पहिलोपटकलाई सदस्यहरूको पदावधि कायम गर्दा गोला हाली एक-तिहाईको दुईवर्ष, एक-तिहाईको चार वर्ष र बाँकी एक तिहाईको छ वर्षको पदावधि कायम गरिनेछ ।

४) संघीय सभाको प्रथम बैठक बसेको दिनबाट सो सदनको पूर्ति हुन बाँकी समेत सम्पूर्ण सदस्यहरूको पदावधि प्रारम्भ भएको मानिनेछ ।

५) संघीय सभाको रिक्त हुन आउने स्थानको पूर्ति सो स्थान रिक्त गर्ने सदस्यको निर्वाचन वा मनोनयन जुन तरिकाले भएको हो सोही तरिकाले निर्वाचन वा मनोनयनद्वारा गरिनेछ ।

६) संघीय सभाको कुनै सदस्यको पदावधि बाँकी छँदै निजको स्थान रिक्त भएमा बाँकी पदावधिको लागि सो स्थानको पूर्ति उपधारा (५) बमोजिम निर्वाचन र मनोनयनद्वारा गरिनेछ ।

५५. संघीय संसद सदस्यका लागि योग्यता :

१) संघीय संसदको सदस्य हुनका लागि कुनैपनि व्यक्ति :

क) नेपालको नागरिक हुनुपर्छ ।

ख) प्रतिनिधि सभाका लागि २५ वर्ष वा संघीय सभाको लागि ३५ वर्ष उमेर पुरा भएको हुनुपर्छ ।

ग) कुनै कानुनले अयोग्य हुनुहुँदैन ।

घ) कुनै लाभको पद धारण गरेको हुनुहुदैन ।

**स्पष्टीकरण :** यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुबिधा पाउने अन्य पद सम्झनु पर्छ ।

२) कुनैपनि व्यक्ति एकै पटक दुवै सदनको सदस्य हुन सक्नेछैन ।

५६. सदस्यको अयोग्यता सम्वन्धी निर्णय : संघीय संसदको कुनै सदस्य धारा ५५ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय नेपालको प्रधान न्यायधीश वा निजले तोकेको सर्वोच्च अदालतको अन्य न्यायाधीशले गर्नेछ ।

५७. स्थानको रिक्तता : संसदको सदस्यको स्थान देहायका अवस्थामा रिक्त हुनेछ ।

क) निजको मृत्यु भएमा; वा

ख) निजले लिखित राजीनामा दिएमा ; वा

गं) धारा ५५ अनुसार निजको योग्यता नभएमा वा नरहेमा ; वा

घ) सदनको कार्याकाल समाप्त भएमा ; वा

ङ) सम्बन्धित सदनको स्वीकृति नलिई लगातार तीसवटा बैठकमा अनुपीस्थत रहेमा; वा



च) जुन दलको उम्मेदवार भई सदस्य निर्वाचित भएको हो सो दलले कानुनमा व्यवस्था भए बमोजिम निजले दल त्याग गरेका कुरा सूचित गरेमा ।

५८. शपथ : संसदको प्रत्येक सदनका सदस्यहरूले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलोपटक भाग लिनु अघि निर्धारित रूपमा शपथ लिनु पर्नेछ ।

५९. प्रतिनिधि सभाको सभामुख र उपसभामुख :

(१) प्रतिनिधि सभाले यथाशीघ्र आफ्ना सदस्यहरू मध्येबाट एक जना सभामुख र एक जना उप-सभामुखको निर्वाचन गर्नेछ । सभामुख वा उप-सभामुखको पद रिक्त भएमा प्रतिनिधिसभाले आफ्ना सदस्यहरू मध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ ।

(२) प्रतिनिधि सभाका सभामुखको अनुपस्थितिमा उप-सभामुखले प्रतिनिधिसभाको अध्यक्षता गर्नेछ ।

(३) प्रतिनिधि सभाको सभामुख र उप-सभामुखको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रतिनिधिसभाको बैठकको अध्यक्षता उपस्थित सदस्यहरू मध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्नेछ ।

(४) प्रतिनिधि सभाको सभामुख वा उप-सभामुखको पद देहायको अवस्थामा रिक्त हुनेछः

(क) निज प्रतिनिधि सभाको सदस्य नरहेमा; वा (तर यस संविधान बमोजिम प्रतिनिधि सभा विघटन भएको अवस्थामा आफ्नो पदमा बहाल रहेका सभामुख र उप-सभामुख प्रतिनिधि सभाका लागि हुने निर्वाचनको उम्मेदवारी दाखिला गर्ने दिन सम्म आफ्नो पदमा कायम रहने छन् ।)

(ख) निजले आफ्नो पदबाट लिखित राजीनामा दिएमा वा

(ग) निजले पद अनुकुल आचारण गरेको छैन भन्ने प्रस्ताव प्रतिनिधि सभाका सम्पूर्ण सदस्य संख्याको दुइ- तिहाइ बहुमतबाट पारित भएमा ।

(५) प्रतिनिधि सभाको सभामुखले पद अनुकुलको आचारण गरेको छैन भन्ने प्रस्ताव उपर हुने छलफल हुने बैठकको अध्यक्षता उप-सभामुखले गर्नेछ । सो प्रस्तावको छलफलमा सभामुखले भाग लिन र मत दिन पाउनेछ ।

६०. संघीय सभाका अध्यक्ष र उपाध्यक्ष :

(१) पहिलो पटक अधिवेशन प्रारम्भ भए पछि संघीय सभाले यथाशीघ्र आफ्ना सदस्यहरू मध्येबाट एक जना अध्यक्ष र एक जना उपाध्यक्षको निर्वाचन गर्नेछ। अध्यक्ष वा उपाध्यक्षको पद रिक्त भएमा संघीय सभाले आफ्ना सदस्यहरूमध्ये बाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ।

(२) संघीय सभाको अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले संघीय सभाको अध्यक्षता गर्नेछ।

(३) संघीय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन नभएको वा दुबै पद रिक्त भएको अवस्थामा संघीय सभाको बैठकको अध्यक्षता उपस्थित सदस्यहरू मध्ये उमेरको हिसावले ज्येष्ठ सदस्यले गर्नेछ।

(४) संघीय सभाको अध्यक्ष वा उपाध्यक्षको पद देहायको अवस्थामा रिक्त हुनेछ।

क) नीज संघीय सभाको सदस्य नरहेमा वा

ख) निजले आफ्नो पदवाट लिखित राजीनामा दिएमा वा

ग) निजले पद अनुकुल आचारण गरेको छैन भन्ने प्रस्ताव संघीय सभाको सम्पूर्ण सदस्य सख्याको दुइ-तिहाइ बहुमतबाट पारित भएमा।

(५) संघिय सभाको अध्यक्षले पदअनुकुल आचारण गरेको छैन भन्ने प्रस्तावउपर छलफल हुने बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ। सो प्रस्तावको छलफलमा अध्यक्षले मत दिन र भाग लिन पाउनेछ।

६१. अधिवेशनको आव्हान र समापन तथा प्रतिनिधि सभाको विघटन :

(१) राष्ट्राध्यक्षबाट प्रतिनिधि सभाका लागि निर्वाचन भएको एक महिना भित्र संसदको अधिवेशन आव्हान गरिनेछ। त्यसपछि यस संविधान बमोजिम राष्ट्राध्यक्षबाट समय समयमा अन्य अधिवेशन आव्हान गरिनेछ। तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि ६ महिना भन्दा बढि हुने छैन।

२) राष्ट्राध्यक्षबाट संसदको दुबै वा कुनै सदनको अधिवेशनको अन्त गर्न सक्नेछ।

३) राष्ट्राध्यक्षबाट प्रतिनिधि सभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन बाञ्छनीय छ भनी प्रतिनिधि सभाको सम्पूर्ण सदस्य सख्याको एक- चौथाइ सदस्यहरूले समावेदन गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने



मिति र समय तोकिनेछ। र त्यसरी तोकिएको मिति र समयमा प्रतिनिधि सभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्नेछ।

४) राष्ट्राध्यक्षबाट प्रधान मन्त्रीको सिफारिसमा प्रतिनिधि सभाको विघटन गर्न सक्नेछ। त्यसरी प्रतिनिधि सभा विघटन गर्दा ६ महिना भित्र नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन हुने मिति समेत तोकिनेछ।

६२. राष्ट्राध्यक्षबाट सम्बोधन तथा सन्देश:

(१) राष्ट्राध्यक्षबाट संसदको कुनै वा दुबै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न र त्यसको निमित्त सदस्यहरूको उपस्थिति समावेश गर्न सक्नेछ।

(२) राष्ट्राध्यक्षबाट प्रतिनिधि सभाका लागि भएको निर्वाचन पछिको पहिलो अधिवेशन र प्रत्येक सालको पहिलो अधिवेशनको प्रारम्भ भएपछि संसदको दुबै सदनको संयुक्त बैठकलाई सम्बोधन गरिनेछ।

(३) राष्ट्राध्यक्षबाट संसदको दुबै वा कुनै सदनलाई सन्देश पठाउन सकिनेछ। त्यस्तो सन्देश प्राप्त गर्ने सदनले सो सन्देशमा उल्लिखित विषयमाथि यथाशीघ्र विचार गरी आफ्नो राय राष्ट्राध्यक्षमा पेश गर्नेछ।

६३. गणपूरक संख्या : यस संविधानमा अन्यथा लेखिएकामा बाहेक संसदको कुनै पनि सदनको बैठकमा सो सदनको सम्पुर्ण सदस्य संख्याको एक-चौथाइ सदस्य उपस्थित नभए सम्म कुनै प्रश्न निर्णयका लागि प्रस्तुत हुनेछैन।

६४. बहसमा बन्देज :

(१) नेपालको कुनै अदालत समक्ष विचाराधिन रहेको कुनै मुद्दा सम्बन्धी कुरामा संसदको कुनै सदनमा छलफल गर्न पाइने छैन।

(२) कुनै न्यायधीशले आफ्नो कर्तव्य पालनको सिलसिलामा गरेको कुनै कार्य सम्वन्धमा संसदको कुनै सदनमा छलफल गर्न पाइने छैन। तर महाभियोगको प्रस्तावमा छलफल गर्दा न्यायधीशको आचारणको सम्बन्धमा कुनै कुरा व्यक्त गर्न यस उपाधाराले बाधा पुऱ्याएको मानिने छैन।

६५. सदस्यको स्थान रिक्त रहेको अवस्थामा सदनको कार्य सन्चालन : संसदका कुनै सदनको कुनै सदस्यको स्थान रिक्त छ भने पनि

सदनले आफ्नो कार्य सञ्चालन गर्न सक्नेछ र संसदको कुनै सदनको कारवाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि भैसकेको कार्य अमान्य हुने छैन ।

६६. मतदान : यस संविधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक संसदको कुनै सदनमा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रश्नको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ । अध्यक्षता गर्ने व्यक्तिलाई सामान्यतया मत दिने अधिकार हुने छैन तर मत बराबर भएमा निजले आफ्नो निर्णायक मत दिनेछ ।

६७. विश्वासको मत :

(१) प्रधान मन्त्रीले आफ्नो कार्यकाल भित्र कुनै बखत आफूमाथि प्रतिनिधि सभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतको लागि प्रतिनिधि सभामा प्रस्ताव राख्न सक्नेछ ।

(२) प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको एक-चौथाइ सदस्यले प्रधान मन्त्री उपर प्रतिनिधि सभाको विश्वास छैन भनी लिखित रूपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन् तर एक अधिवेशनमा एक पटक भन्दा बढी अविश्वासको प्रस्ताव पेश गर्न सकिनेछैन ।

(३) उपाधारा १) र २) बमोजिमको प्रस्तावको निर्णय प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट हुनेछ ।

६८. मन्त्रीले दुवै सदनको बैठकमा भाग लिन पाउने : मन्त्रीले संसदको कुनै पनि सदन वा त्यसको समितिमा उपस्थित हुन र कारवाइ तथा छलफलमा भाग लिन पाउनेछ । तर आफू सदस्य नभएको सदन वा त्यसको समितिमा मतदान गर्न पाउने छैन ।

६९. अनाधिकार उपस्थित भएमा वा मतदान गरेमा सजाँय : यस संविधान बमोजिम शपथ नलिई वा सदनको सदस्यताको निमित्त आवश्यक योग्यताको अभाब छ भन्ने थाहा पाउदा पाउदै पनि कुनै व्यक्ति सदस्यको हैसियतले संघीय वा कुनै सदनको बैठकमा उपस्थित भएमा वा निजले मतदान गरेमा नीजलाई सो सदनको अध्यक्षता गर्ने व्यक्तिको आदेशले त्यसरी उपस्थित भएको वा मतदान गरेको प्रत्येक दिनको पाँच हजार रुपैयाको दरले सजाय हुनेछ। सो सजाय सरकारी बाँकी सरह असुलउपर गरिने छ।



**७०. विशेषाधिकार :**

(१) यस संविधानको अधीनमा रही संघीय संसदको दुबै सदनमा पूर्ण वाकस्वतन्त्रता रहनेछ र सदनमा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गर्न, थुनामा राख्न वा निजउपर अदालतमा कुनै कारवाही चलाइने छैन ।

(२) यस संविधानको अधीनमा रही संघीय संसदको प्रत्येक सदनलाई आफ्नो आन्तरिक काम कारवाही नियमित गर्ने पूर्ण अधिकार रहनेछ र सदनको कुनै कारवाही नियमित वा अनियमित के छ भनी निर्णय गर्ने अधिकार सम्वन्धित सदनलाई मात्र हुनेछ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन ।

(३) यस संविधानको अधीनमा रही संघीय संसदको कुनै सदनको कुनै पनि कारवाहीलाई त्यसको असल नियत बारे शंका उठाई कुनै टीका-टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी–जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन गरिने छैन ।

(४) यस संविधानको अधीनमा रही उपधारा १) र ३) को व्यवस्था सदनको बैठकमा भाग लिन पाउने सदस्य बाहेकका अन्य व्यक्तिका हकमा पनि लागू हुनेछ ।

(५) यस संविधानको अधीनमा रही संघीय संसदको कुनै सदनले दिएको अधिकार अन्तर्गत कुनै लिखित, प्रतिवेदन, मतदान वा कारबाही प्रकाशित गरेका विषयलाई लिएर कुनै व्यक्ति उपर अदालतमा कारबाही चल्ने छैन ।

**स्पष्टीकरण :** यो उपधारा र उपधारा १),२), ३) र ४) को प्रयोजनको लागि “सदन ” भन्नाले सदनको समितिलाई समेत सभ्भनु पर्छ र सो शब्दले संघीय संसदको संयुक्त बैठक वा संयुक्त समितिको बैठकलाई समेत जनाउँछ ।

(६) संघीय संसदको कुनै पनि सदस्यलाई अधिवेशन बोलाइएको सूचना जारी भएपछि अधिवेशन चलुञ्जेलसम्को अवधिभर पक्राउ गरिने छैन ।

तर कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई कानुन अनुसार पक्राउ गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन । त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनु पर्नेछ ।

(७) संघीय संसदको कुनै सदनको विशेषाधिकारको हननलाई संसदको अवहेलना मानिनेछ र कुनै विशेषाधिकारको हनन भएको छ वा छैन भन्ने निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र हुनेछ ।

(८) कसैले संघीय संसदको कुनै सदनको अवहेलना गरेमा सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिले सदनको निर्णयबाट सो व्यक्तिलाई सचेत गराउन, नसीहत दिन वा तीन महिनामा नबढ्ने गरी सो सदनको अधिवेशन चलुन्जेलसम्म कैद गर्न वा पाँच हजर रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । त्यस्तो जरिवाना सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

तर सदनलाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा सदनले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई मफी गर्न वा घटाउन सक्नेछ ।

९) यस संविधानमा उल्लेख गरिएदेखि बाहेक विशेषाधिकार सम्बन्धी अन्य कुराहरू कानुनद्वारा निर्धारित गरिए बमोजिम हुनेछन् ।

७१. कार्य सञ्चालन विधि :

(१) यस संविधानको अधीनमा रही संघीय संसदको प्रत्येक सदनले अफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरूको गठन, काम, कारवाही र कुनै सदन वा समितिको अन्य कुरा नियमित गर्नको लागि नियमावली बनाउनेछ । त्यस्तो नियमावली राष्ट्राध्यक्ष बाट स्वीकृत भएपछि लागू हुनेछ ।

(२) राष्ट्राध्यक्षबाट संसदको संयुक्त बैठकको कार्य सञ्चालन र संसदको संयुक्त समितिको गठन र काम कारवाही प्रतिनिधि सभाको सभामुख र संघीय सभाको अध्यक्षको सिफरिशमा बनाइएको नियमावली बमोजिम हुनेछ ।

(३) उपधारा १) र २) बमोजिमको नियमावली नबनेसम्म सो उपधारमा उल्लेख गरिएका कुराहरू राष्ट्राध्यक्षबाट बनाएको नियमावली बमोजिम हुनेछन् ।

७२. समिति : प्रतिनिधि सभाले अर्थ, सार्वजनिक लेखा, मानव अधिकार परराष्ट्र सम्बन्ध, प्राकृतिक स्रोत र साधन, वातावरण संरक्षण, जनसंख्या र आवश्यकतानुसार अन्य विषका समितिहरूको गठन र व्यवस्था नियमावली द्वारा गर्न सक्नेछ ।



७३. संयुक्त समिति :

(१) दुई सदनका बीचको कार्य प्रणलीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेका मतभिन्नता अन्त्य गर्न वा अन्य कुनै खास कार्यका लागि दुवै सदनको संयुक्त समिति गठन गरियोस् भनी कुनै सदनले प्रस्ताव पारित गरेमा संयुक्त समितको गठन गरिनेछ ।

(२) संयुक्त समितिमा प्रतिनिधि सभाको सदस्य दुईजना र संघीय सभाको सदस्य एकजनाका अनुपातमा बढीमा पन्ध्रजना सदस्यहरू रहने छन् ।

७४. संसदको सचिवालय :

(१) राष्ट्राध्यक्षबाट प्रतिनिधि सभाको सचिवलाई सो सभाको सभामुखको र संघीय सभाको सचिवलाई सो सभाको अध्यक्षको सिफारिसमा र संसदको महासचिवलाई सभामुख र अध्यक्ष दुवैसंग परामर्श गरी नियुक्त गरिनेछ ।

(२) संसदको काम कारवाही सञ्चालन गर्न आवश्यक सचिवालयको स्थापना र सो सम्बन्धी अन्य कुरा कानुनले निर्धारण गरे बमोजिम हुनेछ ।

७५. पारिश्रमिक : प्रतिनिधिसभाको सभामुख र उप-सभामुख, संघीय सभाको अध्यक्ष र उपाध्यक्ष तथा संसदका सदस्यहरूको पारिश्रमिक र सुविधा कानुनद्वारा निर्धारित हुनेछ र त्यसरी निर्धारित नभएसम्म राष्ट्राध्यक्षबाट तोकिए बमोजिम हुनेछ ।

# भाग ७
## संघीय व्यवस्थापन कार्यविधि

७६. विधेयक प्रस्तुत गर्ने विधि :

(१) संघीय संसदको कुनै पनि सदनमा विधेयक प्रस्तुत गर्न सकिनेछ। तर अर्थ विधेयक प्रतिनिधि सभामा मात्र प्रस्तुत गरिनेछ।

(२) अर्थ विधेयक, नेपाली सेना वा सशस्त्र प्रहरी सम्बन्धी विधेयक सरकारी विधेयकको रुपमा मात्र प्रस्तुत गरिनेछ र राष्ट्राध्यक्षको स्वीकृति लिएर मात्र त्यस्तो विधेयकमा संशोधन पेश गर्न सकिनेछ। त्यस्तो स्वीकृति सदनको अध्यक्षता गर्ने व्यक्ति मार्फत प्राप्त हुनेछ।

(३) 'अर्थ विधेयक' भन्नाले देहायमा उल्लिखित सबै वा कुनै बिषयसित सम्बन्ध राख्ने विधेयकलाई जनाउँछ।

(क) संघीय कर लगाउने, उठाउने, खारेज गर्ने, छुट दिने, परिवर्तन वा कर प्रणालीलाई व्यवस्थित गर्ने विषय।

(ख) संघीय सञ्चित कोष वा अन्य कुनै संघीय सरकारी कोषको संरक्षण गर्ने, त्स्तो कोषमा रकम जम्मा गर्ने वा त्यस्तो कोषकाट कुनै रकम विनियोजन वा खर्च गर्न खोजिएको रकम घटाउने, बढाउने वा खारेज गर्ने विषय।

(ग) संघीय सरकारले ऋण प्राप्त गर्ने वा जमानत दिने विषय व्यवस्थित गर्ने वा संघीय सरकारले लिएको वा लिने आर्थिक दायित्व सम्बन्धी कानुन संशोधन गर्ने विषय।

(घ) संघीय सरकारी कोषमा प्राप्त हुने सबै प्रकारको राजस्व, ऋण असुलीबाट प्राप्त रकम र अनुदानको रकम जिम्मा राख्ने, लगानी गर्ने वा संघीय सरकारको लेखाको लेखा परीक्षण गर्ने विषय। वा

(ङ) उपर्युक्त विषयहरूसँग प्रत्यक्ष सम्बन्ध भएका प्रासंगिक विषयहरू।

(४) कुनै विधेयक अर्च विधेयक हो होइन भन्ने प्रश्न उटेमा सभामुखको निर्णय अन्तिम हुनेछ।



७७. विधेयक पारित गर्ने विधि :

(१) संघीय संसदको एउटा सदनले पारित गरेको विधेयक यथाशीघ्र अर्को सदनमा पठाइनेछ र सो सदनले पारित गरेपछि स्वीकृतिको लागि राष्ट्राध्यक्ष समक्ष पेश गरिनेछ।

(२) प्रतिनिधिसभाले पारित गरेको अर्थ विधेयक संघीय सभामा पठाइनेछ। संघीय सभाले सो विधेयकमा छलफल गरी विधेयक प्राप्त गरेको पन्ध्र दिन भित्र कुनै सुझाव भए सुझाव सहित प्रतिनिधिसभामा फिर्ता पठाउनु पर्छ।

(३) उपधारा (२) बमोजिम सुझाव सहित फिर्ता आएको विधेयकमा प्रतिनिधि सभाले छलफल गरी उचित देखेको सुझाव समावेश गरी स्वीकृतिको लागि राष्ट्राध्यक्ष समक्ष पेश गर्ने छ।

(४) उपधारा (२) बमोजिम अर्थ विधेयक प्राप्त गरेको पन्ध्र दिनसम्ममा राष्ट्रिय सभाले सो विधेयक फिर्ता गरेन भने पनि प्रतिनिधिसभाले स्वीकृतिको लागि राष्ट्राध्यक्ष समक्ष पेश गर्न सक्नेछ।

(५) प्रतिनिधिसभाले पारित गरी संघीय सभामा पठाएको अर्थ विधेयक बाहेक अन्य विधेयक संघीय सभाले आफूसमक्ष प्राप्त भएको दुई महिनाभित्र पारित गरी वा सुझाव सहित फिर्ता पठाउनु पर्नेछ। उक्त समयावधिभित्र संघीय सभाले सो विधेयक फिर्ता गरेन भने पनि प्रतिनिधिसभाले तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरूको निर्णयबाट सो विधेयक स्वीकृतिको लागि राष्ट्राध्यक्ष समक्ष पेश गर्न सक्नेछ।

(६) कुनै सदनले पारित गरेको विधेयक अर्को सदनले अस्वीकृत गरेमा वा संशोधनसहित पारित गरेमा सो विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउनु पर्छ।

(७) उपधारा (६) अनुसार संघीय सभाबाट अस्वीकृत भई वा संशोधन सहित प्रतिनिधि सभामा फिर्ता आएको विधेयकउपर विचार गरी प्रतिनिधि सभाको तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरूले प्रस्तुत रुपमा वा संशोधन सहित पुनः पारित गरेमा सो विधेयक स्वीकृतिको लागि राष्ट्राध्यक्ष समक्ष पेश गरिनेछ।

(८) उपधारा (६) अनुसार प्रतिनिधिसभाबाट संशोधन सहित संघीय सभामा फिर्ता आएको विधेयक संघीय सभाले पनि सो संशोधन सहित पारित गरेमा स्वीकृतिको लागि राष्ट्राध्यक्ष समक्ष पेश गरिनेछ।

(९) देहायको विधेयक दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत गरिनेछ। संयुक्त बैठकले विधेयकलाई प्रस्तुत रुपमा वा संशोधन सहित पारित गरेमा विधेयक उत्पत्ति भएको सदनले स्वीकृतिका लागि राष्ट्राध्यक्ष समक्ष पेश गर्नेछ।

(क) संघीय सभाले पारित गरेको तर प्रतिनिधिसभाले अस्वीकार गरेको; वा

(ख) प्रतिनिधिसभाले संशोधन सहित संघीय सभामा फिर्ता पठाएको, तर संघीय सभाले सो संशोधनमा सहमत हुन नसकेको।

(१०) कुनै विधेयक विचाराधीन रहको अवस्थामा सदनको अधिवेशनको अन्त भए पनि सो विधेयकमाथि आगामी अधिवेशनमा कारवाई हुन सक्नेछ।

तर कुनै विधेयक प्रतिनिधिसभामा प्रस्तुत भई विचाराधीन रहेको वा सो सदनले पारित गरी संघीय सभामा पठाएको तर सो सदनमा विचाराधीन रहेको अवस्थमा प्रतिनिधिसभा विघटन भएमा वा सो सदनको कार्यकाल समाप्त भएमा त्यस्तो विधेयक निष्क्रिय भएको मानिनेछ।

७८. <u>विधेयक फिर्ता लिने :</u> विधेयेक प्रस्तुतकर्ता सदस्यले सदनको स्वीकृति लिई विधेयक फिर्ता लिन सक्नेछ।

७९. <u>विधेयकमा स्वीकृति :</u>

(१) राष्ट्राध्यक्षको स्वीकृतिको लागि धारा ७७ बमोजिम पेश गरिने विधेयक उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्षले आफ्नो हस्ताक्षरले प्रमाणित गरी पेश गर्नु पर्छ।

तर अर्थ विधेयकका हकमा अर्थ विधेयक हो भनी सभामुखले प्रमाणित गर्नु पर्दछ।

(२) यस धारा बमोजिम स्वीकृतिको लागि राष्ट्राध्यक्ष समक्ष पेश भएको विधेयकमा स्वीकृति प्राप्त भएपछि त्यसको सूचना यथासम्भव चाँडो दुवै सदनलाई दिइनेछ।

(३) अर्थ विधेयक बाहेक अन्य विधेयकको सम्बन्धमा पुनः विचारविमर्श हुनु आवश्यक छ भन्ने राष्ट्राध्यक्षलाई लागेमा निजबाट विधेयक पेश भएको एक महिनाभित्र सन्देश सहित विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउन सकिनेछ।

(४) राष्ट्राध्यक्षबाट कुनै विधेयक सन्देशसहित फिर्ता भएकोमा विधेयकमाथि दुवै सदनको सयुक्त बैठकमा पुनर्विचारपछि सो विधेयक प्रस्तुत रुपमा वा संशोधन सहित पारित भई पुनः पेश भएमा त्यसरी पेश भएको तीस दिन भित्र राष्ट्राध्यक्षबाट स्वीकृति प्रदान गरिनेछ।

(५) राष्ट्राध्यक्षबाट यो धारा बमोजिन कुनै विधेयकमा स्वीकृति दिएपछि सो विधेयक ऐन बन्नेछ र विधेयकमा लालमोहर लागेपछि त्यस्तो स्वीकृति भएको मानिनेछ।

८०. <u>अध्यादेश :</u>

(१) संघीय संसदको दुवैसदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवशयक परेको छ भन्ने कुरामा राष्ट्राध्यक्ष सन्तुष्ट भएमा यस संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी राष्ट्राध्यक्षबाट आवश्यक ठानेको अध्यादेश जारी गर्न सक्ने छ।

(२) उपधारा (१) अनुसार जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ। तर यस्तो प्रत्येक अध्यादेश

(क) जारी भएपछि बसेको संसदको दुवै सदनमा पेश गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुनेछ।

(ख) राष्ट्राध्यक्षबाट जुनसुकै बखत खारेज हुन सक्नेछ र

(ग) खण्ड (क) र (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा जारी भएको छ महिनापछि वा दुवै सदनको बैठक बसेको साठी दिनपछि स्वतः निष्क्रिय हुनेछ।

**स्पष्टीकरण :** संघीय संसदका सदनहरूको बैठक अधिपछि गरी बसेमा यस उपधाराको प्रयोजनको लागि बैठक बसेको गणना गर्दा जुन सदनको बैठक पछि बसेको छ सो मितिबाट गरिनेछ।

# भाग ८

## संघीय आर्थिक कार्य प्रणाली

८१. कानुनबमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने :
(१) कानुन बमोजिमबाहेक कुनै कर लागाइने र उठाइने छैन ।
(२) कानुन बमोजिमबाहेक संघीय सरकारद्वारा कुनै ऋण लिइने र जमानत दिइने छैन ।

८२. संघीय संञ्चित कोष : गुठी रकम बाहेक संघीय सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जाहरू र ऐनको अधिकार अन्तर्गत दिइएको जनुसुकै ऋण असुल हुँदा प्राप्त भएको सवै धन ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक सरकारी कोषमा आम्दानी बाँधिनेछ जसलाई संघीय सञ्चित कोष भनिनेछ ।

८३. संघीय संञ्चित कोष वा संघीय सरकारी कोषबाट व्यय : देहायका रकम बाहेक संघीय सञ्चित कोष वा अन्य कुनै संघीय सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैन ।
(क) संघीय सञ्चित कोषमाथि व्ययभार भएको रकम
(ख) विनियोजन गर्ने ऐनद्वारा खर्च हुने रकम
(ग) विनियोजन विधेयक विचाराधीन रहेका अवस्थामा पेस्कीको रुपमा ऐनद्वारा खर्च हुने रकम वा
(घ) विशेष अवस्थामा व्ययको विवरण मात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकम
तर आकस्मिक कोषका हकमा धारा ९० बमोजिम हुनेछ ।

८४. संघीय सञ्चित कोषमाथि व्ययभार :
(१) देहायका विषयसंग सम्बन्धित खर्चहरू संघीय सञ्चित कोषमाथि व्ययभार हुनेछन् र यस्तो व्ययको लागि संसदको वार्षिक स्वीकृति आवश्यक पर्ने छैन ।
(२) राष्ट्राध्यक्षको खर्च सम्बन्धी ऐनद्वारा व्यवस्था गरिएको रकम ।
(३) नेपालको प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूलाई दिइने पारिश्रमिक, सुविधा र निवृत्तिभरणको रकम ।
(४) निम्नलिखित पदाधिकारीलाई दिइने पारिश्रमिक र सुविधाका रकमहरू ।



(क) प्रतिनिधि सभाका सभामुख र उप-सभामुख
(ख) संघीय सभाका अध्यक्ष र उपध्यक्ष
(ग) अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र अन्य अयुक्तहरू
(घ) महालेखा परीक्षक
(ङ) लोकसेवा आयोगका अध्यक्ष र सदस्यहरू र
(च) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरू
(५) सर्वोच्च अदालत, अख्तियार दुरुपयोग अनुसन्धान अयोग, महालेखा परीक्षकको विभाग, लोकसेवा आयोग र निर्वाचन आयेग सम्बन्धी प्रशासनिक व्ययहरू ।
(६) संघीय सरकारको दायित्वको ऋण सम्बन्धी व्ययभार ।
(७) संघीय सरकारको विरुद्ध अदालतबाट भएको फैसला वा आज्ञप्ति अनुसार तिर्नु पर्ने रकम र
(८) कानुनले संघीय सञ्चित कोषमाधि व्ययभार हुने भनी निधो गरेको रकम ।

८५. राजस्व र व्ययको अनुमान :
(१) राष्ट्राध्यक्षबाट प्रत्येक आर्थिक वर्षको सम्बन्धमा सदनहरूको संयुक्त बैक समक्ष दहायका कुराहरू समेत खुलाई वार्षिक अनुमान पेश गर्न लगाउनसक्नेछ ।
(क) राजस्वको अनुमान
(ख) संघीय सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू र
(ग) विनियोजन ऐनद्वारा व्यय हुने आवश्यक रकमहरू ।
(२) उपधारा (१) अनुसार वार्षिक अनुमान पेश गर्दा गत आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र सो खर्च अनुसारको लक्ष्य हासिल भयो भएन त्यसको विवरण पनि साथै पेश गर्नु पर्नेछ ।

८६. विनियोजन ऐन : विनियोजन ऐन अनुसार व्यय हुने आवशयक रकम शीर्षकहरूमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिनेछन् ।

८७. पूरक अनुमान :
(१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा राष्ट्राध्यक्षबाट प्रतिनिधिसभा समक्ष पूरक अनुमान पेश गर्न लगाउने छ ।
(क) चालू आर्थिक वर्षका निमित्त विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अधिकार दिइएको रकम अपर्याप्त भएमा वा

त्यस वर्षको निमित्त विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न जरुरत परेमाः वा

(ख) त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा अधिकृत भएको रकमभन्दा बढी खर्च हुन गएमा ।

(२) पूरक अनुमानमा राखिएको रकम शीर्षकहरूमा निर्दिष्ट गरी पूरक विनियोजन विधेयकमा राखिनेछन् ।

८८. पेश्की खर्च :

(१) यस भागका जुनसुकै कुरा खेखिएको भए तापनि विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षका लागि अनुमान गरिएको व्ययको कुनै अंश अगावै पेस्कीका रुपमा ऐनद्वारा खर्च गर्न सकिनेछ ।

(२) धारा ८५ मा गरिएको व्यवस्था अनुसार राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेस्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेस्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको तृतीयांशभन्दा बढी हुने छैन ।

(३) पेस्की खर्च ऐन अनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ ।

८९. उधारो खर्च : यस भागमा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा बाह्य आक्रमणको आशङ्का वा आन्तरिक विघ्न वा अन्य कारणले गर्दा स्थानीय वा राष्ट्रव्यापी सङ्कटको अवस्था भएमा धारा ७७ अन्तर्गत चाहिने विवरण खुलाउन अव्यवहारिक वा राज्यको सुरक्षा वा हितका दृष्टिले अवाञ्छनीय देखिएमा राष्ट्राध्यक्षबाट व्ययको विवरण मात्र भएको उधारो खर्च विधेयक प्रतिनिधि सभा समक्ष पेश गर्न लगाउनसक्नेछ ।

९०. आकस्मिक कोष : ऐनद्वारा आस्मिक कोषका नामले एउटाकोष स्थापना गर्न सकिनेछ र उक्त कोषमा समय समयमा ऐनद्वारा निर्धारण भए अनुसारको रकम जम्मा गरिनेछ । सो कोष संघीय सरकारको नियन्त्रणमा रहनेछ । संघीय सरकारले सो कोषबाट आकस्मिक कार्यको लागि खर्च गर्न सक्नेछ । त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र शोधभर्ना गरिनेछ ।

९१. आर्थिक कार्यविधि सम्बन्धी ऐन : ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने कुरा र अरु आर्थिक कार्यविधि सम्बन्धी कुरा ऐनद्वारा व्यवस्थित हुनेछ ।



# भाग ९
# संघीय न्यायपालिका

९२. संघीय न्याय सम्बन्धी अधिकार :

(१) संघीय न्याय सम्बन्धी अधिकार यो संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्त अनुसार सर्वोच्च अदालत तथा अन्य न्यायिक निकायहरूबाट प्रयोग गरिनेछ ।

९३. अदालतहरू :

(१) नेपालमा संघीय कानुन अन्तर्गतका विवादहरू देहाय बमोजिमका अदालतहरूले कानुनमा व्यवस्था भए बमोजिम निरुपण गर्ने छन्:-

(क) सर्वोच्च अदालत,

(ख) प्रान्तीय उच्च अदालत, र

(ग) जिल्ला अदालत ।

(२) उपधारा (१) मा लेखिएदेखि बाहेक खास किसिम र प्रकृतिका संघीय कानुन अन्तर्गतका मुद्दाहरूको कारवाही र किनारा गर्न संघीय संसदले कानुनद्वारा अन्य अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सक्नेछ ।

तर कुनै खास मुद्दाका लागि अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको गठन गरिने छैन ।

९४. सर्वोच्च अदालत :

(१) संघीय न्याय प्रणालीको सबैभन्दा माथिल्लो तह सर्वोच्च अदालत हुनेछ ।

(२) सबै प्रान्तीय उच्च अदालत र न्यायिक निकायहरू संघीय कानुनसंग सम्बन्धित विवादहरूको न्याय निरुपण सम्बन्धमा सर्वोच्च अदालतको मातहतमा हुनेछन् । सर्वोच्च अदालतले आफ्नो मातहतका अदालत र न्यायिक निकायहरूको निरीक्षण एवं सुपरीवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ । यसले आफ्नो र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरूको अवहेलनामा कारवाही चलाई कानुन बमोजिम सजाय गर्न सक्नेछ ।

(४) यस संविधान र संघीय कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतमा निहित रहनेछ ।

(५) नेपालको प्रधान न्यायाधीशका अतिरिक्त सर्वोच्च अदालतमा बढीमा १३ जनासम्म अन्य न्यायाधीशहरू रहनेछन् । कुनै समयमा सर्वोच्च अदालतमा मुद्दाको संख्या बढ्न गई न्यायाधीशहरूको संख्या अपर्याप्त हुन गएमा कुनै निश्चित अवधिका लागि अस्थायी न्यायाधीश नियुक्त गर्न सकिनेछ ।

९५. <u>सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्ति र योग्यता :</u>

(१) राष्ट्राध्यक्षले संघीय संवैधानिक परिषद्को सिफारिसमा सर्वोच्च अदालतको प्रधान न्यायाधीश र संघीय न्यायपरिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको नियुक्ति गर्नेछ । प्रधान न्यायाधीशको पदावधि उपधारा ५ को अधीनमा रही नियुक्ति भएको मितिबाट छ वर्षको हुनेछ ।

(२) सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा पाच वर्ष काम गरेको व्यक्ति सर्वोच्च अदालतको प्रधान न्यायाधीशको पदमा नियुक्त हुन योग्य मानिनेछ ।

(३) प्रान्तीय उच्च अदालतको न्यायाधीश वा सो सरहको न्याय सेवाको कुनै पदमा ब्राह वर्ष वा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा कम्तीमा बाह्र वर्ष काम गरेको वा कानुनमा स्नातक अधिवक्ता वा वरिष्ठ अधिवक्ताको हैसियतमा कम्तीमा ब्राह वर्ष वकालत गरेको वा कम्तीमा बाह्र वर्षसम्म न्याय वा कानुनको क्षेत्रमा काम गरी विशिष्ठ कानुनविदका रूपमा ख्याति प्राप्त गरेको व्यक्तिमात्र सर्वोच्च अदालतका न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिनेछ ।

(४) प्रधान न्यायाधीशको पद रिक्त भएमा वा अन्य कुनै कारणले उपस्थित नहुने अवस्था परेमा सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीशले कायम मुकायम प्रधान न्यायाधीश भई काम गर्नेछ ।

(५) प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरू पैसट्ठी वर्षको उमेर नपुगेसम्म आफनो पदमा वहाल रहनेछन् ।

९६. <u>प्रधान न्यायाधीश तथा न्यायाधीशको सेवाका शर्त तथा सुविधा :</u>

(१) सर्वोच्च अदालतको प्रधान न्यायाधीश तथा कम्तीमा पाँच वर्ष काम गरेको सर्वोच्च अदालतको स्थायी न्यायाधीशले अवकाश प्राप्त गर्दा कानुनमा व्यवस्था भए बमोजिम निवृत्तिभरण पाउनेछन् ।



(२) यस संविधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक सर्वोच्च अदालतको प्रधान न्यायाधीश तथा न्यायाधीशको पारिश्रमिक, बिदा, भत्ता, निवृत्तिभरण र सेवाका अन्य शर्तहरू कानुनद्वारा व्यवस्थित हुनेछन् ।

(३) उपधारा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि महाभियोगद्वारा पदमुक्त भएको सर्वोच्च अदालतको प्रधान न्यायाधीश तथा न्यायाधीशले उपदान वा निवृत्तिभरण पाउने छैन ।

(४) सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीशलाई मर्का पर्ने गरी निजको पारिश्रमिक, सुविधा वा सेवाका अन्य शर्त बदलिने छैन ।

९७. <u>प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतको न्यायाधीश पद मुक्त हुने:</u>

(१) देहायको अवस्थामा प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको अन्य कुनै न्यायाधीश आफ्नो पदबाट मुक्त भएको मानिनेछः-

- (क) प्रधान न्यायाधीशले राष्ट्राध्यक्ष समक्ष र न्यायाधीशले प्रधान न्यायाधीश समक्ष लिखित राजीनामा दिएमा,
- (ख) निजको पैंसट्ठी वर्षको उमेर पूरा भएमा,
- (ग) प्रतिनिधिसभाबाट महाभियोगको प्रस्ताव पारित भएमा,
- (घ) निजको मृत्यु भएमा ।

(२) प्रधान न्यायाधीश वा अन्य कुनै न्यायाधीश कार्यक्षमताको अभाव, खराब आचरण, इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको, शारीरिक वा मानसिक कारणले कार्य सम्पादन गर्न असमर्थ भएको भन्ने आधारमा प्रतिनिधिसभामा महाभियोग प्रस्ताव प्रस्तुत गर्न सकिनेछ र सो प्रस्ताव तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा निज स्वतः पदमुक्त हुनेछ ।

(३) उपधारा (२) बमोजिम महाभियोगको कारवाही प्रारम्भ भएपछि सो कारवाहीको टुङ्गो नलागेसम्म आरोप लागेको प्रधान न्यायाधीश वा न्यायाधीशले आफ्नो पदको कार्य गर्ने छैन ।

९८. <u>प्रधान न्यायाधीश तथा न्यायाधीशलाई अन्य कुनै पदमा काममा लगाउन नहुने :</u>

(१) सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा न्यायाधीशलाई न्यायाधीशको पदमा बाहेक अन्य कुनै पदमा काममा लगाइने वा काजमा खटाइने छैन ।

तर संघीय सरकारले न्यायपरिषद्संग स्वीकृतिलिई सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीशलाई न्यायिक जाँचबुझको काममा वा केही खास अवधिको लागि कानुन वा न्याय सम्बन्धी अनुसन्धान, अन्वेषण वा राष्ट्र सरोकारको अन्य कुनै काममा जिम्मेवारी दिन सक्नेछ ।

(२) सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश भइसकेको व्यक्ति कुनै पनि सरकारी पदमा नियुक्तिको लागि ग्राह्य हुने छैन र निजले कुनै पनि अड्डा अदालतमा उपस्थि भई बहस पैरवी गर्न पाउने छैन ।

९९. <u>सर्वोच्च अदालतको अधिकार क्षेत्र :</u>

(१) यस संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएकाले वा अन्य कुनै कारणले कुनै कानुन यो संविधानसँग बाझिएको हुँदा सो कानुन वा त्यसको कुनै भाग बदर घोषित गरी पाउँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ र सो अनुसार कुनै कानुन संविधानसंग बाझिएको देखिएमा सो कानुनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ ।

(२) यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ । सो प्रयोजनको लागि पूर्णरूपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

तर अधिकार क्षेत्रको अभाव भएकोमा बाहेक सघीय तथा प्रान्तीय संसदले चलाएको विशेषाधिकारको कारवाही र तत्सम्बन्धमा तोकेको सजायमा यस उपधारा अन्तर्गत सर्वोच्च अदालतले हस्तक्षेप गर्ने छैन ।



(३) यस धाराको उपधारा (१) र (२) मा जेसुकै लेखिएको भए तापनि कुनै व्यक्तिले प्रान्तीय कानुन बदर गर्न वा प्रान्तीय सरकार विरुद्ध मौलिक हक वा कानुनी हक कार्यान्वयन गर्न सम्बन्धित प्रान्तीय उच्च अदालतमा निवेदन दिनु पर्ने छ र त्यस्ता निवेदन उपर सम्बन्धित प्रान्तीय उच्च अदालतको निर्णयमा चित्त नबुझे सवोच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

(४) सर्वोच्च अदालतले कानुनद्वारा तोकिएका अवस्था र शर्तमा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्नेछ । यसरी पुनरावलोकन गर्दा पहिला फैसला गर्दाका न्यायाधीश बाहेक अन्य न्यायाधीशले गर्नेछन् ।

(५) उपधारा ३ बमोजिमको प्राप्त अधिकार बाहेक सर्वोच्च अदालतले संविैधानिक तथा कानुनी विषय समावेश भएमा देहाएको मुद्दामा न्याय निरुपण गर्ने अन्तिम अधिकार हुनेछ ।

क अन्तर प्रान्तीय विवाद

ख संघीय सरकार र प्रान्तीय सरकारवीचको विवाद

ग अन्तराष्ट्रिय सन्धि, सम्झैता अन्तर्गतको विवाद

(६) सर्वोच्च अदालतको अन्य अधिकार तथा कार्यविधि कानुनद्वारा तोकिए बमोजिम हुनेछ ।

१००. <u>मुद्दा सार्न सक्ने :</u> कुनै अदालतमा दायर भएको मुद्दा सो अदालतबाट सुनुवाई हुँदा न्याय प्रभावित हुने अवस्था छ भन्ने कारणसंग सर्वोच्च अदालत सन्तुष्ट भएमा त्यस्तो मुद्दा समान तहको अन्य अदालतबाट सुनुवाई गर्न सर्वोच्च अदालतले आदेश दिन सक्नेछ ।

१०१. <u>प्रधान न्यायाधीशको जिम्मेवारी :</u> मुलुकको न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधान न्यायाधीशको हुनेछ र सो प्रयोजनको लागि निजले यस संविधान तथा अन्य संघीय कानुनको अधीनमा रही सर्वोच्च अदालत तथा मातहतका अदालतलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१०२. <u>संघीय न्यायपरिषद् :</u>

(१) यस संविधान बमोजिम सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्ति, अनुशासन सम्बन्धी कारबाही र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूको सिफारिश गर्न वा परामर्श दिन संघीय न्यायपरिषद् रहनेछ जसमा देहाय बमोजिम अध्यक्ष र सदस्यहरू हुनेछन्:-

(क) प्रधान न्यायाधीश- अध्यक्ष

(ख) संघीय कानुन तथा न्याय मन्त्री - सदस्य

(ग) नेपाल बार एशोसिएशनको सिफारिसमा प्रधान न्यायाधीशद्वारा नियुक्त वरिष्ठ अधिवक्ता वा कम्तीमा बीस वर्षको अनुभव प्राप्त अधिवक्ता - सदस्य

घ) कानुनविद् मध्येबाट राष्ट्राध्यक्षबाट मनोनित एक जना सदस्य

(ङ) सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश एकजना - सदस्य

(२) उपधारा (१) को खण्ड (ग) र (घ) बमोजिमको सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।

(३) संघीय न्याय परिषद्को अध्यक्ष लगायतका सदस्यले कुनै न्यायाधीशको सम्बन्धमा पर्न आएको उजुरीसंग सम्बद्ध मुद्दाका कागजात तथा फायल मगाई अध्ययन गरी संघीय न्याय परिषद्मा त्यसको जानकारी दिन सक्नेछ ।

(४) संघीय न्यायपरिषद्को अन्य काम, कर्तव्य र अधिकार कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

१०३. <u>न्याय सेवा आयोग :</u> संघीय न्याय सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधि कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

१०४. <u>अदालतलाई सहयोग गर्नुपर्ने :</u> न्याय सम्पादनको कार्यमा सर्वोच्च अदालत र अन्य संघीय अदालतहरूलाई सहयोग गर्नु संघीय सरकार र मातहतका सबै कार्यालय वा पदाधिकारीहरूको कर्तव्य हुनेछ ।

१०५. <u>सर्वोच्च अदालतको आदेश र निर्णयलाई मान्नु पर्ने :</u>

(१) मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नु पर्नेछ ।

(२) मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त संघीय सरकार, प्रान्तीय सरकार तथा सबै अड्डा अदालतहरूले मान्नु पर्नेछ ।



# भाग १०

## प्रान्तीय कार्यपालिका

१०६. <u>प्रान्त प्रमुख :</u> हरेक प्रान्तमा एक जना प्रान्त प्रमुख रहनेछ । प्रान्त प्रमुखको नियुक्ति प्रान्तीय सरकारको सिफारिसमा राष्ट्रध्यक्षले गर्नेछ । प्रान्त प्रमुखको कार्यवधि पाँच वर्षको हुनेछ । राष्ट्रध्यक्षले प्रान्तीय सरकारको सिफारिशमा प्रान्त प्रमुखलाई कुनैपनि बेला परिवर्तन गर्न सक्नेछ ।

१०७. <u>प्रान्त प्रमुखको काम कर्तव्य र अधिकार</u> : प्रान्त प्रमुखको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. प्रान्तीय संसदको अधिवेशन आव्हान र अन्त्य गर्ने ।

२. जनप्रतिनिधि सभाले पारित गरेका विधेयक स्वीकृत गरी लालमोहर लगाउने ।

३. मन्त्रीपरिषद्को सिफारिसमा संविधान तथा कानुन बमोजिम नियुक्ति गर्नु पर्ने पदाधिकारीहरको नियुक्ति गर्ने ।

४. प्रान्तीय पुरस्कार, मान पदवी, अलँकार तथा विभूषण प्रदान गर्ने ।

५. उच्च र मातहतका अदालतबाट प्रान्तीय कानुन अन्तर्गत पाएका सजाँयलाई माफी मुलतबी र सजाय परिवर्तन गर्ने ।

६. प्रान्त प्रमुखले यस संविधान अन्तर्गत आफ्नो अधिकार प्रयोग गर्दा प्रन्तीय मन्त्री परिषद्को सल्लाह र सम्मतिबाट गर्नेछ ।

१०८. <u>कार्यकारिणी अधिकार :</u>

(१) प्रान्तको कार्यकारिणी अधिकार यो संविधान र प्रान्तको कानुनबमोजिम प्रान्तीय मन्त्रिपरिषद्मा निहित हुनेछ ।

(२) यो संविधान र प्रान्तका कानुनको अधीनमा रही प्रान्तको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रान्तीय मन्त्रिपरिषद् उपर हुनेछ ।

(३) प्रान्तको कार्यकारिणी कामहरू प्रान्तका सरकारको नाममा हुनेछ ।

(४) उपधारा (३) बमोजिम प्रान्तको सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण प्रान्तीय कानुनद्वारा व्यवस्था भए बमोजिम हुनेछ ।

(५) प्रान्तीय कार्यकारिणी अधिकार यस संविधानको अधीनमा रही अनुसूचि (१) मा उल्लिखित प्रान्तीय सूचि र साझा सूचिमा उल्लिखित विषय वस्तुमा सीमित रहने छ ।

१०९. प्रान्तीय मन्त्रिपरिषद्को गठन :

(१) संविधानको धारा ११५को आधारमा मुख्यमन्त्री र निजको अध्यक्षतामा प्रान्तीय मन्त्रिपरिषद्को गठन हुनेछ ।

(२) मन्त्रिपरिषद्मा आवश्यकता अनुसार उपमुख्यमन्त्री र अन्य मन्त्रीहरू रहने छन् ।

**स्पष्टीकरण :** यस धाराको प्रयोजनका लागि मन्त्री भन्नाले मन्त्रालयको छुट्टै कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई जनाउँछ ।

(३) मुख्यमन्त्रीले मन्त्री नियुक्ति गर्दा प्रान्तीय संसदको सदस्यहरू मध्येबाट नियुक्ति गर्नु पर्नेछ ।

(४) मुख्यमन्त्री र अन्य मन्त्रीहरू प्रान्तीय संसदप्रति सामूहिक रूपमा उत्तरदायी हुनेछन् र मन्त्रीहरू आफ्ना मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा मुख्यमन्त्री र प्रान्तीय संसदप्रति उत्तरदायी हुनेछन् ।

(५) देहायका अवस्थामा मुख्यमन्त्री आफ्नो पदबाट मुक्त हुनेछः-

(क) राष्ट्राप्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निज प्रान्तीयसंसदको सदस्य नरहेमाः वा

(ग) निजको मृत्यु भएमा

(घ) जनप्रतिनिधिसभाबाट अविश्वासको प्रस्ताव पारित भएमा

(६) उप-मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन् :-

(क) निजले मुख्यमन्त्री समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (५) बमोजिम मुख्यमन्त्री आफ्नो पदबाट मुक्त भएमा,

(ग) मुख्यमन्त्रीले निजलाई पदमुक्त गरेमा, वा

(घ) निजको मृत्यु भएमा ।

(७) उपधारा (५) बमोजिम मुख्यमन्त्री आफ्नो पदबाट मुक्त भएपनि अर्को मन्त्रिपरिषद् गठन नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गरी रहनेछ ।



(८) मुख्यमन्त्रीको मृत्यु भएमा नयाँ मुख्यमन्त्रीको चयन नभएसम्मको लागि उपमुख्यमन्त्री वा वरिष्ठतम मन्त्रीले मुख्यमन्त्रीको रूपमा कार्य सञ्चालन गर्नेछ ।

**११०. राज्यमन्त्री र सहायक मन्त्री :**

(१) मुख्यमन्त्रीले प्रान्तीयसंसदको सदस्यहरू मध्येबाट राज्यमन्त्री नियुक्त गर्न सक्नेछ ।

(२) मुख्यमन्त्रीले कुनै मन्त्रीलाई निजको कार्यभार सञ्चालनमा सहायता गर्न प्रान्तीयसंसदको सदस्यहरू मध्येबाट सहायक मन्त्री नियुक्त गर्न सक्नेछ ।

१११. प्रान्तीय संसदको सदस्य नभएको व्यक्ति मन्त्री पदमा नियुक्त हुन सक्ने : धारा १०९ र ११० मा जुनसुकै कुरा लेखिएको भए तापनि मुख्यमन्त्रीले प्रान्तीयसंसदको सदस्य नभएको कुनै व्यक्तिलाई उपमुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री पदमा नियुक्त गर्न सक्नेछ ।

११२. पारिश्रमिक तथा अन्य सुविधाहरू : मुख्यमन्त्री, उप-मुख्यमन्त्री, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारण हुनेछ । सो बमोजिम ऐनद्वारा निर्धारण नभएसम्म प्रान्तीय सरकारले तोके बमोजिम हुनेछ ।

११३. शपथ : मुख्यमन्त्रीले राष्ट्रप्रमुख समक्ष र उपमुख्यमन्त्री, मन्त्री, राज्य मन्त्री तथा सहायक मन्त्रीले मुख्यमन्त्री समक्ष आफ्नो पद र गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।

११४. प्रान्तीय सरकारको कार्य सञ्चालन :

(१) प्रान्तीय सरकारबाट स्वीकृत नियमावली बमोजिम प्रान्तीय सरकारको कार्य विभाजन र कार्य सम्पादन हुनेछ ।

(२) उपधारा (१) अन्तर्गतको नियमावलीको पालना भयो वा भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन सकिने छैन ।

११५. प्रान्तीय मन्त्रिपरिषद्को गठन प्रकृया :

(१) प्रान्तको प्रान्तीय संसदमा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रान्त प्रमुखले मुख्य मन्त्रीको पदमा नियुक्त गर्ने छ । प्रान्तको मुख्य

मन्त्रीले आफू लगायत १० जनामा नबढाई मन्त्रिमण्डल गठन गर्नेछ ।

(२) प्रान्तीय संसदमा कुनै पनि दलले बहुमत प्राप्त नगरेको अवस्थामा दुई वा दुई भन्दा बढी राजनीतिक दलहरूले बहुमत पुऱ्याई सरकार गठन गर्न सक्नेछन् ।

(३) उपधारा २ बमोजिम सरकार गठन हुन नसकेमा सवैभन्दा ठूलो संसदीय दलले सरकार गठन गर्न सक्नेछ ।

(४) उपधारा २ तथा ३ बमोजिम गठन भएको मन्त्रीमण्डलले सो गठन भएको ३० दिन भित्र प्रान्तीय संसदबाट विश्वासको मत लिनु पर्नेछ ।

(५) उपधारा २ तथा ३ बमोजिम गठन भएको मन्त्रिपरिषद्ले विश्वासको मत प्राप्त गर्न नसकी सरकार गठन गर्ने सम्भावना समाप्त भएको अवस्थामा प्रान्त प्रमुखले प्रान्तीय संसद भंग गरी ६ महिना भित्र चुनाव गराउनु पर्नेछ ।

११६. <u>मुख्य मन्त्री र अन्य मन्त्रीहरूको जवाफदेहिता :</u>

(१) मुख्य मन्त्री र अन्य मन्त्रीहरू प्रान्तीय संसदप्रति सामूहिक रूपमा उत्तरदायी हुनेछन् र मन्त्रीहरू आफ्ना मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा मुख्यमन्त्री र प्रान्तीय संसदप्रति उत्तरदायी हुनेछन् ।



# भाग ११

## प्रान्तीय व्यवस्थापिका

११७. <u>प्रान्तीय संसद :</u> प्रान्तको संसद दुई सदनात्मक हुनेछ । तल्लो सदनलाई जनप्रतिनिधि सभा र माथिल्लो सदनलाई प्रान्तीय सभा भनिने छ । प्रान्त प्रमुख, जनप्रतिनिधि सभा र प्रन्तीय सभा सहितको व्यवस्थापिकालाई प्रान्तीय संसद भनिनेछ ।

११८. <u>प्रान्तीय संसदको अधिकार :</u>

(१) प्रान्तहरूको व्यवस्थापकीय अधिकार प्रान्तीय संसदमा निहित रहनेछ । प्रान्तीय संसदको व्यवस्थापकीय अधिकार यस संविधानको अधीनमा रही अनुसूचि (१) को प्रान्तीय सूचि र साझा सूचिमा उल्लिखित विषयमा सीमित रहनेछ ।

(२) प्रान्तीय संसदले विशेष स्वायत्त क्षेत्र र स्वशासित इलाकाहरू व्यवस्थित गरी अधिकार प्रत्यायोजन गर्नेछ ।

११९. <u>जनप्रतिनिधिसभाको गठन :</u>

(१) जनप्रतिनिधिसभामा कुल सदस्य संख्या बढीमा १०० जना रहने छ । जसमध्ये प्रत्यक्ष निर्वाचनबाट ५० प्रतिशत र समानुपातिकबाट ५० प्रतिशत हुनेछ । जनप्रतिनिधिसभाको निर्वाचन बालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा गरिनेछ ।

(२) जनप्रतिनिधि सभाका सदस्यहरूको निर्वाचन क्षेत्रबाट १ महिला र १ पुरुष गरी हरेक निर्वाचन क्षेत्रबाट २ जना निर्वाचित हुनु पर्नेछ ।

(३) जनप्रतिनिधिसभाको प्रत्येक निर्वाचनको निमित्त राजनीतिक दलले उम्मेदवारी दिँदा जातीय जनसंख्याको आधारमा मधेसी, दलित, आदिवासी जनजाति, पिछडिएका वर्ग, क्षेत्र र अन्य अल्पसंख्यक समुदायबाट समानुपातिक प्रतिनिधित्व गराउनु पर्नेछ ।

(४) जनप्रतिनिधिसभाको निर्वाचन परिणाम आएपछि समानुपातिक तर्फ प्रत्येक दलले प्राप्त मत प्रतिशतको आधारमा सदस्य छनौट गर्दा ६० प्रतिशत सम्बन्धित प्रान्तीय आदिवासी जनजाति र ४० प्रतिशत अन्य प्रतिनिधित्व नपाएका अल्पसंख्यक, सीमान्तकृत, बहिस्कृत भएका समुदायबाट प्रतिनिधित्व गराइने छ ।

(५) यस संविधान बमोजिम अगावै विघटन भएमा बाहेक जनप्रतिनिधिसभाको कार्यकाल पाँच वर्षको हुनेछ । तर देशमा

संकटकालीन स्थितिको घोषणा लागू भएको अवस्थामा एक वर्षमा नबढ्ने गरी ऐनद्वारा जनप्रतिनिधि सभाको कार्यकाल बढाउन सकिने छ। तर यसरी थप गरिएको जनप्रतिनिधि सभाको कार्यकाल संकट कालीन स्थितिको घोषणा खारेज भएको मितिले छ महिना पुगेपछि स्वतः समाप्त हुनेछ।

(६) यस संविधानको अधीनमा रही प्रतिनिधि सभाका सदस्यहरूको निर्वाचनमा प्रत्येक मतदाताले एक मत महिला उमेदवारको लागि र एक मत पुरुष उमेदवारको लागि प्रयोग गर्नु पर्नेछ।

(७) १६ वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ।

(८) जनप्रतिनिधिसभाको सदस्यको लागि निर्वाचनमा मतदान गर्न अधिकार पाएका कुनै पनि व्यक्ति प्रचलित कानुनको अधीनमा रही आफ्नो निर्वाचन क्षेत्रबाट उम्मेद्वार हुन पाउने छ।

(९) जनप्रतिनिधिसभाको कार्यकाल बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा सो रिक्त स्थानको पूर्ति उपनिर्वाचनद्वारा गरिनेछ।

(१०) यस धारामा लेखिएको कुराहरूको अधीनमा रही जनप्रतिनिधि सभाको निर्वाचन र सो सम्वन्धी कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

१२०. <u>प्रान्तीय सभाको गठन :</u>

(१) जातीय तथा लैगिँक जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी बालिक मताधिकार र बहुदलीय राजनीतिक प्रतिस्पर्धाको माध्यमबाट बढीमा ५१ जना को समानुपातिक निर्वाचन प्रणालीबाट प्रान्तीय सभा गठन हुनेछ।

(२) उपधारा (१)बमोजिम प्रान्तीय सभा (माथिल्लो सदन) गठन गर्दा विशेष स्वायत्त क्षेत्र, स्वशासित इलाका, दलित समुदाय, अल्पसंख्यक, यौनिक तथा लैंगिक अल्पसंख्यक, अपाङ्ग, साथै राज्यले पहिचान गरेका अन्य बहिस्कृत समुदायहरूबाट समेत समानुपातिक र समावेसी प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

(३) प्रान्तीयसभाका सदस्यहरूको पदावधि छ वर्षको हुनेछ तर यो संविधान प्रारम्भ भएपछि पहिलोपटकलाई सदस्यहरूको पदावधि कायम गर्दा गोला हाली एक-तिहाईको दुईवर्ष, एक-तिहाईको चार वर्ष र बाँकी एक तिहाईको छ वर्षको पदावधि कायम गरिनेछ।



४) प्रान्तीयसभाको प्रथम बैठक बसेको दिनबाट सो सदनको पूर्ति हुन बाँकी समेत सम्पूर्ण सदस्यहरूको पदावधि प्रारम्भ भएको मानिनेछ।

५) प्रान्तीयसभाको रिक्त हुन आउने स्थानको पूर्ति सो स्थान रिक्त गर्ने सदस्यको निर्वाचन जुन तरिकाले भएको हो सोही तरिकाले निर्वाचनद्वारा गरिनेछ।

६) प्रान्तीयसभाको कुनै सदस्यको पदावधि बाँकी छँदै निजको स्थान रिक्त भएमा बाँकी पदावधिको लागि सो स्थानको पूर्ति उपधारा (५) बमोजिम निर्वाचनद्वारा गरिनेछ।

१२१. <u>प्रान्तीय संसदको सदस्यको लागि योग्यता :</u> प्रान्तीय संसदको सदस्य हुनको लागि कुनै पनि व्यक्तिः

(क) प्रान्तको नागरिक हुनु पर्नेछ।

(ख) उमेर २५ वर्ष नाघेको हुनु पर्ने छ।

(ग) कुनै फौजदारी अभियोग लागि दण्ड सजाय नपाएको हुनु पर्ने छ।

(घ) कुनै लाभको पद धारणा नगरेको।

१२२. <u>सदस्यको आयोग्यता सम्बन्धी प्रश्न :</u> प्रान्तीय संसदको कुनै सदस्य धारा १२१ अनुसार आयेग्य छ वा हुन गएको छ भने प्रश्न उठेमा त्यसको निर्णय प्रान्तको मुख्य न्यायायीश वा निजले तोकेको उच्च अदालतको अन्य न्यायाधीशले गर्ने छ। र यसरी प्रान्तीय उच्च अदालतबाट भएको अन्तिम आदेश वा निर्णय उपर सर्बोच्च अदालतमा पुनरावेदन लाग्न सक्नेछ।

१२३. <u>स्थान रिक्तता :</u> प्रान्तीय संसदको सदस्यको स्थान देहायको अवस्थामा रिक्त हुनेछः-

(क) निजले लिखित राजिनामा दिएमा,

(ख) धारा ९२ बमोजिम निजको योग्यता नभएमा वा नरहेमा,

(ग) प्रान्तीय संसदको सम्बन्धित सदनको कार्यकाल समाप्त भएमा, वा

(घ) निजको मृत्यु भएमा,

(ङ) सम्बन्धित संसदको स्वीकृति नलिई लागातार तीसवटा बैठकमा अनुपस्थित रहेमा वा

(च) जुन दलको उम्मेद्वार भई सदस्य निर्वाचित भउको हो सो दलले कानुनमा व्यवस्था भए बमोजिम निजले दल त्याग गरेको कुरा सूचित गरेमा ।

१२४. <u>जनप्रतिनिधिसभाको सभामुख र उपसभामुखको व्यवस्था :</u>

(१) जनप्रतिनिधिसभाको सदनले आफ्ना सदस्य मध्येबाट एकजना सभामुख र एकजना उपसभामुखको निर्वाचन गर्नेछ। सभामुख तथा उपसभामुखको पद रिक्त भएमा जनप्रतिनिधिसभाको सदनले आफ्नो सदस्यहरू मध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ ।

(२) जनप्रतिनिधिसभाको सभामुखको अनुपस्थितिमा उपसभामुखले जनप्रतिनिधिसभाको बैठकको अध्यक्षता गर्नेछ ।

(३) जनप्रतिनिधिसभाको सभामुख र उपसभामुखको निर्वाचन नभएको वा दुबै पद रिक्त रहेको अवस्थामा जनप्रतिनिधिसभाको बैठकको अध्यक्षता उपस्थित सदस्यहरू मध्ये उमेरको हिसावले जेष्ठ सदस्यले गर्नेछ ।

(४) जनप्रतिनिधिसभाको सभामुख वा उपसभामुखको पद देहायको अवस्थामा रिक्त हुनेछः-

(क) निज जनप्रतिनिधिसभाको सदस्य नरहेमा,

(ख) निजले लिखित राजीनामा उपसभामुख समक्ष दिएमा,

(ग) निजले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्ताव जनप्रतिनिधिसभाको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुईतिहाई बहुमतबाट पारित भएमा ।

(५) जनप्रतिनिधिसभाको सभामुखले पद अनुकूलको आचरण गरेको छैन भन्ने प्रस्ताव उपर छलफल हुने बैठकको अध्यक्षता उपसभामुखले गर्नेछ । तर प्रस्तावको छलफलमा सभामुखले भाग लिन र मतदान गर्न पाउनेछ ।

१२५. <u>प्रान्तीय सभाको अध्यक्ष र उपाध्यक्ष :</u>

(१) पहिलो पटक अधिवेशन प्रारम्भ भए पछि प्रान्तीयसभाले यथाशीघ्र आफ्ना सदस्यहरू मध्येबाट एक जना अध्यक्ष र एक जना उपाध्यक्षको निर्वाचन गर्नेछ। अध्यक्ष वा उपाध्यक्षको पद रिक्त भएमा प्रान्तीयसभाले आफ्ना सदस्यहरूमध्ये बाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ ।



(२) प्रान्तीय सभाको अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले प्रान्तीय सभाको अध्यक्षता गर्नेछ ।

(३) प्रान्तीय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन नभएको वा दुबै पद रिक्त भएको अवस्थामा प्रान्तीय सभाको बैठकको अध्यक्षता उपस्थित सदस्यहरू मध्ये उमेरको हिसावले ज्येष्ठ सदस्यले गर्नेछ ।

(४) प्रान्तीय सभाको अध्यक्ष वा उपाध्यक्षको पद देहायको अवस्थामा रिक्त हुनेछ ।

क) नीज प्रान्तीय सभाको सदस्य नरहेमा वा

ख) निजले आफ्नो पदवाट लिखित राजीनामा दिएमा वा

ग) निजले पद अनुकुल आचारण गरेको छैन भन्ने प्रस्ताव प्रान्तीय सभाको सम्पूर्ण सदस्य सख्यको दुइ-तिहाइ बहुमतबाट पारित भएमा ।

(५) प्रान्तीय सभाको अध्यक्षले पदअनुकुल आचारण गरेको छैन भन्ने प्रस्तावउपर छलफल हुने बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ । सो प्रस्तावको छलफलमा अध्यक्षले मत दिन र भाग लिन पाउनेछ ।

१२६. <u>अधिवेशनको आव्हान र समापन तथा जनप्रतिनिधि सभाको विघटन :</u>

(१) प्रान्तप्रमुखबाट जनप्रतिनिधि सभाको लागि निर्वाचन भएको एक महिना भित्र संसदको अभिवेशन आव्हान गरिनेछ। त्यसपछि यस संविधान बमोजिम प्रान्तप्रमुखबाट समय समयमा अन्य अधिवेशन आव्हान गरिनेछ। तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका वीचको अवधि ६ महिना भन्दा बढी हुने छैन ।

२) प्रान्तप्रमुखबाट प्रान्तीय संसदको दुबै वा कुनै सदनको अधिवेशनको अन्त गर्न सक्नेछ ।

३) प्रान्तप्रमुखबाट जनप्रतिनिधि सभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी जनप्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको एक- चौथाइ सदस्यहरूले समावेदन गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोकिनेछ र त्यसरी तोकिएको मिति र समयमा जनप्रतिनिधि सभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्नेछ ।

४) प्रान्तप्रमुखबाट मुख्यमन्त्रीको सिफारिसमा जनप्रतिनिधि सभाको विघटन गर्न सक्नेछ। त्यसरी जनप्रतिनिधि सभा विघठन गरेपछि ६ महिनाभित्र नयाँ जनप्रतिनिधि सभाका लागि निर्वाचन हुने मिति समेत तोक्नेछ।

१२७. प्रान्तप्रमुखबाट सम्बोधन तथा सन्देश:

(१) प्रान्तप्रमुखबाट संसदको कुनै वा दुबै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न र त्यसका निमित्त सदस्यहरूको उपस्थिति समावेश गर्न सक्नेछ।

(२) प्रान्तप्रमुखबाट जनप्रतिनिधि सभाका लागि भएको निर्वाचनपछिको पहिलो अधिवेशन र प्रत्येक सालको पहिलो अधिवेशनको प्रारम्भ भएपछि प्रान्तीय संसदको दुबै सदनको संयुक्त बैठकलाई सम्बोधन गरिनेछ।

(३) प्रान्तप्रमुखबाट प्रान्तीय संसदको दुबै वा कुनै सदनलाई सन्देश पठाउन सकिनेछ। त्यस्तो सन्देश प्राप्त गर्ने सदनले सो सन्देशमा उल्लिखित विषयमाथि यथाशीघ्र विचार गरी आफ्नो राय प्रान्तप्रमुखमा प्रस्तुत गर्नेछ।

१२८. गणपूरक संख्या : यस संविधानमा अन्यथा लेखिएकोमा बाहेक प्रान्तीय संसदको कुनै पनि सदनको बैठकमा सो सदनको सम्पूर्ण सदस्य संख्याको एक-चौथाइ सदस्य उपस्थित नभए सम्म कुनै प्रश्न निर्णयका लागि प्रस्तुत हुनेछैन।

१२९. बहसमा बन्देज :

(१) नेपालको कुनै अदालत समक्ष विचाराधीन रहेको कुनै मुद्दा सम्बन्धी कुरामा संसदको कुनै सदनमा छलफल गर्न पाइने छैन।

(२) कुनै न्यायधीशले आफ्नो कर्तव्य पालनको सिलसिलामा गरेको कुनै कार्य सम्वन्धमा प्रान्तीय संसदको कुनै सदनमा छलफल गर्न पाइने छैन तर महाभियोगको प्रस्तावमा छलफल गर्दा न्यायधीशको आचारणको सम्बन्धमा कुनै कुरा व्यक्त गर्न यस उपाधाराले बाधा पुर्‍याएको मानिने छैन।

१३०. सदस्यको स्थान रिक्त रहेको अवस्थामा सदनको कार्य सन्चालन : संसदको कुनै सदनको कुनै सदस्यको स्थान रिक्त छ भने पनि सदनले आफ्नो कार्य सञ्चालन गर्न सक्नेछ र संसदको कुनै सदनको



कारवाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि भैसकेको कार्य अमान्य हुने छैन।

१३१. मतदान : यस संविधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक संसदको कुनै सदनमा निर्णयको लागि प्रस्तुत गरिएको जुनसुकै प्रश्नको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ। अध्यक्षता गर्ने व्यक्तिलाई सामान्यतया मत दिने अधिकार हुने छैन तर मत बराबर भएमा निजले आफ्नो निर्णायक मत दिनेछ।

१३२. विश्वासको मत :

(१) मुख्यमन्त्रीले आफ्नो कार्यकालभित्र कुनै बखत आफू माथि जनप्रतिनिधि सभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतको लागि जनप्रतिनिधि सभामा प्रस्ताव राख्न सक्नेछ।

(२) जनप्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको एक-चौथाइ सदस्यले प्रधान मन्त्री उपर जनप्रतिनिधि सभाको विश्वास छैन भनी लिखित रुपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन् तर एक अधिवेशनमा एक पटक भन्दा बढी अविश्वासको प्रस्ताव पेश गर्न सकिनेछैन।

(३) उपाधारा १) र २) बमोजिमको प्रस्तावको निर्णय जनप्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट हुनेछ।

१३३. मन्त्रीले दुवै सदनको बैठकमा भाग लिन पाउने : मन्त्रीले संसदको कुनै पनि सदन वा त्यसको समितिमा उपस्थित हुन र कारवाइ तथा छलफलमा भाग लिन पाउनेछ। तर आफू सदस्य नभएको सदन वा त्यसको समितिमा मतदान गर्न पाउने छैन।

१३४. अनाधिकार उपस्थित भएमा वा मतदान गरेमा सजाय : यस संविधान बमोजिम सफथ नलिई वा सदनको सदस्यताको निमित्त आवश्यक योग्यताको अभाब छ भन्ने थाहा पाउदा पाउदै पनि कुनै व्यक्ति सदस्यको हैसियतले संसदको कुनै सदनको बैठकमा उपस्थित भएमा वा निजले मतदान गरेमा नीजलाई सो सदनको अध्यक्षता गर्ने व्यक्तिको आदेशले त्यसरी उपस्थित भएको वा मतदान गरेको प्रत्येक दिनको पाँच हजार रुपैयाको दरले सजाय हुनेछ। सो सजाय सरकारी बाँकी सरह असुलउपर गरिने छ।

१३५. विशेषाधिकार :

(१) यस संविधानको अधीनमा रही प्रान्तीय संसदको दुबै सदनमा पूर्ण वाक् स्वतन्त्रता रहनेछ। र सदनमा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पकाउ गर्न, थुनामा राख्न वा निजउपर अदालतमा कुनै कारवाही चलाइने छैन।

(२) यस संविधानको अधीनमा रही प्रान्तीय संसदको प्रत्येक सदनलाई आफ्नो आन्तरिक काम कारवाही नियमित गर्ने पूर्ण अधिकार रहनेछ। र, सदनको कुनै कारवाही नियमित वा अनियमित के छ भनी निर्णय गर्ने अधिकार सम्वन्धित सदनलाई मात्र हुनेछ। यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन।

(३) यस संविधानको अधीनमा रही प्रान्तीय संसदको कुनै सदनको कुनै पनि कारवाहीलाई त्यसको असल नियत बारे शंका उठाई कुनै टीका-टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी–जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन गरिने छैन।

(४) यस संविधानको अधीनमा रही उपधारा १) र ३) को व्यवस्था सदनको बैठकमा भाग लिन पाउने सदस्य बाहेकका अन्य व्यक्तिका हकमा पनि लागू हुनेछ।

(५) यस संविधानको अधीनमा रही प्रान्तीय प्रान्तीय संसदको कुनै सदनले दिएको अधिकार अन्तर्गत कुनै लिखित, प्रतिवेदन, मतदान वा कारबाही प्रकाशित गरेका विषयलाई लिएर कुनै व्यक्ति उपर अदालतमा कारबाही चल्ने छैन।

**स्पष्टीकरण :** यो उपधारा र उपधारा १),२), ३) र ४) को प्रयोजनको लागि "सदन " भन्नाले सदनको समितिलाई समेत सभ्भ्कनु पर्छ र सो शब्दले प्रान्तीय प्रान्तीय संसदको संयुक्त बैठक वा संयुक्त समितिको बैठकलाई समेत जनाउँछ।

(६) प्रान्तीय संसदको कुनै पनि सदस्यलाई अधिवेशन बोलाइएको सूचना जारी भएपछि अधिवेशन चलुञ्जेलसम्को अवधिभर पक्राउ गरिने छैन।



तर कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई कानुन अनुसार पक्राउ गर्न यस उपधारले बाधा पुऱ्याएको मानिने छैन। त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनु पर्नेछ।

(७) प्रान्तीय संसदको कुनै सदनको विशेषाधिकारको हननलाई प्रान्तीय संसदको अवहेलना मानिनेछ र कुनै विशेषाधिकारको हनन भएको छ वा छैन भन्ने निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र हुनेछ।

(८) कसैले प्रान्तीय संसदको कुनै सदनको अवहेलना गरेमा सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिले सदनको निर्णयबाट सो व्यक्तिसलाई सचेत गराउन, नसिहत दिन वा तीन महिनामा नबढ्ने गरी सो सदनको अधिवेशन चलुन्जेलसम्म कैद गर्न वा पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ। त्यस्तो जरिवाना सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

तर सदनलाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा सदनले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी गर्न वा घटाउन सक्नेछ।

९) यस संविधानमा उल्लेख गरिएदेखि बाहेक विशेषाधिकार सम्बन्धी अन्य कुराहरू कनूनद्वारा निर्धारित गरिए बमोजिम हुनेछन्।

१३६. कार्य सञ्चालन विधि :

(१) यस संविधानको अधीनमा रही प्रान्तीय संसदको प्रत्येक सदनले अफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरूको गठन, काम, कारवाही र कुनै सदन वा समितिको अन्य कुरा नियमित गर्नको लागि नियमावली बनाउनेछ। त्यस्तो नियमावली प्रान्तप्रमुखबाट स्वीकृत भएपछि लागू हुनेछ।

(२) प्रान्तप्रमुखबाट प्रान्तीय संसदको संयुक्त बैठकको कार्य सञ्चालन र प्रान्तीय संसदको संयुक्त समितिको गठन र काम कारवाही जनप्रतिनिधि सभाको सभामुख र प्रान्तीय सभाको अध्यक्षको सिफरिशमा बनाइएको नियमावली बमोजिम हुनेछ।

(३) उपधारा १) र २) बमोजिमको नियमावली नबनेसम्म सो उपधारमा उल्लेख गरिएका कुराहरू प्रान्तप्रमुखबाट बनाएको नियमावली बमोजिम हुनेछन् ।

१३७. समिति : जनप्रतिनिधि सभाले अर्थ, सार्वजनिक लेखा, मानव अधिकार परराष्ट्र सम्बन्ध, प्राकृतिक स्रोत र साधन, वातावरण संरक्षण, जनसंख्या र आवश्यकतानुसार अन्य विषयका समितिहरूको गठन र व्यवस्था नियमावली द्वारा गर्न सक्नेछ ।

१३८. संयुक्त समिति :

(१) दुई सदनका बीचको कार्य प्रणलीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेका मतभिन्नता अन्त्य गर्न वा अन्य कुनै खास कार्यका लागि दुवै सदनको संयुक्त समिति गठन गरियोस् भनी कुनै सदनले प्रस्ताव पारित गरेमा संयुक्त समितको गठन गरिनेछ ।

(२) संयुक्त समितिमा जनप्रतिनिधि सभाको सदस्य दुईजना र प्रान्तीय सभाको सदस्य एकजनाका अनुपातमा बढीमा पन्ध्रजना सदस्यहरू रहने छन् ।

१३९. प्रान्तीय संसदको सचिवालय :

(१) प्रान्तप्रमुखबाट जनप्रतिनिधि सभाको सचिवलाई सो सभाको सभामुखको र प्रान्तीय सभाको सचिवलाई सो सभाको अध्यक्षको सिफारिशमा र प्रान्तीय संसदको महासचिवलाई सभामुख र अध्यक्ष दुवैसंग परामर्श गरी नियुक्त गरिनेछ ।

(२) संसदको काम कारवाही सञ्चालन गर्न आवश्यक सचिवालयको स्थापना र सो सम्बन्धी अन्य कुरा कानुनले निर्धारण गरे बमोजिम हुनेछ ।

१४०. पारिश्रमिक : जनप्रतिनिधि सभाको सभामुख र उप-सभामुख, प्रान्तीय सभाको अध्यक्ष र उपाध्यक्ष तथा प्रान्तीय संसदका सदस्यहरूको पारिश्रमिक र सुविधा कानुनद्वारा निर्धारित हुनेछ र त्यसरी निर्धारित नभएसम्म प्रान्तप्रमुखबाट तोकिए बमोजिम हुनेछ ।



# भाग १२

## प्रान्तीय व्यवस्थापन कार्यविधि

१४१. विधेयक प्रस्तुत गर्ने विधि :

(१) प्रान्तीय संसदको कुनै पनि सदनमा विधेयक प्रस्तुत गर्न सकिनेछ । तर अर्थ विधेयक जनप्रतिनिधि सभामा मात्र प्रस्तुत गरिनेछ ।

(२) अर्थ विधेयक तथा प्रहरी सम्बन्धी विधेयक सरकारी विधेयकको रुपमा मात्र प्रस्तुत गरिनेछ प्रान्तप्रमुखको स्वीकृति लिएर मात्र त्यस्तो विधेयकमा संशोधन पेश गर्न सकिनेछ । त्यस्तो स्वीकृति सदनको अध्यक्षता गर्ने व्यक्ति मार्फत प्राप्त हुनेछ ।

(३) ‘अर्थ विधेयक’ भन्नाले देहायमा उल्लिखित सबै वा कुनै बिषयसित सम्बन्ध राख्ने विधेयकलाई जनाउँछ ।

(क) प्रान्तीय कर लगाउने, उठाउने, खारेज गर्ने, छुट दिने, परिवर्तन वा कर प्रणालीलाई व्यवस्थित गर्ने विषय ।

(ख) प्रान्तीय सञ्चित कोष वा अन्य कुनै प्रान्तीय सरकारी कोषको संरक्षण गर्ने, त्स्तो कोषमा रकम जम्मा गर्ने वा त्यस्तो कोषकाट कुनै रकम विनियोजन वा खर्च गर्न खोजिएको रकम घटाउने, बढाउने वा खारेज गर्ने विषय ।

(ग) प्रान्तीय सरकारले ऋण प्राप्त गर्ने वा जमानत दिने विषय व्यवस्थित गर्ने वा प्रान्तीय सरकारले लिएको वा लिने आर्थिक दायित्व सम्बन्धी कानुन संशोधन गर्ने विषय ।

(घ) प्रान्तीय सरकारी कोषमा प्रप्त हुने सबै प्रकारको राजस्व, ऋण असुलीबाट प्राप्त रकम र अनुदानको रकम जिम्मा राख्ने, लगानी गर्ने वा प्रान्तीय सरकारको लेखाको लेखा परीक्षण गर्ने विषय । वा

(ङ) उपर्युक्त विषयहरूसँग प्रत्यक्ष सम्बन्ध भएका प्रासंगिक विषयहरू ।

(४) कुनै विधेयक अर्च विधेयक हो होइन भन्ने प्रश्न उटेमा सभामुखको निर्णय अन्तिम हुनेछ ।

१४२. विधेयक पारित गर्ने विधि :

(१) प्रान्तीय संसदको एउटा सदनले पारित गरेको विधेयक यथाशीघ्र अर्को सदनमा पठाइनेछ र सो सदनले पारित गरेपछि स्वीकृतिको लागि प्रान्तप्रमुख समक्ष पेश गरिनेछ ।

(२) जनप्रतिनिधिसभाले पारित गरेको अर्थ विधेयक प्रान्तीय सभामा पठाइनेछ। प्रान्तीय सभाले सो विधेयकमा छलफल गरी विधेयक प्राप्त गरेको पन्ध्र दिन भित्र कुनै सुझाव भए सुझाव सहित जनप्रतिनिधिसभामा फिर्ता पठाउनु पर्छ।

(३) उपधारा (२) बमोजिम सुझाव सहित फिर्ता आएको विधेयकमा जनप्रतिनिधि सभाले छलफल गरी उचित देखेको सुझाव समावेश गरी स्वीकृतिको लागि प्रान्तप्रमुख समक्ष पेश गर्ने छ।

(४) उपधारा (२) बमोजिम अर्थ विधेयक प्राप्त गरेको पन्ध्र दिनसम्ममा राष्ट्रिय सभाले सो विधेयक फिर्ता गरेन भने पनि जनप्रतिनिधिसभाले स्वीकृतिको लागि प्रान्तप्रमुख समक्ष पेश गर्न सक्नेछ।

(५) जनप्रतिनिधिसभाले पारित गरी प्रान्तीय सभामा पठाएको अर्थ विधेयकबाहेक अन्य विधेयक प्रान्तीय सभाले आफूसमक्ष प्राप्त भएको दुई महिनाभित्र पारित गरी वा सुझाव सहित फिर्ता पठाउनु पर्नेछ। उक्त समयावधिभित्र प्रान्तीय सभाले सो विधेयक फिर्ता गरेन भने पनि जनप्रतिनिधिसभाले तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरूको निर्णयबाट सो विधेयक स्वीकृतिको लागि प्रान्तप्रमुख समक्ष पेश गर्न सक्नेछ।

(६) कुनै सदनले पारित गरेको विधेयक अर्को सदनले अस्वीकृत गरेमा वा संशोधनसिहत पारित गरेमा सो विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउनु पर्छ।

(७) उपधारा (६) अनुसार प्रान्तीय सभाबाट अस्वीकृत भई वा संशोधन सहित जनप्रतिनिधि सभामा फिर्ता आएको विधयृकउपर विचा गरी जनप्रतिनिधि सभाको तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरूले प्रस्तुत रुपमा वा संशोधन सहित पुनः पारित गरेमा सो विधेयक स्वीकृतिको लागि प्रान्तप्रमुख समक्ष पेश गरिनेछ।

(८) उपधारा (६) अनुसार जनप्रतिनिधिसभाबाट संशोधन सहित प्रान्तीय सभामा फिर्ता आएको विधेयक प्रान्तीय सभाले पनि सो संशोधन सहित पारित गरेमा स्वीकृतिको लागि प्रान्तप्रमुख समक्ष पेश गरिनेछ।



(९) देहायको विधेयक दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत गरिनेछ। संयुक्त बैठकले विधेयकलाई प्रस्तुत रुपमा वा संशोधन सहित पारित गरेमा विधेयक उत्पत्ति भएको सदनले स्वीकृतिका लागि प्रान्तप्रमुख समक्ष पेश गर्नेछ।

(क) प्रान्तीय सभाले पारित गरेको तर जनप्रतिनिधिसभाले अस्वीकार गरेको; वा

(ख) जनप्रतिनिधिसभाले संशोधन सहित प्रान्तीय सभामा फिर्ता पठाएको, तर प्रान्तीय सभाले सो संशोधनमा सहमत हुन नसकेको।

(१०) कुनै विधेयक विचाराधीन रहेको अवस्थामा सदनको अधिवेशनको अन्त भए पनि सो विधेयकमाथि आगामी अधिवेशनमा कार्यवाही हुन सक्नेछ।

तर कुनै विधेयक जनप्रतिनिधि सभामा प्रस्तुत भई विचाराधीन रहेको वा सो सदनले पारित गरी प्रान्तीय सभामा पठाएको तर सो सदनमा विचाराधीन रहेको अवस्थामा जनप्रतिनिधि सभा विघटन भएमा वा सो सदनको कार्यकाल समाप्त भएमा त्यस्तो विधेयक निष्क्रिय भएको मानिनेछ।

१४३. <u>विधेयक फिर्ता लिने :</u> विधेयेक प्रस्तुतकर्ता सदस्यले सदनको स्वीकृति लिई विधेयक फिर्ता लिन सक्नेछ।

१४४. <u>विधेयकमा स्वीकृति :</u>

(१) प्रान्तप्रमुखको स्वीकृतिको लागि धारा १४२ बमोजिम पेश गरिने विधेयक उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्षले आफ्नो हस्ताक्षरले प्रमाणित गरी पेश गर्नु पर्छ।

तर अर्थ विधेयकका हकमा अर्थ विधेयक हो भनी सभामुखले प्रमाणित गर्नु पर्नेछ।

(२) यस धारा बमोजिम स्वीकृतिको लागि प्रान्तप्रमुख समक्ष पेश भएको विधेयकमा स्वीकृति प्राप्त भएपछि त्यसको सूचना यथासम्भव चाँडो दुवै सदनलाई दिइनेछ।

(३) अर्थ विधेयकबाहेक अन्य विधेयकको सम्बन्धमा पुनः विचारविमर्श हुनु आवशयक छ भन्ने प्रान्तप्रमुखलाई लागेमा निजबाट विधेयक पेश भएको एक महिनाभित्र सन्देश सहित विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउन सकिनेछ।

(४) प्रान्तप्रमुखबाट कुनै विधेयक सन्देश सहित फिर्ता भएकोमा विधेयकमाथि दुवै सदनको सयुक्त बैठकमा पुनर्विचार पछि सो विधेयक प्रस्तुत रुपमा वा संशोधन सहित पारित भई पुनः पेश भएमा त्यसरी पेश भएको तीस दिन भित्र प्रान्तप्रमुखबाट स्वीकृति प्रदान गरिनेछ ।

(५) प्रान्तप्रमुखबाट यो धारा बमोजिम कुनै विधेयकमा स्वीकृति दिएपछि सो विधेयक ऐन बन्नेछ र विधेयकमा लालमोहर लागेपछि त्यस्तो स्वीकृति भएको मानिनेछ ।

१४५. <u>अध्यादेश :</u>

(१) प्रान्तीय संसदको दुवैसदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा प्रान्तप्रमुख सन्तुष्ट भएमा यस संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी प्रान्तप्रमुखबाट आवश्यक ठानेको अध्यादेश जारी गर्न सक्ने छ ।

(२) उपधारा (१) अनुसार जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ । तर यस्तो प्रत्येक अध्यादेश

(क) जारी भएपछि बसेको प्रान्तीय संसदको दुवै सदनमा पेश गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुनेछ ।

(ख) प्रान्तप्रमुखबाट जुनसुकै बखत खारेज हुन सक्नेछ र

(ग) खण्ड (क) र (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा जारी भएको छ महिनापछि वा दुवै सदनको बैठक बसेको साठी दिनपछि स्वतः निष्क्रिय हुनेछ ।

**स्पष्टीकरण :** प्रान्तीय संसदका सदनहरूको बैठक अधिपछि गरी बसेमा यस उपधाराको प्रयोजनको लागि बैठक बसेको गणना गर्दा जुन सदनको बैठक पछि बसेको छ सो मितिबाट गरिनेछ ।



# भाग १३

## प्रान्तीय आर्थिक कार्य प्रणाली

१४६. <u>कानुन बमोजिमबाहेक कर लगाउन वा ऋण लिन नपाइने :</u>

(१) कानुन बमोजिनबाहेक प्रान्तमा कुनै कर लागाइने र उठाइने छैन ।

(२) कानुन बमोजिम बाहेक प्रान्तीय सरकारद्वारा कुनै ऋण लिइने र जमानत दिइने छैन ।

१४७. <u>प्रान्तीय संञ्चित कोष :</u> गुठी रकम बाहेक प्रान्तीय सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जाहरू र ऐनको अधिकार अन्तर्गत दिइएको जनुसुकै ऋण असुल हुँदा प्राप्त भएको सवै धन ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक प्रान्तीय सरकारी कोषमा आम्दानी बाँधिनेछ जसलाई प्रान्तीय सञ्चित कोष भनिनेछ ।

१४८. <u>प्रान्तीय संञ्चित कोष वा प्रान्तीय सरकारी कोषबाट व्यय : देहायका रकम बाहेक प्रान्तीय सञ्चित कोष वा अन्य कुनै प्रान्तीय</u> सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैन ।

(क) प्रान्तीय सञ्चित कोषमाथि व्ययभार भएको रकम

(ख) विनियोजन गर्ने ऐनद्वारा खर्च हुने रकम

(ग) विनियोजन विधेयक विचाराधीन रहेका अवस्थामा पेस्कीको रुपमा ऐनद्वारा खर्च हुने रकम वा

(घ) विशेष अवस्थामा व्ययको विवरण मात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकम

तर आकस्मिक कोषका हकमा धारा १५५ बमोजिम हुनेछ ।

१४९. <u>प्रान्तीय सञ्चित कोषमाथि व्ययभार :</u>

(१) देहायका विषयसंग सम्बन्धित खर्चहरू प्रान्तीय सञ्चित कोषमाथि व्ययभार हुनेछन् र यस्तो व्ययको लागि संसदको वार्षिक स्वीकृति आवश्यक पर्ने छैन ।

(२) प्रान्तप्रमुखको खर्च सम्बन्धी ऐनद्वारा व्यवस्था गरिएको रकम ।

(३) नेपालको प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूलाई दिइने पारिश्रमिक, सुविधा र निवृत्तिभरणको रकम ।

(४) निम्नलिखित पदाधिकारीलाई दिइने पारिश्रमिक र सुविधाका रकमहरू ।

(क) जनप्रतिनिधि सभाका सभामुख र उप-सभामुख

(ख) प्रान्तीय सभाका अध्यक्ष र उपाध्यक्ष

(ग) प्रान्तीय अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरू

(घ) प्रान्तीय महालेखा परीक्षक

(ङ) प्रान्तीय लोकसेवा आयोगका अध्यक्ष र सदस्यहरू र

(५) प्रान्तीय उच्च अदालत, प्रान्तीय अख्तियार दुरुपयोग अनुसन्धान अयोग, प्रान्तीय महालेखा परीक्षकको विभाग र प्रान्तीय लोकसेवा आयोग सम्बन्धी प्रशासनिक व्ययहरू ।

(६) प्रान्तीय सरकारको दायित्वको ऋण सम्बन्धी व्ययभार ।

(७) प्रान्तीय सरकारका विरुद्ध अदालतबाट भएको फैसला वा आज्ञप्ति अनुसार तिर्नु पर्ने रकम र

(८) कानुनले प्रान्तीय सञ्चित कोषमाधि व्ययभार हुने भनी निधो गरेको रकम ।

१५०. <u>राजस्व र व्ययको अनुमान :</u>

(१) प्रान्तप्रमुखबाट प्रत्येक आर्थिक वर्षको सम्बन्धमा सदनहरूको संयुक्त बैक समक्ष देहायका कुराहरू समेत खुलाई वार्षिक अनुमान पेश गर्न लगाउनेछ ।

(क) राजस्वको अनुमान

(ख) प्रान्तीय सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू र

(ग) विनियोजन ऐनद्वारा व्यय हुने आवश्यक रकमहरू ।

(२) उपधारा (१) अनुसार वार्षिक अनुमान पेश गर्दा गत आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र सो खर्च अनुसारको लक्ष्य हासिल भयो भएन त्यसको विवरण पनि साथै पेश गर्नु पर्नेछ ।

१५१. <u>विनियोजन ऐन :</u> विनियोजन ऐन अनुसार व्यय हुने आवशयक रकम शीर्षकहरूमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिनेछन् ।

१५२. <u>पूरक अनुमान :</u>

(१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा प्रान्तप्रमुखबाट जनप्रतिनिधिसभा समक्ष पूरक अनुमान पेश गर्न लगाउने छ ।



(क) चालू आर्थिक वर्षका निमित्त विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अधिकार दिइएको रकम अपर्याप्त भएमा वा त्यस वर्षको निमित्त विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न जरुरत परेमाः वा

(ख) त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा अधिकृत भएको रकमभन्दा बढी खर्च हुन गएमा ।

(२) पूरक अनुमानमा राखिएको रकमशीर्षकहरूमा निर्दिष्ट गरी पूरक विनियोजन विधेयकमा राखिनेछ ।

१५३. <u>पेश्की खर्च :</u>

(१) यस भागका जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षका लागि अनुमान गरिएको व्ययको कुनै अंश अगावै पेस्कीका रुपमा ऐनद्वारा खर्च गर्न सकिनेछ ।

(२) धारा १५० मा गरिएको व्यवस्था अनुसार राजस्व र व्यको अनुमान पेश नगरिएसम्म पेस्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेस्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको तृतीयांशभन्दा बढी हुने छैन ।

(३) पेस्की खर्च ऐन अनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ ।

१५४. <u>उधारो खर्च :</u> यस भागमा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा बाहय आक्रमणको आशङ्का वा आन्तरिक विघ्न वा अन्य कारणले गर्दा स्थानीय वा राष्ट्रव्यापी सङ्कटको अवस्था भएमा धारा १५० अन्तर्गत चाहिने विवरण खुलाउन अव्यावहारिक वा राज्यको सुरक्षा वा हितका दृष्टिले अवाञ्छनीय देखिएमा प्रान्तप्रमुखबाट व्ययको विवरण मात्र भएको उधारो खर्च विधेयक जनप्रतिनिधि सभा समक्ष पेश गर्न लगाउनेछ ।

१५५. <u>आकस्मिक कोष :</u> ऐनद्वारा प्रान्तीय आस्मिक कोषका नामले एउटाकोष स्थापना गर्न सकिनेछ र उक्त कोषमा समय समयमा ऐनद्वारा निर्धारण भए अनुसारको रकम जम्मा गरिनेछ । सो कोष प्रान्तीय सरकारको नियन्त्रणमा रहनेछ । प्रान्तीय सरकारले सो कोषबाट आकस्मिक कार्यको लागि खर्च गर्न सक्नेछ । त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र सोधभर्ना गरिनेछ ।

१५६. <u>आर्थिक कार्यविधि सम्बन्धी ऐन :</u> ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने कुरा र अरु आर्थिक कार्यविधि सम्बन्धी कुरा ऐनद्वारा व्यवस्थित हुनेछ ।

## भाग १४
## प्रान्तीय न्यायपालिका

१५७. प्रान्तीय न्याय सम्बन्धी अधिकार :

(१) प्रान्तीय न्याय सम्बन्धी अधिकार यो संविधान र प्रान्तको कानुन तथा न्यायका मान्य सिद्धान्तअनुसार प्रान्तीय अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गरिनेछ ।

(२) प्रान्तको न्यायपालिकाले स्वतन्त्र न्यायपालिका सम्बन्धी अवधारणा, मूल्यमान्यतालाई अनुसरण गरी संघीय लोकतन्त्रको भावनालाई आत्मसात गर्दै यस संविधान र सो संविधान बमोजिमको कानुनप्रति प्रतिवद्ध रहनेछ ।

१५८. प्रान्तीय अदालतहरू :

(१) प्रान्तमा देहाय बमोजिमका अदालतहरू रहनेछन् :-

(क) उच्च अदालत,

(ख) जिल्ला अदालत, विशेष स्वायत्त क्षेत्र अदालत/ थुम/इलाका अदालत

(ग) सामुदायिक अदालत, नगर/गाउँ न्यायालय

(२) उपधारा (१) मा लेखिएदेखि बाहेक खास किसिम र प्रकृतिका मुद्दाको कारवाही र किनारा गर्न प्रान्तको कानुनद्वारा अन्य न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिनेछ ।

तर कुनै खास मुद्दाको लागि प्रान्तको न्यायिक निकाय वा न्यायाधिकरणको गठन गरिने छैन ।

१५९. प्रान्तीय उच्च अदालत :

(१) प्रान्तीय न्यायपालिकाको सबैभन्दा माथिल्लो तह प्रान्तको उच्च अदालत हुनेछ ।

(२) प्रान्तको सबै अदालत र न्यायिक निकायहरू उच्च अदालतका मातहतमा हुनेछन् । उच्च अदालतले आफ्नो मातहतका अदालत र न्यायिक निकायहरूको निरीक्षण एवं सुपरीवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।



(३) प्रान्तको उच्च अदालत अभिलेख अदालत हुनेछ । यसले आफ्नो र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरूको अवहेलनामा कारवाही चलाई प्रान्तको कानुन बमोजिम सजाय गर्न सक्नेछ ।

(४) प्रान्तको ऐन कानुनको व्याख्या गर्ने अन्तिम अधिकार प्रान्तको उच्च अदालतमा निहित रहनेछ ।

(५) प्रान्तको प्रमुख न्यायाधीशका अतिरिक्त उच्च अदालतमा बढीमा चार जनासम्म अन्य न्यायाधीशहरू रहनेछन् । कुनै समयमा प्रान्तको उच्च अदालतमा मुद्दाको संख्या बढ्न गई न्यायाधीशहरूको संख्या अपर्याप्त हुन गएमा कुनै निश्चित अवधिका लागि अस्थायी न्यायाधीश नियुक्त गर्न सकिनेछ ।

१६०. प्रान्तको उच्च अदालतका न्यायाधीशहरूको नियुक्ति र योग्यता :

(१) प्रान्त प्रमुखले प्रान्तीय न्यायपरिषद्को सिफारिसमा उच्च अदालतको प्रमुख न्यायाधीश तथा अन्य न्यायाधीशहरूको नियुक्ति गर्नेछ ।

(२) प्रान्तको उच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति उच्च अदालतको प्रमुख न्यायाधीशको पदमा नियुक्त हुन योग्य मानिनेछ ।

(३) प्रान्तको जिल्ला अदालतको न्यायाधीश वा सो सरहको न्यायपालिका वा न्याय सेवाको कुनै राजपत्रांकित द्रोश्रो श्रेणी वा सो भन्दा माथिल्लो पदमा कम्तीमा बाह्र वर्ष काम गरेको वा कानुनमा स्नातक अधिवक्ता वा वरिष्ठ अधिवक्ताको हैसियतमा कम्तीमा दश वर्ष वकालत गरेको वा कम्तीमा दश वर्षसम्म न्याय वा कानुनको क्षेत्रमा काम गरी विशिष्ठ कानुनविदका रूपमा ख्याति प्राप्त गरेको व्यक्ति मात्र उच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिनेछ ।

(४) प्रान्तको प्रमुख न्यायाधीशको पद रिक्त भएमा वा अरु कुनै कारणले अदालतमा उपस्थित नहुने अवस्था परेमा उच्च अदालतको वरिष्ठतम न्यायाधीशले कायम मुकायम मुख्य न्यायाधीश भई काम गर्नेछ ।

(५) प्रान्तको प्रमुख न्यायाधीश र उच्च अदालतका अन्य न्यायाधीशहरू पैसट्ठी वर्षको उमेरसम्म आफ्नो पदमा वहाल रहनेछन् ।

१६१. प्रमुख न्यायाधीश तथा न्यायाधीशहरूको सेवाका शर्त तथा सुविधा:

(१) उच्च अदालतको प्रमुख न्यायाधीश तथा कम्तीमा पाँच वर्ष उच्च अदालतमा स्थायी सेवा गरेको न्यायाधीशले अवकाश प्राप्त गर्दा

प्रान्तीय कानुनमा व्यवस्था भएबमोजिम सुविधा र निवृत्तिभरण पाउनेछन् ।

(२) प्रान्तीय ऐन कानुनमा व्यवस्था गरिएकोमा बाहेक उच्च अदालतको प्रमुख न्यायाधीश तथा न्यायाधीशको पारिश्रमिक, बिदा, भत्ता, निवृत्तिभरण र सेवाका अन्य शर्तहरू प्रान्तीय कानुनद्वारा व्यवस्थित हुनेछन् ।

(३) उपधारा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि महाभियोगद्वारा पदमुक्त भएका प्रान्तको उच्च अदालतको प्रमुख न्यायाधीश तथा न्यायाधीशले उपदान वा निवृत्तिभरण पाउने छैन ठ।

(४) प्रान्तको उच्च अदालतको प्रमुख न्यायाधीश वा न्यायाधीशलाई मर्का पर्ने गरी निजको पारिश्रमिक, सुविधा वा सेवाका अन्य शर्त तोकिने छैन ।

१६२. प्रमुख न्यायाधीश तथा उच्च अदालतको न्यायाधीश पद मुक्त हुने :

(१) देहायको अवस्थामा प्रान्तको प्रमुख न्यायाधीश वा उच्च अदालतको अन्य कुनै न्यायाधीश आफ्नो पदबाट मुक्त भएको मानिनेछः-

(क) प्रमुख न्यायाधीशले प्रान्त प्रमुख समक्ष र न्यायाधीशले प्रमुख न्यायाधीश समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पैंसट्ठी वर्षको उमेर पूरा भएमा,

(ग) जनप्रतिनिधि सभाबाट महाभियोग प्रस्ताव पारित भएमा,

(घ) निजको मृत्यु भएमा ।

(२) प्रान्तको प्रमुख न्यायाधीश वा अन्य कुनै न्यायाधीश कार्यक्षमताको अभाव, खराब आचरण, इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको, शारीरिक वा मानसिक कारणले कार्य सम्पादन गर्न असमर्थ भएको भन्ने आधारमा जनप्रतिनिधि सभामा महाभियोग प्रस्ताव प्रस्तुत गर्न सकिनेछ र सो प्रस्ताव तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा निज स्वतः पदमुक्त हुनेछ ।

(३) उपधारा (२) बमोजिम महाभियोगको कारवाही प्रारम्भ भएपछि सो कारवाहीको टुङ्गो नलागेसम्म आरोप लागेको प्रमुख न्यायाधीश वा न्यायाधीशले आफ्नो पदको कार्य गर्ने छैन ।



१६३. प्रमुख न्यायाधीश तथा न्यायाधीशलाई अन्य कुनै पदमा काममा लगाउन नहुने :

(१) प्रान्तको उच्च अदालतको प्रमुख न्यायाधीश वा न्यायाधीशलाई न्यायाधीशको पदमा बाहेक अन्य कुनै पदमा काममा लगाइने वा काजमा खटाइने छैन ।

तर प्रान्तको सरकारले प्रान्तीय न्यायपरिषद्संग परामर्श लिई उच्च अदालतको प्रमुख न्यायाधीश वा न्यायाधीशलाई न्यायिक जाँचबुझको काममा वा केही खास अवधिको लागि कानुन वा न्याय सम्बन्धी अनुसन्धान, अन्वेषण वा प्रान्तको सरोकारको अन्य कुनै काममा जिम्मेवारी दिन सक्नेछ ।

(२) प्रान्तको उच्च अदालतको प्रमुख न्यायाधीश वा न्यायाधीश भइसकेको व्यक्तिले कुनै पनि प्रान्तीय अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्न पाउने छैन ।

१६४. प्रान्तको उच्च अदालतको अधिकार क्षेत्र :

(१) यस संबिधानको धारा ८३ मा जे सुकै लेखिएको भए तापनि यस संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएकोले वा अन्य कुनै कारणले कुनै कानुन यो संविधानसँग बाझिएको हुँदा सो कानुन वा त्यसको कुनै भाग बदर घोषित गरी पाउँ भनी प्रान्तका कुनै पनि नेपाली नागरिकले प्रान्तको उच्च अदालतमा निवेदन दिन सक्नेछ र सो अनुसार कुनै कानुन संविधानसंग बाझिएको देखिएमा सो कानुनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि आफ्नो प्रान्त भित्र लागू हुने गरी अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार उच्च अदालतलाई हुनेछ ।

(२) यस संबिधानको धारा ८३ मा जेसुकै लेखिएको भए तापनि यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरूपणको लागि आफ्नो प्रान्त भित्र लागू हुने गरी आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार प्रान्तको उच्च अदालतलाई

हुनेछ । सो प्रयोजनको लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न उच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

तर अधिकार क्षेत्रको अभाव भएकोमा बाहेक केन्द्रीय संसद र प्रान्तको प्रान्तीय संसदले चलाएको विशेषाधिकारको कारवाही र तत्सम्बन्धमा तोकेको सजायमा यस उपधारा अन्तर्गत उच्च अदालतले हस्तक्षेप गर्ने छैन ।

(३) प्रान्तको उच्च अदालतलाई कानुनमा व्यवस्था भए बमोजिम शुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने, साधक जाँच्ने, मुद्दा दोहऱ्याउने वा निवेदन सुन्ने अधिकार हुनेछ ।

(४) प्रान्तको उच्च अदालतले कानुनद्वारा तोकिएका अवस्था र शर्तमा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्नेछ । यसरी पुनरावलोकन गर्दा पहिला फैसला गर्दाका न्यायाधीश बाहेक अन्य न्यायाधीशले गर्नेछन् ।

(५) प्रान्तको उच्च अदालतको अन्य अधिकार तथा कार्यविधि प्रान्तको कानुनद्वारा तोकिए बमोजिम हुनेछ ।

१६५. <u>जिल्ला अदालत, विशेष स्वायत्त क्षेत्र अदालत तथा थुम , इलाका र समुदायिक अदालतको स्थापना, व्यवस्था र अधिकार क्षेत्र :</u> यस संविधानको अधीनमा रही जिल्ला अदालत, विशेष स्वायत्त क्षेत्रीय अदालत तथा थुम, इलाका र समुदायिक अदालत, नगर न्यायालय तथा प्रान्तको उच्च अदालत मातहतका अन्य अदालत तथा न्यायिक निकायहरूको स्थापना र व्यवस्था प्रान्तको कानुनद्वारा निर्धारण गरिनेछ ।

१६६. <u>विशेष स्वायत्त क्षेत्र अदालत तथा थुम र इलाका अदालत र जिल्ला अदालतको न्यायाधीशको नियुक्ति, योग्यता र सेवाका शर्त तथा सुविधाहरू :</u>

(१) प्रान्तीय न्यायपरिषद्को सिफारिसमा प्रान्त प्रमुखले जिल्ला अदालत, विशेष स्वायत्त क्षेत्र अदालत तथा थुम, इलाका अदालतको न्यायाधीश तथा नगर/गाउँ न्यायलयको न्यायाधीशको नियुक्ति गर्नेछ ।



(२) कानुनमा स्नातकोपाधि प्राप्त गरी कम्तीमा सात वर्ष काम गरेको वा कानुनमा स्नातक अधिवक्ताको रूपमा कम्तीमा पाँच वर्ष वकालत गरेको वा कम्तीमा पाँच वर्ष कानुनको अध्यापन, अन्वेषण वा कानुन वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा काम गरेको नेपाली नागरिक जिल्ला अदालत, विशेष स्वायत्त क्षेत्र अदालत तथा थुम र इलाका अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा नियुक्तिको लागि योग्य मानिनेछ ।

(३) गाउँ वा नगर न्यायलयको न्यायाधीशको पदमा नियुक्तिको लागि चाहिने योग्यता कानुनमा व्यवस्था भए बमोजिम. हुनेछ ।

(४) जिल्ला अदालत, विशेष स्वायत्त क्षेत्र अदालत तथा थुम र इलाका अदालतको मुख्य न्यायाधीश, न्यायाधीश तथा जिल्ला अदालतको न्यायाधीशको पारिश्रमिक, भत्ता, निवृत्तिभरण, बिदा, उपदान र सेवाका अन्य सुविधा र सेवाका अन्य शर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् ।

(५) देहायको अवस्थामा जिल्ला अदालत, विशेष स्वायत्त क्षेत्र अदालत तथा थुम र इलाका अदालत वा जिल्ला अदालतको न्यायाधीश आफ्नो पदबाट मुक्त भएको मानिनेछः-

(क) निजले प्रमुख न्यायाधीश समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पैंसठ्ठी वर्षको उमेर पूरा भएमा,

(ग) कार्यक्षमताको अभाव, खराब आचरण, इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको, शारीरिक वा मानसिक कारणले कार्य सम्पादन गर्न असमर्थ भएको, न्यायमा विचलित भएको भन्ने आधारमा पदमुक्त गर्ने भनी प्रान्तीय न्यायपरिषद्को निर्णय बमोजिम प्रान्त प्रमुखले पदमुक्त गरेमा,

यस खण्ड बमोजिम आरोप लागेको जिल्ला अदालत, विशेष स्वायत्त क्षेत्र अदालत तथा थुम र इलाका अदालत न्यायाधीशलाई आफ्नो सफाई पेश गर्न मनासिव मौका दिइनेछ र सो प्रयोजनको लागि निजसंग बयान लिन, प्रमाण सङ्कलन गर्न र राय सहितको प्रतिवेदन पेश गर्न प्रान्तीय न्यायपरिषद्ले जाँचबुझ समितिको गठन गर्न सक्नेछ । सो समितिको कार्यविधि कानुनद्वारा निर्धारित हुनेछ ।

(घ) निजको मृत्यु भएमा ।

१६७. विशेष स्वायत्त क्षेत्र अदालत, थुम, इलाका अदालत र गाउँ/नगर अदालतको न्यायाधीशलाई अन्य कुनै पदमा सरुवा गर्न वा काममा लगाउन नहुने :

(१) कुनै न्यायाधीशलाई न्यायाधीशको पदमा बाहेक अन्य कुनै पदमा सरुवा गरिने, काम लगाइने वा काजमा खटाइने छैन ।

तर प्रान्तीय सरकारले न्याय परिषद्संग परामर्श लिई जिल्ला अदालत, विशेष स्वायत्त क्षेत्र अदालत तथा थुम र इलाका तथा गाउँ/नगर अदालतको न्यायाधीशलाई न्यायिक जाँचबुझको काममा वा केही खास अवधिको लागि कानुन वा न्याय सम्बन्धी अनुसन्धान, अन्वेषण वा राष्ट्र सरोकारको अन्य कुनै काममा खटाउन सक्नेछ ।

(२) न्याय परिषद्को सिफारिसमा प्रमुख न्यायाधीशले जिल्ला अदालत, विशेष स्वायत्त क्षेत्र अदालत तथा थुम र इलाका अदालत न्यायाधीशलाई एक अदालतबाट अर्को अदालतको न्यायाधीशमा सरुवा गर्न सक्नेछ ।

(३) मुद्दाको संख्या र न्यायिक निरूपण गरिनु पर्ने विवादको विषय समेतको आधारमा कुनै अदालतको न्यायाधीशलाई केही समयको लागि समान तहको अन्य अदालतमा न्यायाधीश भई काम काज गर्न प्रमुख न्यायाधीशले पठाउन सक्नेछ ।

(४) कुनै क्षेत्रमा रहेका न्यायाधीशले भौगोलिक दृष्टिले नजिकको क्षेत्रको समान तहको अन्य अदालतमा रहेको मुद्दाको कारवाहीको क्रममा कानुनमा व्यवस्था भए बमोजिम विद्युतीय उपकरणको माध्यमबाट वा अन्य माध्यमबाट प्रारम्भिक तथा अन्तरिम आदेश दिने अधिकार उच्च अदालतले प्रदान गर्न सक्नेछ ।

१६८. मुद्दा सार्न सक्ने : कुनै अदालतमा दायर भएको मुद्दा सो अदालतबाट सुनुवाई हुँदा न्याय प्रभावित हुने अवस्था छ भन्ने कारणसंग उच्च अदालत सन्तुष्ट भएमा त्यस्तो मुद्दा समान तहको अन्य अदालतबाट सुनुवाई गर्न उच्च अदालतले आदेश दिन सक्नेछ ।

१६९. प्रमुख न्यायाधीशको जिम्मेवारी : प्रान्तीय न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रमख न्यायाधीशको हुनेछ र सो प्रयोजनको लागि निजले यस संविधान तथा अन्य प्रान्तीय



कानुनको अधीनमा रही उच्च अदालत तथा मातहतका अदालतलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१७०. प्रान्तीय न्याय परिषद् :

(१) यस संविधान बमोजिम न्यायाधीशहरूको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारबाही, बर्खास्ती र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूको सिफारिश गर्न वा परामर्श दिन प्रान्तीय न्याय परिषद् रहनेछ जसमा देहाय बमोजिम अध्यक्ष र सदस्यहरू हुनेछन्:-

(क) प्रमुख न्यायाधीश - अध्यक्ष

(ख) उच्च अदालतका वरिष्ठतम न्यायाधीश एकजना सदस्य

(ग) प्रान्तीय बार एशोसिएशनको सिफारिसमा प्रमुख न्यायाधीशद्वारा नियुक्त वरिष्ठ अधिवक्ता वा कम्तीमा बीस वर्षको अनुभव प्राप्त अधिवक्ता- सदस्य

घ) कानुनविद् मध्येवाट मुख्यमन्त्रीवाट मनोनित एक जना - सदस्य

(ङ) प्रान्तीय कानुन तथा न्यायमन्त्री - सदस्य

(२) उपधारा (१) को खण्ड (ग) र (घ) बमोजिमको सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको पारिश्रमिक तथा सुविधा उच्च अदालतको न्यायाधीशको सरह हुनेछ ।

(३) उपधारा (१) को खण्ड (ग) र (घ) बमोजिमको सदस्यलाई उच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।

(४) प्रान्तीय न्याय परिषद्को अध्यक्ष लगायतका सदस्यले कुनै न्यायाधीशको सम्बन्धमा पर्न आएको उजुरीसंग सम्बद्ध मुद्दाका कागजात तथा फायल मगाई अध्ययन गरी न्याय परिषद्मा त्यसको जानकारी दिन सक्नेछ ।

(५) कुनै न्यायाधीशको विषयमा पर्न आएको उजुरीको सम्बन्धमा प्रारम्भिक छानविन गराउँदा विशेषज्ञबाट विस्तृत छानवीन गर्नुपर्ने देखिएमा प्रान्तीय न्याय परिषद्ले जाँचबुझ समिति गठन गर्न सक्नेछ ।

(६) प्रान्तीय न्याय परिषद्को अन्य काम, कर्तव्य र अधिकार प्रान्तीय कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

१७१. प्रान्तको न्याय सेवा आयोग : प्रान्तको न्याय सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधि कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ।

१७२. अदालतलाई सहयोग गर्नुपर्ने: न्याय सम्पादनको कार्यमा उच्च अदालत र अन्य अदालतहरूलाई सहयोग गर्नु प्रान्तको सरकार र मातहतका सबै कार्यालय वा पदाधिकारीहरूको कर्तव्य हुनेछ।

१७३. प्रान्तको अदालतको आदेश र निर्णयलाई मान्नु पर्ने :

(१) मुद्दा मामिलाको रोहमा प्रान्तीय अदालतहरूले दिएको आदेश वा निर्णय प्रान्त क्षेत्रभित्रका सबैले पालन गर्नु पर्नेछ।

(२) मुद्दा मामिलाका रोहमा उच्च अदालतले गरेको कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त प्रान्त भित्र रहेका संघीय सरकार प्रान्तको सरकार तथा सबै अड्डा अदालतहरूले मान्नु पर्नेछ।

१७४. वार्षिक प्रतिवेदन :

(१) प्रान्तको उच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन प्रान्त प्रमुखसमक्ष पेश गर्नेछ र प्रान्त प्रमुखले त्यस्तो प्रतिवेदन प्रान्तीय संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ।



## भाग १५

## स्थानीय निकाय

**१७५.** प्रान्तीय सरकारले कानुन बनाई स्थानीय स्वशासन सम्बन्धी आवश्यक व्यवस्था गर्नेछ।

## भाग १६

## विशेष स्वायत्त क्षेत्र र स्वशासित इलाका

**१७६.** प्रान्तीय सरकारले अनुसूची २ मा उल्लिखित विशेष स्वायत्त क्षेत्र तथा स्वशासित इलाकाहरूमा बसोबास गर्ने लोपोन्मुख सीमान्तकृत, अल्पसंख्यक आदिवासी तथा जनजातिहरूलाई निम्न विशेष संरक्षणको व्यवस्था गर्नेछ।

(१) शिक्षा : प्रवीणता प्रमाण पत्र तह सम्म ईच्छाईएको भाषामा निःशुल्क अध्ययन गर्ने।

(२) स्वास्थ्य : सामान्य स्वास्थ्य उपचारको निःशुल्क सुविधा प्राप्त गर्ने।

(३) सुरक्षा : स्थानीय निकायका लागि आवश्यक सुरक्षाकर्मीको व्यवस्था गर्ने।

(४) आर्थिक : प्रान्तीय सरकारद्वारा निर्मित कानुनको व्यवस्था बमोजिम स्थानीय विशेष स्वायत्त क्षेत्र तथा स्वशासित इलाका भित्र कर असुल गर्ने तथा ठेक्का पट्टा प्रदान गर्ने।

(५) राजनीतिक : स्थानीय विशेष स्वायत्त क्षेत्र तथा स्वशासित इलाकाका लागि आवश्यक प्रतिनिधिहरूको छनौट गर्ने।

(६) सांस्कृतिक : स्थानीय विशेष स्वायत्त क्षेत्र तथा स्वशासित इलाकाभित्र रहेका जाती, भाषा, धर्म, बर्ण, लिंगको मौलिक संस्कृतिको संरक्षण गर्ने।

(७) प्रशासनिक : स्थानीय विशेष स्वायत्त क्षेत्र तथा स्वशासित इलाकाभित्र प्रशासनिक निकायमा आवश्यक कर्मचारीहरूको नियुक्ति समानुपातिक समावेशीको आधारमा गर्ने।

(८) खनिज नदी नाला जंगल : संघीय र प्रान्तीय सरकारले बनाएको कानुन अनुकुल हुने गरी स्थानीय विशेष स्वायत्त क्षेत्र तथा स्वशासित इलाकाभित्र पर्ने खनिज, नदी नाला, बन जंगल तथा प्राकृतिक स्रोत र साधनको उपभोग गर्ने ।

(९) न्याय : विशेष स्वायत्त क्षेत्र तथा स्वशासित इलाकामा विवाद निरोपण गर्न आवश्यकता अनुसारको मध्यस्थ तथा सामुदायिक न्याय निरोपण ईकाई गठन गर्ने ।



# भाग १७
## भाषा सम्बन्धी व्यवस्था

१७७. राष्ट्र भाषा : नेपालमा बोलिने सबै भाषाहरू राष्ट्र भाषाहरू हुनेछन् ।

१७८. संघीय सरकारको भाषा : नेपालमा बोलिने सम्पूर्ण मातृभाषा, सम्पर्क भाषा (खस भाषा) र अन्तराष्ट्रिय भाषाको रुपमा अंग्रेजी भाषा संघीय सरकारको कामकाजी भाषा हुनेछ ।

१७९. प्रान्तीय सरकारको भाषा :

(१) प्रत्येक प्रान्तमा बोलिने प्रान्तीय भाषाहरू (स्थानीय प्रान्त बाहुल भाषा) र सम्पर्क भाषा (खस भाषा) प्रान्तीय सरकारमा सरकारी कामकाजी भाषाको रुपमा प्रयोग हुनेछन् ।

(२) प्रान्तीय सरकारमा कामकाजी भाषाको रुपमा सम्बन्धित प्रान्तको भाषा भएता पनि सबै मातृभाषा र खस भाषाले कामकाजी भाषाको मान्यता पाउने छ ।

१८०. भाषिक संरक्षण : भाषिक समुदायहरू बीचको सामञ्जस्यतालाई संरक्षण गर्न, उनीहरूले परम्परागत भु-भागीय भाषिक विभाजनलाई सम्मान गर्नु र आदिवासी भाषा बोल्ने अल्पसंख्यक भाषिलाई प्रान्तीय सरकारले कानुन बनाई प्राथमिकताका साथ संरक्षण, सम्वर्द्धन र विकाश गर्नेछ ।

१८१. भाषिक संचार :

(१) एक प्रान्तको व्यक्ति अर्को प्रान्तमा जाँदा वा सम्पर्कमा आउंदा स्थानीय भाषा, सम्पर्क भाषा (खस भाषा) र अन्तर्राष्ट्रिय भाषा अंग्रेजी मध्ये कुन पनि प्रयोग गर्न सक्नेछ ।

(२) संघले संघीय तथा प्रान्तीय राज्य अन्तर्गत रहेको विभिन्न भाषिक समुदाय बीचको संचार कायम गर्न स्थानीय भाषाको प्रयोगमा प्राथमिकता दिने गरी कानुन बनाई व्यवस्थित गर्न सक्नेछ ।

१८२. मातृभाषामा शिक्षा :

(१) प्रान्तीय सरकारले कानुन बनाई प्रत्येक समुदायहरूलाई आफ्नो लिपि, मातृभाषाको संरक्षण, विकाश गर्न, मातृभाषामा वा ईच्छाएको भाषामा शिक्षा प्रदान गर्न तथा आर्जन गर्न प्राथमिकता दिनेछ ।

(२) प्रान्तीय सरकारले कानुन बनाई प्रत्येक नागरिकलाई राज्यबाट प्रवेशिका परीक्षा सम्म (एस. एल.सि.) आ आफ्नै मातृभाषा वा ईच्छाएको स्वेच्छिक भाषामा निःशुल्क शिक्षा दिन व्यवस्था गर्नेछ ।

(३) प्रत्येक प्रान्तमा मातृभाषामा उच्चशिक्षा अध्ययन, अध्यापनका लागि बहुभाषिक विश्वविद्यालय स्थापना गरिनेछ ।

१८३. लोपोन्मुख मातृभाषाको संरक्षण :

(१) लोपोन्मुख मातृभाषाको संरक्षण, संवर्द्धन र विकास गर्ने प्रमुख दायित्व संघीय तथा प्रान्तीय सरकारको हुनेछ । उक्त कार्यको लागि संघीय सरकारले आयोग गठन गर्न सक्नेछ ।

(२) लोपोन्मुख मातृभाषा तथा लिपि भएका जातिहरूको पहिचान गरी त्यस्तो भाषा तथा लिपि भएका जातिहरूले आफ्नो मातृभाषा तथा लिपिमा वा स्वेच्छिक भाषा मध्ये कुनै भाषा तथा लिपिमा र आफ्नो भाषा तथा लिपि नभएकाको जातिको हकमा स्वेच्छिक रुपमा लिपि चयन गरी आफ्नो मातृभाषा लिपिवद्ध गर्ने अधिकार त्यस्ता जातिहरूलाई हुनेछ ।

(३) नेपालमा बोलिन मातृभाषाको लिपि र भाषासँग सम्वन्धित सम्पदाहरूको प्रतिलिपि अधिकार सम्बन्धित समुदाय तथा जातिमा सुरक्षित रहनेछ ।

(४) प्रान्तभित्र बोलिने भाषाको विकास, संरक्षण, संवर्द्धन, अनुसन्धान र प्रयोगको व्यवस्था मिलाउने दायित्व प्रान्तीय सरकारको हुनेछ ।

(५) प्रान्तमा सरकारी वा निजि स्तरले सञ्चालन गर्ने श्रव्य, दृष्य, छापा तथा अन्य विद्युतीय सञ्चारमा स्थानीय रुपमा बोलिने मातृभाषामा निर्वाध रुपमा प्रचार/प्रसार गर्न दिईनेछ ।

१८४. भाषाको प्रयोग :

(१) प्रान्तीय इलाकाभित्र रहेका ऐतिहासिक स्थान, भूमि, वनजंगल, नदी नाला र प्राकृतिक स्रोत आदिको नामाकरण सोही समुदायको मौलिक भाषामा गर्न पाइने छ । हाल सम्म जातिगत भाषामा नामाङ्करण भएका प्राकृतिक स्रोत, साधन, स्थान र स्थलको संरक्षण गरिने तथा नाम परिवर्तन गरिने छैन ।



(२) न्यायपालिका, व्यवस्थापिका र कार्यपालिकामा छलफल, बहस, प्रसाशनिक प्रयोग तथा संचार गर्दा मातृभाषा वा ईच्छाएको सम्पर्क भाषामा गरिनेछ ।

(३) कुनैपनि व्यक्तिले चाहेको भाषा वा मातृभाषामा सूचना पाउने अधिकार हुनेछ ।

तर मातृभाषाको प्रयाप्त विकाश नभएको अवस्थामा उक्त भाषाको प्रयाप्त विकाश भई सकेपछि मात्र न्यायपालिका, व्यवस्थापिका र कार्यपालिकामा मातृभाषा मार्फत बहस, छलफल र सरकारी कामकाज गर्न सकिने गरी राज्यले कानुन बनाई त्यसको व्यवस्था गर्न सक्नेछ ।

१८५. विशेष व्यवस्था :

(१) प्रत्येक व्यक्तिले कुनै पनि तहको सरकारी वा गैर सरकारी कार्यालयको अधिकारी समक्ष निवेदन दिदां र मुद्दा दर्ता गर्दा वा प्रशासनिक संचार तथा संवाद गर्दा आफ्नो मातृभाषा प्रयोग गर्न पाउने अधिकार हुनेछ । त्यस्को व्यवस्था संघीय सरकारले कानुन बनाई व्यवस्थित गर्नेछ ।

(२) सार्वजनिक वा सरकारी पदाधिकारीले सपथ लिदां आफ्नो मातृभाषामा सपथ लिन पाईनेछ ।

## भाग १८

## अख्तियार दुरूपयोग अनुसन्धान आयोग

१८६. अख्तियार दुरूपयोग अनुसन्धान आयोग :

(१) नेपालमा एक संघीय अख्तियार दुरूपयोग अनुसन्धान आयोग रहनेछ जसमा प्रमुख आयुक्त र आवश्यक संख्यामा अन्य आयुक्तहरू रहनेछन् । प्रमुख आयुक्तका अतिरिक्त अन्य आयुक्त नियुक्त भएमा प्रमुख आयुक्तले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अध्यक्ष भई काम गर्नेछ ।

(२) उपधारा (४) को योग्यता भएको व्यक्तिहरू मध्येबाट संवैधानिक परिषद्ले सिफारिस गरेका व्यक्तिलाई राष्ट्राध्यक्षले छ वर्षका लागि प्रमुख आयुक्त र अन्य आयुक्तहरूको नियुक्ति गर्नेछ ।

तर -

(क) सो पदावधि पूरा हुनु अगावै प्रमुख आयुक्त वा आयुक्तको उमेर पैंसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) प्रमुख आयुक्त र आयुक्तलाई संघीय संसदको दुवै सदनको दुई तिहाई बहुमतको निर्णयबाट सो पदबाट हटाउन सकिनेछ ।

(३) देहायका अवस्थामा प्रमुख आयुक्त वा आयुक्तको पद रिक्त भएको मानिनेछ :-

(क) निजले राष्ट्राध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा रहेमा,

(ग) निजको मृत्यु भएमा ।

(४) प्रमुख आयुक्त वा आयुक्तको पदमा नियुक्तिको लागि निम्न योग्यता हुनुपर्नेछ ।

(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,



(ग) लेखा, राजश्व, इन्जिनियरिङ्ग, कानुन, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको,

(घ) चालिस वर्ष उमेर पूरा भएको, र

(ङ) उच्च नैतिक चरित्र कायम भएको ।

(५) प्रमुख आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । प्रमुख आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

(६) प्रमुख आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।

तर-

(क) अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आयुक्तलाई प्रमुख आयुक्तको पदमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै आयुक्त प्रमुख आयुक्तको पदमा नियुक्त भएकोमा निजको पदावधिको गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुराले बाधा पुऱ्याएको मानिने छैन ।

१८७. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार :

(१) संघीय तथा प्रान्तीय राज्यमा कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानुन बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ ।

तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्टै विशेष व्यवस्था भएको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन ।

(२) खराव आचरणका आधारमा महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने संघीय तथा प्रान्तीय राज्यका कुनै संवैधानिक पदाधिकारीहरू, न्याय परिषद्बाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीशहरू र सैनिक ऐन बमोजिम कार्वाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि कानुन बमोजिम अनुसन्धान र तहकिकात गर्न गराउन सक्नेछ ।

(३) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुन बमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दुरूपयोग गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निजलाई सचेत गराउन, विभागीय कारबाही वा कानुनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।

(४) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुन बमोजिम भ्रष्ट्राचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानुन बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

(५) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।

(६) यस संविधानको अधीनमा रही अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानुनद्वारा व्यवस्था भए बमोजिम हुनेछ ।

(७) अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।



१८८. वार्षिक प्रतिवेदन :

(१) यस संविधान बमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन संघीय संसद समक्ष पेश गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा संघ र प्रान्त मार्फत वर्षभरि परेका उजुरी, अनुसन्धान तहकिकात गरी कानुन बमोजिम अधिकार प्राप्त अदालतमा दायर गरेको र तामेलीमा राखेको मुद्दाको संख्या, अनुचित कार्य गरेकोमा सचेत गराएको वा विभागीय कारबाही वा अन्य कारबाहीका लागि संघ र प्रन्तमा लेखी पठाएको संख्या, भ्रष्टाचार निवारणका सम्बन्धमा भएको उपलब्धि तथा सो सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ ।

# भाग १९
# महालेखापरीक्षक

**१८९. महालेखापरीक्षक :**

(१) नेपालमा एक संघीय महालेखापरीक्षक हुनेछ ।

(२) उपधारा (४) को योग्यता भएको व्यक्तिहरू मध्येबाट संवैधानिक परिसदले सिफारिश गरेका व्यक्तिलाई राष्ट्राध्यक्षले छ वर्षका लागि महालेखापरीक्षकको रुपमा नियुक्ति गर्नेछ ।

तर -

(क) सो पदावधि पूरा हुनु अगावै महालेखापरीक्षकको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) महालेखा परीक्षकलाई संघीय संसदको दुवै सदनको दुई तिहाई बहुमतको निर्णयबाट सो पदबाट हटाउन सकिनेछ ।

(३) देहायका अवस्थामा महालेखापरीक्षकको पद रिक्त भएको मानिनेछ :-

(क) निजले राष्ट्राध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(४) महालेखापरीक्षकको पदमा नियुक्तिको लागि निम्न योग्यता हुनुपर्नेछ ।

(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा लेखामा स्नातकोपाधि प्राप्त गरी वा चार्टड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी नेपाल सरकारको विशिष्ठ श्रेणीमा काम गरेको वा लेखा परीक्षण सम्बन्धी काममा कम्तीमा बीस वर्ष अनुभव प्राप्त गरेको

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालीस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र कायम भएको ।

(५) महालेखापरीक्षकको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । महालेखापरीक्षक आफ्नो पदमा



बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

(६) महालेखापरीक्षक भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन । तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**१९०. महालेखापरीक्षकको काम, कर्तव्य र अधिकार :**

(१) संघीय तथा प्रन्तिय व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका, संघीय अख्तियार दुरूपयोग अनुसन्धान आयोग, संघीय महालेखापरीक्षक, संघीय लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्र मानव अधिकार आयोग, दलित आयोग, महिला आयोग, अपाङ्ग, यौनिक तथा अल्पसंख्यक आयोग, आदिवासी जनजाति आयोग, भाषा तथा संस्कृति आयोग, भूमि आयोग, प्रकृति स्रोत सम्पदा आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा अन्य संवैधानिक निकायको कार्यालय र नेपाली सेना एवं सशस्त्र प्रहरी नेपाल प्रहरी लगायतका संघीय तथा प्रान्तीय सबै सरकारी कार्यालय र अदालतको लेखा कानुनद्वारा निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी यस महालेखापरीक्षकवाट लेखापरीक्षण हुनेछ ।

(२) पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा संघीय तथा प्रान्तीय सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखा परीक्षकसंग परामर्श गरिनेछ । त्यस्तो संगठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनु पर्ने सिद्धान्तको सम्बन्धमा महालेखापरीक्षकले आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) महालेखापरीक्षकलाई उपधारा (१) बमोजिमको कामको लागि लेखा सम्बन्धी कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुनेछ । सो अनुसार महालेखापरीक्षक वा त्यसका कुनै कर्मचारीले माग गरेको जुनसुकै कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।

(४) उपधारा (१) अनुसार लेखापरीक्षण गरिने लेखा, सम्बन्धित कानुनका अधीनमा रही, महालेखा परीक्षकद्वारा तोकिएको ढाँचामा राखिनेछ ।

(५) उपधारा (१) मा उल्लेख भएका कार्यालयहरूको लेखाका अतिरिक्त अन्य कुनै कार्यालय वा संस्थाको महालेखा परीक्षकबाट लेखापरीक्षण गर्नुपर्ने गरी कानुनद्वारा व्यवस्था गर्न सकिनेछ ।

१९१. वार्षिक प्रतिवेदन :

(१) महालेखापरीक्षकले आफूले गरेको कामको वार्षिक प्रतिवेदन संघीय संसद समक्ष पेश गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त महालेखापरीक्षकबाट वर्षभरिमा लेखापरीक्षण गरेका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति, बेरुजु फछ्र्यौट गर्न गरेको प्रयास र बेरुजु फछ्र्यौटका सम्बन्धमा प्राप्त उपलब्धि, भ्रष्टाचारजन्य प्रकृतिको भई अनुसन्धान गर्नुपर्ने देखी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा लेखी पठाएको विवरण तथा लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ ।



# भाग २०
# लोकसेवा आयोग

१९२. लोकसेवा आयोग :

(१) नेपालमा एक संघीय लोकसेवा आयोग हुनेछ जसमा अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरू रहनेछन् ।

(२) उपधारा (३) को योग्यता भएको व्यक्तिहरू मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्राध्यक्षले छ वर्षका लागि लोकसेवा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ ।

तर

(क) सो पदावधि पूरा हुन अगावै लोकसेवा आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) लोकसेवा आयोगको अध्यक्ष र सदस्यलाई संघीय संसदको दुवै सदनको दुई तिहाई बहुमतको निर्णयबाट सो पदबाट हटाउन सकिनेछ ।

(३) लोकसेवा आयोगका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्यहरू बीस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रजीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्यगरी ख्यातिप्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन् ।

(४) देहायका अवस्थामा लोकसेवा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) निजले राष्ट्राध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(६) देहाय बमोजिम नभई कुनै व्यक्ति लोकसेवा आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि योग्य हुने छैन :-

(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालीस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र कायम भएको ।

(७) लोकसेवा आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । लोकसेवा आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्कापर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

(८) लोकसेवा आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुनेछैन ।

तर -

(क) लोकसेवा आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

१९३. <u>लोकसेवा आयोगको काम, कर्तव्य र अधिकार :</u>

(१) संघीय तथा प्रान्तीय राज्यको निजामती सेवाको पदमा नियुक्तिको निमित्त उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोकसेवा आयोगको कर्तव्य हुनेछ ।

तर सैनिक अधिकृत वा जवान, सशस्त्र प्रहरी वा प्रहरी कर्मचारीको सेवा वा पद तथा निजामती सेवा वा पद होइन भनी ऐनद्वारा तोकिएको अन्य सेवा वा पदलाई निजामती सेवा वा पद मानिनेछैन ।



(२) निजामती सेवाको निवृत्तिभरण पाउने पदमा लोकसेवा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन ।

(३) देहायका विषयमा लोकसेवा आयोगको परामर्श लिनु पर्नेछः-

(क) निजामती सेवाको शर्त सम्बन्धी कानुनको विषयमा,

(ख) निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाहीगर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ग) निजामती पदमा छ महिनाभन्दा बढी समयको लागि नियुक्तिगर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको निजामती सेवाको पदबाट अर्को प्रकारको निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट निजामती सेवामा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) लोकसेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोकसेवा आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा, र

(च) कुनै पनि निजामती कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

तर न्याय सेवा आयोग लोकसेवा आयोगको अधिकारक्षेत्रभित्र पर्ने छैन ।

(४) सैनिक सेवा, सशस्त्र प्रहरी सेवा वा प्रहरी सेवा वा अन्य सरकारी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोकसेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(५) कुनै सार्वजनिक संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी प्रचलित कानुन र त्यस्तो सेवाका पदको नियुक्ति, बढुवा र विभागीय कारबाहीगर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोकसेवा आयोगसंग त्यस्तो संस्थाले परामर्श लिन चाहेमा लोकसेवा आयोगले परामर्श दिन सक्नेछ ।

**स्पष्टीकरण :** यस धाराको प्रयोजनका लागि “सार्वजनिक संस्था” भन्नाले पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जाय जेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थालाई जनाउनेछ ।

(६) लोकसेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी सुम्पन सक्नेछ ।

(७) यस संविधानको अधीनमा रही लोकसेवा आयोगको अन्य काम, कर्तव्य र कार्यविधि कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

१९४. वार्षिक प्रतिवेदन :

(१) प्रत्येक वर्ष संघीय लोकसेवा आयोगले आफूले गरेको कामको प्रतिवेदन संघीय संसद समक्ष पेश गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त लोकसेवा आयोगले वर्षभरिमा उम्मेदवार छनौट गर्न लिएको परीक्षाको विवरण, सो परीक्षामा उत्तीर्ण परीक्षार्थी सम्बन्धी विवरण, विभिन्न निकायलाई परामर्श दिएको विवरण, निजामती कर्मचारीलाई विभागीय कारबाही र सजाय गर्दा दिएको परामर्शको विवरण र परामर्श बमोजिमको काम भए नभएको विवरण, कुनै सरकारी सेवाको पदको नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको बारेमा परामर्श दिएको भए सोको विवरण र भविष्यमा निजामती सेवाको सुधारको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

१९५. प्रान्तीय लोकसेवा आयोग गठन गर्न सकिने : प्रान्तीय संसदले चाहेमा ऐन बनाई प्रान्तीय लोकसेवा आयोग गठन गर्न सकने छ र त्यस्तो आयोगको गठन प्रकृया तथा काम कर्तव्य तथा अधिकार र अन्य कुरा ऐनद्वारा निर्धारण गरे बमोजिम हुनेछ । यस धारा अन्तर्गत क्षेत्र प्रान्तीय ऐनले प्रान्तीय लोकसेवा आयोगलाई संघीय लोकसेवा आयोगलाई स्वतन्त्र र निस्पक्ष रहने व्यवस्था गर्नु पर्नेछ ।



# भाग २१

# निर्वाचन आयोग

१९६. निर्वाचन आयोगः

(१) नेपालमा एक संघीय निर्वाचन आयोग हुनेछ जसमा प्रमुख निर्वाचन आयुक्त र अन्य चार जनासम्म निर्वाचन आयुक्तहरू रहनेछन् । प्रमुख निर्वाचन आयुक्तका अतिरिक्त अन्य निर्वाचन आयुक्त नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्नेछ ।

(२) उपधारा (१) को योग्यता भएको व्यक्तिहरू मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्राध्यक्षले छ वर्षका लागि प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको नियुक्ति गर्नेछ ।

तर

(क) सो पदावधि पूरा हुनु अगावै प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तलाई संघीय संसदको दुवै सदनको दुई तिहाई बहुमतको निर्णयबाट सो पदबाट हटाउन सकिनेछ ।

(३) देहायको अवस्थामा प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पद रिक्त भएको मानिनेछः-

(क) निजले राष्ट्राध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(४) देहाय बमोजिम नभई कुनै व्यक्ति प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पदमा नियुक्तिको लागि योग्य हुने छैनः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालीस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र कायम भएको ।

(५) प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । प्रमुख निर्वाचन

आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

(६) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुनेछैन ।

तर

(क) निर्वाचन आयुक्तलाई प्रमुख निर्वाचन आयुक्तमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै आयुक्त प्रमुख आयुक्तको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

१९७. निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार :

(१) यो संविधान र अन्य कानुनको अधीनमा रही यस संविधान बमोजिम हुने जनमत सङ्ग्रह, संघीय तथा प्रान्तीय निकायको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ । सो प्रयोजनको लागि मतदाताहरूको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ ।

(२) निर्वाचन आयोगको आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त वा संघीय तथा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।

(३) यस संविधानको अधीनमा रही निर्वाचन आयोगका अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् ।

१९८. नेपाल सरकारले निर्वाचन आयोगलाई आवश्यक कर्मचारी उपलब्ध गराउनु पर्ने : यस संविधान बमोजिम निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य कुराहरू नेपाल सरकारले उपलब्ध गराउनेछ ।



# भाग २२
# मानव अधिकार आयोग

१९९. मानव अधिकार आयोग :

(१) नेपालमा एक मानव अधिकार आयोग हुनेछ जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्:

(क) मानव अधिकारको संरक्षण र सम्बर्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश पदबाट सेवा निवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र सम्बर्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट एकजना - अध्यक्ष

(ख) मानव अधिकारको संरक्षण र सम्बर्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट चारजना - सदस्य

(२) मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्दा महिला सहित विविध जातिहरूको विविधता कायम गर्नु पर्नेछ ।

(३) उपधारा (५) को योग्यता भएको व्यक्तिहरू मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्राध्यक्षले छ वर्षका लागि संघीय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

तर मानव अधिकार आयोगका अध्यक्ष र सदस्यलाई संघीय संसदको दुवै सदनको दुई तिहाई बहुमतको निर्णयबाट सो पदबाट हटाउन सकिनेछ ।

(४) देहायको अवस्थामा मानव अधिकार आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ:-

(क) निजले राष्ट्राध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (३) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(५) देहाय बमोजिमको योग्यता नभई कुनै व्यक्ति संघीय मानव अधिकार आयोगको अध्यक्ष वा सदस्य नियुक्ति हुन योग्य हुने छैन:

(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि हासिल गरेको,

(ख) उच्च नैतिक चरित्र कायम भएको ।

(६) मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । मानव अधिकार आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्तहरू बदलिने छैनन् ।

(७) मानव अधिकार आयोगका अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको लागि ग्राह्य हुनेछैन ।

तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा त्यस्तो विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

२००. मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार :

(१) मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।

(२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्नको लागि मानव अधिकार आयोगले देहायका काम गर्नेछः-

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित व्यक्ति आफैं वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानवीन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,

(ख) मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालना गर्न उदासिनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लंघन गर्ने व्यक्तिका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको सचेतना अभिवृद्धि गर्न नागरिक समाजसंग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारको उल्लंघनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसंग सम्बन्धित प्रचलित कानुनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारसंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा सोको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मानव अधिकारको उल्लंघनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुन बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रूपमा अभिलेख गर्ने ।

(३) मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालना गर्दा देहायको अधिकार प्रयोग गर्न सक्नेछः-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लंघन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लंघनसंग सम्बन्धित लिखत, प्रमाण वा सबुद कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लंघन भई रहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

(घ) मानव अधिकारको उल्लंघनबाट पीडित भएको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति दिन आदेश दिने,

(ङ) कानुनमा व्यवस्था भए बमोजिम अन्य अधिकारको प्रयोग र कर्तव्यको पालना गर्ने वा गराउने ।

(४) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक ऐनको क्षेत्राधिकारको विषयमा मानव अधिकार आयोगलाई क्षेत्राधिकार हुनेछैन ।

तर मानव अधिकार वा मानवीय कानुनको उल्लंघन भएको विषयमा कारबाही चलाउन बाधा पर्ने छैन ।

२०१. वार्षिक प्रतिवेदन :

(१) यस संविधान बमोजिम मानव अधिकार आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्राध्यक्ष समक्ष पेश गर्नेछ र राष्ट्राध्यक्षले त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त मानव अधिकार आयोगमा वर्षभरि परेका उजुरी, त्यस्तो उजुरीको सम्बन्धमा गरेको छानवीन र अनुसन्धानको विवरण, नेपाल सरकारलाई विभिन्न विषयमा गरेको सिफारिसको विवरण, मानव अधिकार उल्लंघन गर्ने व्यक्ति विरुद्ध कुनै मुद्दा दायर गरेको भए सोको संख्या, मानव अधिकारको संरक्षण र प्रवर्द्धनका सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ ।



# भाग २३
## महान्यायाधिवक्ता

२०२. महान्यायाधिवक्ताको नियुक्ति :

(१) नेपालमा एक संघीय महान्यायाधिवक्ता रहनेछ जसको नियुक्ति राष्ट्राध्यक्षबाट हुनेछ । महान्यायाधिवक्ता राष्ट्राध्यक्षको इच्छानुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछ ।

(२) सर्वोच्च अदालतको न्यायाधीश हुन सक्ने योग्यता नभई कुनै पनि व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्तिको लागि योग्य मानिने छैन ।

(३) देहायका अवस्थामा महान्यायाधिवक्ताको पद रिक्त भएको मानिनेछः-

(क) निजले राष्ट्राध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) राष्ट्राध्यक्षबाट निजलाई पदमुक्त गरिएमा,

(ग) निजको मृत्यु भएमा ।

(४) महान्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा सर्वोच्च अदालतको न्यायाधीश सरह हुनेछ । महान्यायाधिवक्ताको सेवाका अन्य शर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् ।

२०३. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार :

(१) महान्यायाधिवक्ता संघीय सरकारको मुख्य कानुनी सल्लाहकार हुनेछ । संघीय संवैधानिक एवं कानुनी विषयमा संघीय सरकार र संघीय सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुनेछ ।

(२) संघीय सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट संघीय सरकारको प्रतिनिधित्व गरिनेछ । यस संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष संघीय सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ ।

(३) उपधारा (२) को अधीनमा रही महान्यायाधिवक्तालाई देहायको काम गर्ने अधिकार हुनेछः-

(क) संघीय सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा संघीय सरकारको तर्फबाट प्रतिरक्षा गर्ने,

(ख) मुद्दा मामिलाका रोहमा संघीय सर्वोच्च अदालतले गरेको कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने,

(ग) हिरासतमा रहेको व्यक्तिलाई यस संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसंग वा कानुन व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानवीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

(४) यस धारामा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त संघीय महान्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार यो संविधान र अन्य संघीय कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

(५) आफ्नो पदीय कर्तव्यको पालना गर्दा महान्यायाधिवक्तालाई नेपालको संघीय अदालत, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

(६) महान्यायाधिवक्ताले यो धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका अधिकृतलाई सुम्पन सक्नेछ ।

२०४. वार्षिक प्रतिवेदन :

(१) महान्यायाधिवक्ताले प्रत्येक वर्ष यो संविधान र अन्य कानुन बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्राध्यक्ष समक्ष पेश गर्नेछ र राष्ट्राध्यक्षले त्यस्तो प्रतिवेदन संसद समक्ष पेश गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त महान्यायाधिवक्ताले वर्षभरिमा संघीय संवैधानिक एवं कानुनी विषयमा दिएको राय सल्लाहको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, अपराध सम्बन्धी



विवरण तथा सरकारवादी भई चल्ने मुद्दामा भविष्यमा गरिनु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ ।

२०५. प्रान्तीय न्यायाधिवक्ताको व्यवस्था : प्रान्तीय न्यायाधिवक्ता प्रान्तीय सरकारको प्रमुख कानुनी सल्लाहकार हुनेछ । प्रान्तीय राज्यले कानुन निर्माण गरी प्रान्तीय न्यायाधिवक्ताको व्यवस्था गर्न र निजको योग्यता, नियुक्ति, पारिश्रमिक र सेवाका अन्य शर्तहरू तय गर्न सक्नेछ ।

२०६. संसदमा उपस्थित हुन पाउने : महान्यायाधिवक्तालाई संघीय संसद वा त्यसको कुनै समितिको बैठकमा उपस्थित भई कुनै कानुनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने अधिकार हुनेछ ।
तर मत दिने अधिकार भने हुने छैन ।

# भाग २४
## अन्य आयोगहरू

२०७. दलित आयोग :

(१) नेपालमा एक संघीय दलित आयोग हुनेछ जसमा अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरू रहनेछन् ।

(२) उपधारा (३) को योग्यता भएको व्यक्तिहरू मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्राध्यक्षले छ वर्षका लागि दलित आयोगका अध्यक्ष र सदस्यहरूको रुपमा नियुक्ति गर्नेछ ।
तर

(क) सो पदावधि पूरा हुन अगावै दलित आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) दलित आयोगको अध्यक्ष र सदस्यलाई संघीय संसदको दुवै सदनको दुई तिहाई बहुमतको निर्णयबाट सो पदबाट हटाउन सकिनेछ ।

(३) दलित आयोगका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्यहरू दस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवा वा दलित उत्थान सम्बन्धी कार्यमा सक्रिय रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रजीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्यगरी ख्यातिप्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन् ।

(४) देहायका अवस्थामा दलित आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) निजले राष्ट्राध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(५) देहाय बमोजिम नभई कुनै व्यक्ति दलित आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि योग्य हुने छैन :-

(क) उपधारा (२) बमोजिम निज विद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,



(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालीस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र कायम भएको ।

(६) दलित आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । दलित आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्कापर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

(७) दलित आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।
तर -

(क) दलित आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(८) नेपालमा भएका दलित सम्बधीको अध्ययन तथा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्न र सो सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न कानुन बनाई संघीय सरकारले दलित आयोगको काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ । आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी सुम्पन सक्नेछ ।

२०८. प्रान्तीय दलित आयोग : प्रान्तीय राज्यले कानुन निर्माण गरी प्रान्तीय रुपमा दलित आयोगको स्थापना गर्न र त्यस्तो आयोगको अध्यक्ष, सदस्यको योग्यता, नियुक्ति, पारिश्रमिक र सेवाका अन्य शर्तहरू तय गर्न तथा दलित आयोगको काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ । निजहरू आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्कापर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

२०९. वार्षिक प्रतिवेदन :

(१) प्रत्येक वर्ष संघीय दलित आयोगले आफूले गरेको कामको प्रतिवेदन संघीय संसद समक्ष पेश गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त दलित आयोगले वर्षभरिमा गरेको कामको विवरणहरूसमेत उल्लेख गर्नु पर्नेछ ।

२१०. महिला आयोग:

(१) नेपालमा एक संघीय महिला आयोग हुनेछ जसमा अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरू रहनेछन् ।

(२) उपधारा (३) को योग्यता भएको व्यक्तिहरू मध्येबाट संघीय संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्राध्यक्षले छ वर्षका लागि महिला आयोगका अध्यक्ष र सदस्यहरूको रुपमा नियुक्ति गर्नेछ ।

तर

(क) सो पदावधि पूरा हुन अगावै महिला आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) महिला आयोगको अध्यक्ष र सदस्यलाई संघीय संसदको दुवै सदनको दुई तिहाई बहुमतको निर्णयबाट सो पदबाट हटाउन सकिनेछ ।

(३) महिला आयोगका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्यहरू दस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवा वा महिलाहरूको हक अधिकार सम्बन्धी कार्यमा सकृय रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्र जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्यगरी ख्यातिप्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन् ।

(४) देहायका अवस्थामा महिला आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) निजले राष्ट्राध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,



(ग) निजको मृत्यु भएमा ।

(५) देहाय बमोजिम नभई कुनै व्यक्ति महिला आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि योग्य हुने छैन :-

(क) उपधारा (२) बमोजिम निज विद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालीस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र कायम भएको ।

(६) महिला आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । महिला आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्कापर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

(७) महिला आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।

तर -

(क) महिला आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(८) नेपालमा भएका महिला सम्बधीको अध्ययन तथा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्न र सो सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न कानुन बनाई संघीय सरकारले महिला आयोगको काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ । आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी सुम्पन सक्नेछ ।

## २११. वार्षिक प्रतिवेदनः

(१) प्रत्येक वर्ष संघीय महिला आयोगले आफूले गरेको कामको प्रतिवेदन संघीय संसद समक्ष पेश गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त महिला आयोगले वर्षभरिमा गरेको कामको विवरणहरूसमेत उल्लेख गर्नु पर्नेछ ।

## २१२. प्रान्तीय महिला आयोग :

(१) प्रान्तीय राज्यले कानुन निर्माण गरी प्रान्तीय रुपमा महिला आयोगको स्थापना गर्न र त्यस्तो आयोगको अध्यक्ष, सदस्यको योग्यता, नियुक्ति, पारिश्रमिक र सेवाका अन्य शर्तहरू तय गर्न सक्नेछ । निजहरू आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्कापर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

## २१३. मुस्लिम तथा धार्मिक अल्पसंख्यक आयोगः

(१) नेपालमा एक संघीय मुस्लिम तथा धार्मिक अल्पसंख्यक आयोग हुनेछ जसमा अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरू रहनेछन् ।

(२) उपधारा (३) को योग्यता भएको व्यक्तिहरू मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्राध्यक्षले छ वर्षका लागि मुस्लिम तथा धार्मिक अल्पसंख्यक आयोगको अध्यक्ष र सदस्यहरूको रुपमा नियुक्ति गर्नेछ ।

तर

(क) सो पदावधि पूरा हुन अगावै मुस्लिम तथा धार्मिक अल्पसंख्यक आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) मुस्लिम तथा धार्मिक अल्पसंख्यक आयोगको अध्यक्ष र सदस्यलाई संघीय संसदको दुवै सदनको दुई तिहाई बहुमतको निर्णयबाट सो पदबाट हटाउन सकिनेछ ।

(३) मुस्लिम तथा धार्मिक अल्पसंख्यक आयोगका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्यहरू बीस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवा वा मुस्लिम तथा धार्मिक अल्पसंख्यकको हक अधिकार सम्बन्धी कार्यमा सकृय रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू समाजशास्त्र वा राष्ट्र जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्यगरी ख्यातिप्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन् ।



(४) मुस्लिम तथा धार्मिक अल्पसंख्यक आयोगको काम कर्तव्य र अधिकार तथा कार्यविधि सम्बन्धी कुरा कानुनद्वारा व्यवस्था गरिनेछ ।

## २१४. अपाङ्ग, यौनिक तथा लैंगिक र अन्य अल्पसंख्यक आयोग :

(१) नेपालमा एक संघीय अपाङ्ग, यौनिक तथा लैंगिक र अन्य अल्पसंख्यक आयोग हुनेछ जसमा अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरू रहनेछन् ।

(२) उपधारा (३) को योग्यता भएको अल्पसंख्यक, लोपोन्मुख जाति तथा अपाङ्ग, यौनिक तथा लैंगिक र अन्य अल्पसंख्यक व्यक्तिहरू मध्येबाट संघीय संसदको तल्लो सदनबाट निर्वाचित व्यक्तिलाई राष्ट्राध्यक्षले छ वर्षका लागि अपाङ्ग, यौनिक तथा लैंगिक अल्पसंख्यक आयोगका अध्यक्ष र सदस्यहरूको रुपमा नियुक्ति गर्नेछ ।

तर

(क) सो पदावधि पूरा हुन अगावै अपाङ्ग, यौनिक तथा लैंगिक र अन्य अल्पसंख्यक आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) अपाङ्ग, यौनिक तथा लैंगिक र अन्य अल्पसंख्यक आयोगको अध्यक्ष र सदस्यलाई संघीय संसदको दुवै सदनको दुई तिहाई बहुमतको निर्णयबाट सो पदबाट हटाउन सकिनेछ ।

(ग) अपाङ्ग, यौनिक तथा लैंगिक र अन्य अल्पसंख्यक आयोगका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्यहरू दश वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवा वा अपाङ्ग, यौनिक तथा लैंगिक र अन्य अल्पसंख्यकहरूको हक अधिकार सम्बन्धी कार्यमा सक्रिय रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्र जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्यगरी ख्यातिप्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन् ।

(३) देहायका अवस्थामा अपाङ्ग, यौनिक तथा लैंगिक र अन्य अल्पसंख्यक आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) निजले राष्ट्राध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(४) देहाय बमोजिम नभई कुनै व्यक्ति अपाङ्ग, यौनिक तथा लैंगिक र अन्य अल्पसंख्यक आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि योग्य हुने छैन :-

(क) उपधारा (२) बमोजिम निज विश्व विद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालीस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र कायम भएको ।

(५) अपाङ्ग, यौनिक तथा लैंगिक र अन्य अल्पसंख्यक आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । अपाङ्ग, यौनिक तथा अल्पसंख्यक आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्कापर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

तर -

(क) अपाङ्ग, यौनिक तथा लैंगिक र अन्य अल्पसंख्यक आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(६) नेपालमा भएका यौनिक तथा लैंगिक र अन्य अल्पसंख्यकको बारेमा अध्ययन तथा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्न र सो सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न कानुन बनाई आयोगको काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ । आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा संघीय तथा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी सुम्पन सक्नेछ ।



२१५. <u>वार्षिक प्रतिवेदन :</u>

(१) प्रत्येक वर्ष संघीय अपाङ्ग, यौनिक तथा लैंगिक र अन्य अल्पसंख्यक आयोगले आफूले गरेको कामको प्रतिवेदन संघीय संसद समक्ष पेश गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त अपाङ्ग, यौनिक तथा अल्पसंख्यक आयोगले वर्षभरिमा गरेको कामको विवरणहरूसमेत उल्लेख गर्नु पर्नेछ ।

२१६. <u>प्रान्तीय अपा□, यौनिक तथा अल्पसंख्यक आयोग :</u> प्रान्तीय राज्यले कानुन निर्माण गरी प्रान्तीय रुपमा अपाङ्ग, यौनिक तथा अल्पसंख्यक आयोगको स्थापना गर्न र त्यस्तो आयोगको अध्यक्ष, सदस्यको योग्यता, नियुक्ति, पारिश्रमिक र सेवाका अन्य शर्तहरू तय गर्न सक्नेछ । निजहरू आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्कापर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

२१७. <u>आदिवासी जनजाति, भाषा तथा संस्कृति आयोग :</u>

(१) नेपालमा एक संघीय आदिवासी जनजाति, भाषा तथा संस्कृति आयोग हुनेछ जसमा अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरू रहनेछन् ।

(२) उपधारा (३) को योग्यता भएको व्यक्तिहरू मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्राध्यक्षले छ वर्षका लागि आदिवासी जनजाति, भाषा तथा संस्कृति आयोगका अध्यक्ष र सदस्यहरूको रुपमा नियुक्ति गर्नेछ ।

तर

(क) सो पदावधि पूरा हुन अगावै आदिवासी जनजाति, भाषा तथा संस्कृति आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) आदिवासी जनजाति, भाषा तथा संस्कृति आयोगको अध्यक्ष र सदस्यलाई संघीय संसदको दुवै सदनको दुई तिहाई बहुमतको निर्णयबाट सो पदबाट हटाउन सकिनेछ ।

(३) आदिवासी जनजाति, भाषा तथा संस्कृति आयोगका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्यहरू बीस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवा वा आदिवासी जनजातिहरूको भाषा, लिपी तथा हक अधिकार सम्बन्धी कार्यमा

सक्रिय रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्र जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्यगरी ख्यातिप्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन् ।

(४) देहायका अवस्थामा आदिवासी जनजाति, भाषा तथा संस्कृति आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) निजले राष्ट्राध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(५) देहाय बमोजिम नभई कुनै व्यक्ति आदिवासी जनजाति, भाषा तथा संस्कृति आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि योग्य हुने छैन :-

(क) उपधारा (२) बमोजिम निज विश्व विद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालीस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र कायम भएको ।

(६) आदिवासी जनजाति, भाषा तथा संस्कृति आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । आदिवासी जनजाति, भाषा तथा संस्कृति आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्कापर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।
तर -

(क) आदिवासी जनजाति, भाषा तथा संस्कृति आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त



भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(७) नेपालमा भएका आदिवासी जनजातिको भाषा तथा संस्कृति सम्बन्धी अध्ययन तथा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्न र सो सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न कानुन बनाई संघीय सरकारल आदिवासी जनजाति, भाषा तथा संस्कृति आयोगको काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ । आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी सुम्पन सक्नेछ ।

२१८. <u>वार्षिक प्रतिवेदन :</u>

(१) प्रत्येक वर्ष संघीय आदिवासी जनजाति, भाषा तथा संस्कृति आयोगले आफूले गरेको कामको प्रतिवेदन संघीय संसद समक्ष पेश गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आदिवासी जनजाति, भाषा तथा संस्कृति आयोगले वर्षभरिमा गरेको कामको विवरणहरूसमेत उल्लेख गर्नु पर्नेछ ।

३०९. <u>प्रान्तीय आदिवासी जनजाति, भाषा तथा संस्कृति आयोग :</u>
प्रान्तीय राज्यले कानुन निर्माण गरी प्रान्तीय रुपमा आदिवासी जनजाति, भाषा तथा संस्कृति आयोगको स्थापना गर्न र त्यस्तो आयोगको अध्यक्ष, सदस्यको योग्यता, नियुक्ति, पारिश्रमिक र सेवाका अन्य शर्तहरू तय गर्न सक्नेछ । निजहरू आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्कापर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

२२०. <u>भूमि आयोग :</u>

(१) नेपालमा एक संघीय भूमि आयोग हुनेछ जसमा अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरू रहनेछन् ।

(२) उपधारा (३) को योग्यता भएको व्यक्तिहरू मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्राध्यक्षले छ वर्षका लागि भूमि आयोगका अध्यक्ष र सदस्यहरूको रुपमा नियुक्ति गर्नेछ ।
तर -

(क) सो पदावधि पूरा हुन अगावै भूमि आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) भूमि आयोगको अध्यक्ष र सदस्यलाई संघीय संसदको दुवै सदनको दुई तिहाई बहुमतको निर्णयबाट सो पदबाट हटाउन सकिनेछ ।

(३) भूमि आयोगको सदस्यहरू मध्ये कम्तीमा पचास प्रतिशत सदस्यहरू बीस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवा वा भूमि हक अधिकार सम्बन्धी कार्यमा सक्रिय रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्र जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्यगरी ख्यातिप्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन् ।

(४) देहायका अवस्थामा भूमि आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) निजले राष्ट्राध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(५) देहाय बमोजिम नभई कुनै व्यक्ति भूमि आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि योग्य हुने छैन :-

(क) उपधारा (२) बमोजिम निज विश्व विद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालीस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र कायम भएको ।

(६) भूमि आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । भूमि आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्कापर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

तर -

(क) भूमि आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।



(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(७) नेपालमा भएका भूमि सम्बन्धी अध्ययन तथा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्न र सो सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न कानुन बनाई संघीय सरकारल भूमि आयोगको काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ । आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा संघीय तथा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी सुम्पन सक्नेछ ।

२२१. <u>वार्षिक प्रतिवेदन :</u>

(१) प्रत्येक वर्ष संघीय भूमि आयोगले आफूले गरेको कामको प्रतिवेदन संघीय संसद समक्ष पेश गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त भूमि आयोगले वर्षभरिमा गरेको कामको विवरणहरूसमेत उल्लेख गर्नु पर्नेछ ।

३१२. <u>प्रान्तीय भूमि आयोग :</u> प्रान्तीय राज्यले कानुन निर्माण गरी प्रान्तीय रुपमा भूमि आयोगको स्थापना गर्न र त्यस्तो आयोगको अध्यक्ष, सदस्यको योग्यता, नियुक्ति, पारिश्रमिक र सेवाका अन्य शर्तहरू तय गर्न सक्नेछ । निजहरू आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्कापर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

२२३. <u>प्राकृतिक स्रोत सम्पदा आयोग :</u>

(१) नेपालमा एक संघीय प्राकृतिक स्रोत सम्पदा आयोग हुनेछ जसमा अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरू रहनेछन् ।

(२) उपधारा (३) को योग्यता भएको व्यक्तिहरू मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्राध्यक्षले छ वर्षका लागि प्राकृतिक स्रोत सम्पदा आयोगका अध्यक्ष र सदस्यहरूको रुपमा नियुक्ति गर्नेछ ।

तर

(क) सो पदावधि पूरा हुन अगावै प्राकृतिक स्रोत सम्पदा आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) प्राकृतिक स्रोत सम्पदा आयोगको अध्यक्ष र सदस्यलाई संघीय संसदको दुवै सदनको दुई तिहाई बहुमतको निर्णयबाट सो पदबाट हटाउन सकिनेछ ।

(३) प्राकृतिक स्रोत सम्पदा आयोगको सदस्यहरू मध्ये कम्तीमा पचास प्रतिशत सदस्यहरू बीस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवा वा प्राकृतिक स्रोत सम्पदा सम्बन्धी कार्यमा सक्रिय रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्र जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्यगरी ख्यातिप्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन् ।

(४) देहायका अवस्थामा प्राकृतिक स्रोत सम्पदा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) निजले राष्ट्राध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(५) देहाय बमोजिम नभई कुनै व्यक्ति प्राकृतिक स्रोत सम्पदा आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि योग्य हुने छैन :-

(क) उपधारा (२) बमोजिम निज विश्व विद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालीस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र कायम भएको ।

(६) प्राकृतिक स्रोत सम्पदा आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । प्राकृतिक स्रोत सम्पदा आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्कापर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

तर -



(क) प्राकृतिक स्रोत सम्पदा आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(७) नोपलमा भएका प्राकृतिक स्रोत सम्पदा सम्बन्धी अध्ययन तथा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्न र सो सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न कानुन बनाई संघीय सरकारले प्राकृतिक स्रोत सम्पदा आयोगको काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ । आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा संघीय तथा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी सुम्पन सक्नेछ ।

२२४. वार्षिक प्रतिवेदन :

(१) प्रत्येक वर्ष संघीय प्राकृतिक स्रोत सम्पदा आयोगले आफूले गरेको कामको प्रतिवेदन संघीय संसद समक्ष पेश गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्राकृतिक स्रोत सम्पदा आयोगले वर्षभरिमा गरेको कामको विवरणहरूसमेत उल्लेख गर्नु पर्नेछ ।

२२५. प्रान्तीय प्राकृतिक स्रोत सम्पदा आयोग : प्रान्तीय राज्यले कानुन निर्माण गरी प्रान्तीय रुपमा प्राकृतिक स्रोत सम्पदा आयोगको स्थापना गर्न र त्यस्तो आयोगको अध्यक्ष, सदस्यको योग्यता, नियुक्ति, पारिश्रमिक र सेवाका अन्य शर्तहरू तय गर्न सक्नेछ । निजहरू आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्कापर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

# भाग २५

# राजनीतिक दल

२२६. राजनीतिक दललाई प्रतिबन्ध लगाउन बन्देज :

(१) समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिवद्ध व्यक्तिहरूले धारा ११ को उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांश (३) अन्तर्गत बनेको कानुनको अधीनमा रही आफ्नो इच्छानुसार राजनीतिक दल खोल्न, सञ्चालन गर्न र सो को विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सो प्रयोजनका लागि अन्य कुनै काम गर्न सक्नेछन् । त्यस्तो कुनै कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी बनाइएको कानुन वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिने र स्वतः अमान्य हुनेछ ।

(२) कुनै एउटै राजनीतिक दल वा एकै किसिमको राजनीतिक विचारधारा, दर्शन वा कार्यक्रम भएका व्यक्तिहरूले मात्र निर्वाचन, देशको राजनीतिक प्रणाली वा राज्य व्यवस्था सञ्चालनमा भाग लिन पाउने वा सम्मिलित हुन पाउने गरी बनाएको कानुन, गरिएको कुनै व्यवस्था वा निर्णय यस संविधान प्रतिकूल र स्वतः अमान्य हुनेछ ।

२२७. राजनीतिक दलको रूपमा निर्वाचनको लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्ने :

(१) निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्न चाहने प्रत्येक राजनीतिक दलले निर्वाचन आयोगद्वारा निर्धारण गरिएको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दर्ता गराउनु पर्नेछ । यस अनुसार दर्ता नगर्ने राजनीतिक दलहरूको नाम निर्वाचन आयोगको सूचीबाट हटाइने छ ।

(२) उपधारा (१) बमोजिम दर्ताको लागि निवेदन गर्दा प्रस्ताव दर्ता गर्न गरिएको राजनीतिक दलको विधान, घोषणापत्र र नियमावली पेश गरी अन्य कुराको अतिरिक्त देहायको विवरण खुलाउनु पर्नेछः-



(क) राजनीतिक दलको नाम र त्यसको प्रधान कार्यालय रहने ठेगाना,

(ख) राजनीतिक दलको कार्यकारिणी समिति वा सो सरहको समितिका सदस्य तथा अन्य पदाधिकारीको नाम र ठेगाना,

(ग) राजनीतिक दलको आयस्रोतको कोष र सो जुटाउने स्रोतको विवरण ।

(३) उपधारा (१) बमोजिम दर्ताको लागि निवेदन दिंदा कुनै पनि राजनीतिक दलले देहायका शर्तहरू पूरा गरेको हुनु पर्नेछः-

(क) राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक गणतान्त्रिक हुनुपर्छ,

(ख) राजनीतिक दलको विधान वा नियमावलीमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलका प्रत्येक तहका पदाधिकारीहरूको निर्वाचन हुने व्यवस्था हुनुपर्छ,

(ग) विभिन्न स्तरका कार्यकारिणी समितिमा पहिचान सहित महिला, दलित आदिवासी जनजाति लगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरू समेत रहने समावेशी व्यवस्था गरिएको हुनु पर्दछ,

(घ) दलको विधानमा दलको सदस्यहरूलाई अनुशासित तुल्याउने प्रभावकारी व्यवस्था गरिएको हुनुपर्छ ।

(४) कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्न केवल धर्म, जात, जाति, भाषा, यौन अभिमुखीकरण तथा लैंगिक पहिचान वा लिङ्गको आधारमा नेपाली नागरिकउपर भेदभावपूर्ण बन्देज लगाइएको वा कुनै राजनीतिक संगठन वा दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा मुलुकको धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पार्ने वा मुलुकलाई विखण्डित गर्ने प्रकृतिको वा त्यस्तो दलको विधान वा नियमावलीमा निर्दलीय वा एकदलीय व्यवस्थाको सम्बर्धन र संरक्षण गर्ने उद्देश्य रहेछ भने निर्वाचन आयोगले त्यस्तो संगठन वा दललाई दर्ता गर्ने छैन ।

(५) निर्वाचनको निम्ति दल दर्ता गर्ने प्रयोजनको लागि कम्तीमा दस हजार मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन आवश्यक पर्नेछ ।

तर अन्तरिम संघीय संसदमा प्रतिनिधित्व गर्ने दलहरूको हकमा यो प्रावधान लागू हुने छैन ।

(६) यस भागमा लेखिएदेखि बाहेक राजनीतिक दलको स्थापना, दर्ता, मान्यता तथा अन्य कुराहरू कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२२८. प्रान्तीय स्तरमा दल दर्ता गर्ने : प्रान्तीय निर्वाचनको निमित्त निर्वाचन आयोगले प्रान्तीय स्तरमा समेत दल दर्ता गर्न आवश्यक व्यवस्था मिलाउने छ ।



# भाग २६
# संकटकालीन अधिकार

२२९. संकटकालीन अधिकार :

(१) नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै प्रान्तको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङ्खलताको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा संघीय मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी सङ्कटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ ।

(२) उपधारा (१) बमोजिम गरिएको घोषणा वा आदेश सो आदेश भएको मितिले एक महिनाभित्र अनुमोदनको लागि संघीय संसदको बैठकमा पेश गरिने छ ।

(३) उपधारा (२) बमोजिम अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश संघीय संसदको दुबै सदनको बैठकमा उपस्थित सदस्यहरूको दुई-तिहाइ बहुमतले अनुमोदन गरेमा घोषणा वा आदेश भएको मितिले तीन महिनासम्म लागू रहनेछ ।

(४) उपधारा (२) बमोजिम संघीय संसदको बैठकमा अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश उपधारा (३) बमोजिम कुनै पनि सदनबाट अनुमोदन नभएमा सो घोषणा वा आदेश स्वतः निष्क्रिय भएको मानिनेछ ।

(५) उपधारा (१) को अवस्था अझै विद्यमान छ भनी उपधारा (३) बमोजिमको म्याद भुक्तान नहुँदै संसदको बैठकमा उपस्थित सदस्यहरूको दुई-तिहाइ बहुमतले प्रस्तावद्वारा निर्णय गरी अर्को एक पटक तीन महिनामा नबढाई सो प्रस्तावमा तोकिएको अवधिको लागि सङ्कटकालीन अवस्थाको घोषणा वा आदेशको म्याद बढाउन सक्नेछ ।

(६) उपधारा (१) बमोजिम सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश भएपछि त्यस्तो अवस्थाको निवारण गर्न संघीय मन्त्रिपरिषद्ले अनुसूचि (१) को कुनै पनि विषयमा आवश्यक आदेश जारी गर्न

सक्नेछ । त्यसरी जारी भएको आदेश सङ्कटकालीन अवस्था बहाल रहेसम्म कानुन सरह लागू हुनेछ ।

(७) उपधारा (१) बमोजिम संङ्कटकालीन अवस्था घोषणा वा आदेश भएपछि त्यस्तो अवस्थाको निवारण गर्न संघीय मन्त्री परिसदले प्रान्तीय मन्त्री परिषद्लाई आवश्यक निर्देशन जारी गर्न सक्ने छ र त्यसरी जारी भएको निर्देशन संङ्कटकाल रहेसम्म पालना गर्नु प्रन्तीय मन्त्री परिषद्को कर्तव्य हुनेछ । यसरी दिएको निर्देशन पालना नगर्ने प्रन्तीय सरकारलाई संङ्कटकाल अवधिभर निलम्बन गरी प्रत्यक्ष संघीय प्रशासन लागू गर्न सक्ने छ ।

(८) नेपाल सरकार संघीय मन्त्रिपरिषद्बाट उपधारा (१) बमोजिम सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश गरिंदा सो घोषणा वा आदेश बहाल रहेसम्मको लागि भाग ३ मा व्यवस्था भएका मौलिक हक निलम्बन गर्न सकिनेछ ।

तर धारा १२, १३, १५, १६, १७, १९, २०, २१, २८, ३० र ३१ संग सम्बन्धित मौलिक अधिकार र संवैधानिक उपचारको हकमा बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिने छैन ।

(९) उपधारा (७) बमोजिम यस संविधानको कुनै धारा निलम्बन गरिएकोमा सो धाराले प्रदान गरेको मौलिक हकको प्रचलनको लागि कुनै अदालतमा निवेदन दिन वा त्यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

(१०) उपधारा (१) बमोजिमको घोषणा वा आदेश बहाल रहेको अवस्थामा कुनै पदाधिकारीले कानुन विपरीत वा बदनियतसाथ कुनै काम गरेबाट कसैलाई कुनै प्रकारको क्षति भएको रहेछ भने निजले सो घोषणा वा आदेश समाप्त भएको मितिले तीन महिनाभित्र आफूलाई परेको क्षति बापत क्षतिपूर्तिको दावी गर्न सक्नेछ र दावी मनासिव ठहराएमा अदालतले उचित क्षतिपूर्ति भराइदिन सक्नेछ ।

(१०) उपधारा (१) बमोजिम गरिएको सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश नेपाल सरकार संघीय मन्त्रिपरिषद्बाट सो घोषणा वा आदेश बहाल रहेसम्म जुनसुकै बखत पनि फिर्ता लिन सकिनेछ ।



# भाग २७

## सेना सम्बन्धी व्यवस्था

२३०. <u>नेपाली सेनाको गठन :</u>

(१) नेपालमा नेपाली सेनाको एक संगठन रहनेछ ।

(२) नेपाली सेनाको प्रधान सेनापतिको नियुक्ति संघीय मन्त्रिपरिषद्ले गर्नेछ ।

(३) नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन कानुन बमोजिम संघीय मन्त्रिपरिषद्ले गर्नेछ ।

(४) नेपाली सेना सम्बन्धी अन्य कुराहरू कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२३१. <u>राष्ट्रसुरक्षा परिषद् :</u>

(१) नेपाली सेनाको परिचालन संचालन र प्रयोग गर्नका लागि संघीय मन्त्रिपरिषद्लाई सिफारिस गर्न नेपालमा एक राष्ट्रसुरक्षा परिषद् रहनेछ जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन् :-

(क) प्रधानमन्त्री - अध्यक्ष

(ख) रक्षा मन्त्री - सदस्य

(ग) गृह मन्त्री - सदस्य

(२) प्रधानमन्त्री र रक्षा मन्त्री एकै व्यक्ति रहेको अवस्थामा मन्त्रिपरिषद्को वरिष्ठतम सदस्य राष्ट्रसुरक्षा परिषद्को सदस्य हुनेछ ।

(३) राष्ट्रसुरक्षा परिषद्ले आफ्नो बैठकमा आवश्यकता अनुसार अन्य व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) राष्ट्रसुरक्षा परिषद्को सचिवको काम रक्षा मन्त्रालयको सचिवले गर्नेछ र निजको अनुपस्थितिमा प्रधानमन्त्रीले तोकेको अधिकृतले गर्नेछ ।

(५) प्राकृतिक विपत परेको कारणले नेपाली सेना परिचालन भएकोमा बाहेक सेना परिचालन सम्बन्धी नेपाल सरकार संघीय मन्त्रिपरिषद्बाट भएको निर्णय एक महिनाभित्र संघीय संसदले तोकेको विशेष समितिमा प्रस्तुत भई अनुमोदन हुनु पर्नेछ ।

(६) राष्ट्रसुरक्षा परिषद्ले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ ।

# भाग २८
## संविधान संशोधन

२३२. संविधान संशोधनको विधेयक प्रस्तुत गर्ने : संविधानको संशोधनको विधेयक संघीय संसदको कुनै पनि सदनमा प्रस्तुत गर्न सकिने छ। संशोधनको विधेयक संघीय संसदको दुवै सदनबाट कूल सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित हुनु पर्ने छ। र, त्यसरी पारित भएको विधेयक प्रान्तीय संसदहरू मध्ये बहुसंख्यक (प्रान्त)ले सामान्य बहुमतबाट अनुमोदन गरेमा लागू गर्न सकिनेछ।



# भाग २९
## विविध

२३३. संवैधानिक परिषद् :

(१) यस संविधान बमोजिम संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्न एउटा संवैधानिक परिषद् हुनेछ। जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन् :-

(क) प्रधानमन्त्री अध्यक्ष

(ख) प्रधान न्यायाधीश सदस्य

(ग) संघीय संसदको सभामुख सदस्य

(घ) माथिल्लो सदनको सभाध्यक्ष सदस्य

(ङ) प्रतिपक्ष दलका नेता सदस्य

(२) प्रधान न्यायाधीशको पद रिक्त भएको अवस्थामा प्रधान न्यायाधीशको नियुक्तिको सिफारिस गर्दा संवैधानिक परिषद्मा कानुन तथा न्याय मन्त्री सदस्यको रूपमा रहने छ।

(३) संवैधानिक अङ्गका पदाधिकारीको नियुक्ति सम्बन्धी कार्यविधि, संवैधानिक परिषद्को अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ।

(४) नेपाल सरकारको मुख्य सचिवले संवैधानिक परिषद्को सचिव भई काम गर्नेछ।

(५) नेपाली राजदूत र विशेष प्रतिनिधिः मन्त्रिपरिषद्ले नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्नेछ।

२३४. माफी : राष्ट्राध्यक्षले जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक, अर्ध न्यायिक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई माफी, मुलतवी, परिवर्तन वा कम गर्न सक्नेछ।

२३५. उपाधि, सम्मान र विभूषण : राष्ट्राध्यक्षबाट राज्यका तर्फबाट दिइने उपाधि, सम्मान र विभूषणहरू प्रदान हुनेछन्।

२३६. संघीय सरकारी सेवाको गठन : संघीय सरकारले मुलुकको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यक अन्य सरकारी सेवाहरूको गठन गर्न सक्नेछ। त्यस्ता सेवाहरूको गठन,

सञ्चालन र सेवाका शर्तहरू ऐनद्वारा निर्धारण गरिए बमोजिम हुनेछन् ।

२३७. प्रान्तीय सरकारी सेवाको गठन :

(१) प्रान्तीय सरकारले प्रान्तको प्रशासन सञ्चालन गर्न प्रान्तीय निजामति सेवा र आवश्यक अन्य प्रान्तीय सरकारी सेवाहरूको गठन गर्न सक्नेछ । त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्तहरू ऐनद्वारा निर्धारण गरिए बमोजिम हुनेछन् ।

(२) प्रान्तीय सरकारको माग अनुसार संघीय सरकारले संघीय निजामति सेवाका कर्मचारीहरू प्रान्तीय सरकारको सेवाको निम्ति काजमा खटाउने सक्नेछन् । यसरी खट्दा कर्मचारीको तलब भत्ता सुविधा प्रान्तीय सरकारलेनै व्यहोर्नु पर्नेछ ।

२३८. संवैधानिक निकायका पदाधिकारीहरूको नागरिकता सम्बन्धी व्यवस्था :

(१) यस संविधान बमोजिम नियुक्त हुने संवैधानिक पदहरूमा वंशज वा जन्मका नाताले नेपालको नागरिक हुनु पर्नेछ ।

२३९. सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन:

(१) नेपाल राज्य वा सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

(२) उपधारा (१) बमोजिम कानुन बनाउँदा अन्य कुराको अतिरिक्त देहायका विषयका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको दुई-तिहाइ बहुमतले गर्नु पर्ने शर्त राखिनेछः-

(क) शान्ति र मैत्री,

(ख) सुरक्षा एवं सामरिक सम्बन्ध,

(ग) नेपाल राज्यको सिमाना, र

(घ) प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड ।

तर खण्ड (क) र (घ) मा उल्लिखित विषयका सन्धि वा सम्झौता मध्ये राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन,



स्वीकृति वा समर्थन संघीय संसदको बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतबाट हुन सक्नेछ ।

(३) यो संविधान प्रारम्भ भएपछि हुने कुनै सन्धि वा सम्झौता यस धारा बमोजिम अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन नभएसम्म नेपाल सरकार वा नेपाल राज्यको हकमा लागू भएको मानिने छैन ।

(४) उपधारा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल राज्यको प्रादेशिक अखण्डतामा प्रतिकूल असर पर्ने गरी कुनै सन्धि वा सम्झौता गरिने छैन ।

२४०. स्वायत्तता तथा आत्मनिर्णयको अधिकार :

१) आधुनिक नेपालको राजनीतिक सीमाङ्कन हुनुभन्दा पहिले परापूर्वका कालदेखि आदिम भूस्वामीका रुपमा बसोबास गर्दै आएका सम्पूर्ण समुदायहरू हाल जहाँ र जनुसुकै अवस्थामा रहेबसेका भएतापनि आ-आफ्नो समुदायको समुचित राजनीतिक, आर्थिक, साँस्कृतिक एवम् भाषिक संरक्षण र सम्वर्द्धनका लागि आफ्नो मौलिक पहिचानका साथ आ-आफ्नो परम्परागत आदिभूमिमा आत्मनिर्णयको अधिकारसहित स्वशासनको अधिकार हुनेछ ।

तर,

क) सो क्षेत्रमा विभिन्न समयदेखि स्थायी रुपमा बसोबास गर्दै आएका अन्य फरक समुदायका व्यक्तिहरू रहेबसेको भएमा उनीहरूलाई सोही क्षेत्रमा बसोवास गरी बस्ने वा आफ्नै मौलिक समुदायद्वारा स्वशासित राज्यक्षेत्रमा स्थानान्तरण हुने आत्मनिर्णय गर्ने अधिकार सुरक्षित हुनेछ ।

ख) यदि उक्त समुदायका व्यक्तिहरूले आफू बसोबास गर्दै आएको क्षेत्रमा नै स्वेच्छाले रहनबस्न चाहको खण्डमा सम्बन्धित नीतिनिर्णयका सबै तह र क्षेत्रमा समानुपातिक प्रतिनिधित्वको अधिकार हुनेछ ।

ग) यसरी नेपाल राज्यको कुनैपनि क्षेत्रमा रहेबसेका विभिन्न अल्पसंख्यक समुदायहरूलाई यस संविधान तथा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मूल्य र मान्यताअनुसार

विना भेदभाव सम्पूर्ण अधिकार र सुविधाहरू सुनिश्चितन गरिनेछ ।

२) आ-आफ्नो परम्परागत आदिभूमिममा स्वशासनसम्बन्धी अन्तर्राष्ट्रिय मूल्य र मान्यताअनुसार छुट्टै प्रादेशिक/आञ्चालिक/जिल्ला/ नगर/ ग्रामीण वा इलाकीयस्तरका स्वायत्त राजनीतिक इकाइ निर्माण गरी ती क्षेत्रको राजनीतिक नेतृत्व गर्ने अग्राधिकार सम्बन्धित समुदायमा सुरक्षित रहनेछ ।

३) आ-आफ्नो परम्परागत आदिभूमिमा स्वशासित राजनीतिक इकाइअन्तर्गत सम्बन्धित समुदायलाई राज्यको मूल संविधानसँग नबाझिने गरिकन मानवअधिकारसम्बन्धी विश्वव्यापी मान्यता अन्तर्गत रही आफ्नो आवश्यकता अनुसार बेग्लै संविधान र कानुन बनाई लागू गर्ने अधिकार हुनेछ ।

४) आ-आफ्नो समुदायको भाषा, धर्म, संस्कृति, रिति-रिवाज, आस्था, मान्यता र व्यवसायलाई व्यहारमा लागू गरी त्यसको संरक्षण तथा सम्वर्द्धनका निमित्त आवश्यक कानुनी व्यवस्था तर्जुमा गर्न स्वशासित सरकारहरू स्वतन्त्र हुनेछन् ।

५) स्वशासित सरकारहरूलाई आफ्नो राजनीतिक इकाइभित्र आफ्नै मौलिक राज्यप्रणाली, शिक्षा, सञ्चार, अर्थ, वाणिज्य, यातायात, हुलाक, आप्रवाशन, वातावरणीय, प्राकृतिक स्रोतको व्यवस्थापन, कर आदि सम्बन्धी आवश्यक नीति-नियम तर्जुमा गर्ने तथा विकास र निर्माणका योजनाहरूछनौट गर्ने, लागू गर्ने र विकासको प्रतिफलमा साझा अधिकार हुनेछ ।

६) स्वशासित राज्यहरूलाई आफ्नो राज्यभित्र शान्ति, व्यवस्था र सुरक्षा निमित्त केन्द्रीय सरकारको सहमति र अनुमतिमा आवश्यक सुरक्षा संयन्त्र परिचालन गर्ने अधिकार हुनेछ ।

७) आत्मनिर्णयको अधिकारअन्तर्गत स्वशासित क्षेत्रका समुदायलाई आफ्नो स्वायत्त राजनीतिक इकाई अर्को स्वायत्त इकाइसँग विलय वा सम्मिलन गर्ने अधिकार सुरक्षित रहे भैं एकै स्वायत्त राजनीतिक इकाइ अन्तर्गत उप-स्वायत्त इकाइममा रहेका अन्य फरक समुदायलाई छुट्टिएर आफ्नै स्वायत्त इकाई निर्माण गर्न पाउने अधिकार सुरक्षित गरिएको छ ।



८) प्रादेशिक/आञ्चलिक/जिल्ला/नगर/ग्रामीण वा इलाकीयस्तरका स्वायत्त राजनीतिक इकाइहरू भौगालिक एवम् जनसंख्याको आधार र आकारको अनुपातमा ठूलो वा सानो जे भए तापनि उनीहरूको संवैधानिक हैसियत समान हुनेछ ।

९) आफ्नो कुनै निश्चित ऐतिहँसिक भूमि नभएको तर हाल नेपलको विभन्नि स्थानमा छरिएर रहेका समुदायहरूका लागि उनीहरूको आत्मनिर्णयको अधिकारको कदर गर्दै राज्यको विभिन्न तहमा गैर क्षेत्रीय प्रतिनिधित्वको व्यवथा सुनिश्चित गरिनेछ ।

१०) स्वशासित राज्यहरूबीच विद्यमान पारस्परिक सहयोगमा अभिवृद्धि गर्नुका साथै प्रयास राज्य-राज्यबीच उत्पन्न कुनै द्वन्द्व र तिनको समाधानका लागि आफं प्रयासरत रहने वा केन्द्रीय सरकारको सहयोग प्राप्त गर्ने भन्ने कुराको निर्णय गर्नै अधिकार स्वशासित राज्यमा नीहित रहनेछ ।

२४१. <u>पिछडिएका प्रान्तहरूलाई विषेश ध्यान दिनुपर्ने :</u> संघीय सरकारले प्रान्तहरूलाई आर्थिक अनुदान दिंदा पिछडिएका कर्णाली क्षेत्रका प्रान्तहरूलाई अन्य प्रान्त सरह विकसित नभएसम्म क्षतिपूर्तिको सिद्धान्तअनुसार विषेश व्यवस्था गरिनेछ र शिक्षा, यातायात, स्वास्थ्य, ठूलाजलविद्युत, जडिबुटी प्रशोधन उद्योग जस्ता परियोजनामा संघीय तथा प्रान्तीय सरकारले विशेष सहयोग गर्नेछ ।

२४२. <u>दलितहरूको आरक्षण :</u> अनुसूचि ४ मा सूचिकृत दलितलाई संघीय तथा प्रान्तीय सरकारले सकारात्मक विभेदको सिद्धान्त अनुसार राजनैतिक, आर्थिक, शैक्षिक र रोजगारीका क्षेत्रमा साथै सरकारी, अर्ध सरकारी तथा सैनिक निकायहरूमा जनसंख्याको अनुपातमा आरक्षणको व्यवस्था गर्नु पर्ने छ र उनीहरूको आर्थिक र सामाजिक उत्थानको निमित्त विशेष नीति लागू गर्नु पर्ने छ ।

२४३. <u>हिमाली प्रदेश उच्च आयोग :</u> संघीय सरकरले हिमाली प्रदेशको मागको सम्वन्धमा अध्ययन गर्न एक उच्च स्तरीय आयोग गठन गर्नेछ । उक्त आयोगको गठन काम, कर्तव्य तथा अधिकार कानुनमा व्यवस्था भएबमोजिम हुनेछ ।

२४४. <u>अल्पसंख्यकहरूको आरक्षण :</u> राज्यमा विद्यमान जातीय, वर्गीय, क्षेत्रीय, भाषिक, सांस्कृतिक, धार्मिक, लैङ्गिक अल्पसंख्यक समुदायलाई

संघीय तथा प्रान्तीय सरकारले सकारात्मक विभेदको सिद्धान्त अनुसार सरकारी तथा अर्ध सरकारी निकायहरूमा जनसंख्याको अनुपातमा राज्यबाट प्रदान गरिने सबै प्रकारका अवसर तथा सेवाहरूमा १५ प्रतिशत आरक्षणको व्यवस्था गर्नु पर्नेछ र उनीहरूको आर्थिक र सामाजिक उत्थानको निमित्त विशेष नीति लागू गर्नु पर्ने छ ।

२४५. सीमान्तकृत, आदिवासीको सम्पत्ति संरक्षण : विशेष स्वायत्त क्षेत्र तथा स्वसासित क्षेत्रमा रहेका सम्बन्धित आदिवासी जनजातिका अचल सम्पत्ति बेचविखन सो समुदायभित्र मात्र हुन पाउने गरी सो विशेष स्वायत्त क्षेत्र तथा स्वसासित क्षेत्रका अधिकार प्राप्त अधिकारीले आवश्यक कानुन बनाई लागू गर्न सक्नेछ ।

२४६. बाधा अड्काउ फुकाउने अधिकार : संघीय मन्त्रिपरिषद्ले यो संविधानको कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा त्यस्तो बाधा अडकाउ फुकाउन आदेश जारी गर्न सक्नेछ र यस्तो आदेश संघीय-संसदको दुवै सदनबाट एक महिनाभित्र अनुमोदन गराउनु पर्नेछ ।

२४७. वर्तमान कानुन लागू रहने :

(१) यो संविधान लागू हुँदाका बखत कायम रहेका कानुनहरू खारेज या संशोधन नभएसम्म कायम रहनेछन् । तर यो संविधानसँग बाझिएको कानुन यो संविधान प्रारम्भ भएको १ वर्ष पछि बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।



# भाग ३०

## संक्रमणकालीन व्यवस्था

२४८. मन्त्रिपरिषद् सम्बन्धी व्यवस्था :

(१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको मन्त्रिपरिषद् यसै संविधान अन्तर्गत गठन भएको मानिनेछ ।

(२) धारा ४३ बमोजिम मन्त्रिपरिषद् गठन नभएसम्म उपधारा (१) बमोजिमको मन्त्रिपरिषद् कायम रहनेछ ।

२४९. संघीय-संसद सम्बन्धी व्यवस्था :

(१) यो संविधान जारी हुनासाथ यस संविधान बमोजिम निर्वाचन भै संघीय संसद गठन नभए सम्म संविधानसभालेनै संघीय संसदको काम गर्नेछ ।

(२) यो संविधान जारी हुँदाका बखत कायम रहेको संसद सचिवालय र सो सचिवालयमा कार्यरत पदाधिकारी र कर्मचारी यसै संविधान बमोजिम कायम हुने संघीय संसद सचिवालय र नियुक्ति भएका पदाधिकारी र कर्मचारी मानिनेछन् ।

२५०. संघीय न्यायपालिका सम्बन्धी व्यवस्था :

(१) यो संविधान प्रारम्भ भै न्यायिक पुनरसरचना नभए सम्म कायम रहेका सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरू कायमै हुनेछन । यो संविधान प्रारम्भ हुनु अघि दायर भएका मुद्दाहरू तत् तत् अदालतबाट निरूपण गर्न यो संविधानले बाधा पुऱ्याएको मानिने छैन ।

(२) यो संविधान बमोजिम न्यायिक पुनरसंरचना भएपछि तत्काल कायम रहेका सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरूमा विचाराधीन मुद्दाहरू सम्बन्धित समकक्षी अदालतहरूमा हस्तान्तरण हुनेछन ।

२५१. संवैधानिक निकाय र पदाधिकारीहरू सम्बन्धी व्यवस्था :

(१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका संवैधानिक निकाय र पदाधिकारीहरू मध्ये यस संविधानमा उल्लेख नगरिएका संवैधानिक निकाय र पदाधिकारीहरू यो संविधान प्रारम्भ भएपछि कायम रहने छैनन् ।

(२) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका संवैधानिक निकायहरू यसै संविधान बमोजिम स्थापना भएको मानिने छन् र प्रचलित कानुन बमोजिम ती निकायहरूमा विचाराधीन रहेका विषयहरूलाई निरन्तरता दिन यस संविधानले बाधा पुऱ्याएको मानिने छैन ।

२५२. <u>प्रान्तहरूको विशेष अधिकार :</u> यस संविधानमा प्रान्त सम्बन्धी संवैधानिक व्यवस्थालाई प्रतिस्थापन गर्ने गरी प्रान्तले चाहेमा प्रान्तीय विधानसभा गठन गरी यस संविधानसँग नबाझिने गरी प्रान्तीय विधान निर्माण गरी लागू गर्न सक्नेछ । यसरी प्रान्तीय विधान लागू भएपछि प्रान्तीय सवालमा सोही विधान बमोजिम हुने छ ।

२५३. <u>अधिकारको बाँडफाँड :</u> अनुसूची १ मा उल्लिखित संघीय विषयवस्तुमा संघीय सरकारको, प्रान्तीय विषयवस्तुमा प्रान्तीय सरकारको र साझा विषयवस्तुमा दुवै सरकारको कार्यकारिणी र व्यवस्थापकीय अधिकार रहने छ । साझा विषयवस्तुमा संघीय कानुन वा संघीय नीति आदेश प्रान्तीय कानुन वा नीति आदेशसँग बाँझिएमा प्रान्तीय कानुन वा नीति आदेशसँग बाझिएको हदसम्म बदर हुनेछ ।

२५४. <u>वर्तमान कानुन लागू रहने :</u>

(१) यो संविधान लागू हुँदाका बखत कायम रहेका कानुनहरू खारेज या संशोधन नभएसम्म कायम रहनेछन् ।

तर यो संविधानसँग बाझिएको कानुन यो संविधान प्रारम्भ भएको एक वर्ष पछि बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।



# भाग ३१
# परिभाषा

२५५. <u>परिभाषा :</u>

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा-

(क) "धारा" भन्नाले यो संविधानको धारा सम्झनु पर्छ ।

(ख) "नेपाल" भन्नाले संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल राज्य सम्झनु पर्छ ।

(ग) "नागरिक" भन्नाले नेपालको नागरिक सम्झनु पर्छ ।

(घ) "विधेयक" भन्नाले संघीय संसद वा प्रान्तीय विधानसभामा पेश भएको संविधान संसोधन वा ऐनको मस्यौदा सम्झनु पर्छ ।

(ङ) "पारिश्रमिक" भन्नाले तलव, भत्ता, निबृत्तिभरण र अन्य कुनै किसिमको पारिश्रमिक तथा सुविधा समेत सम्झनु पर्छ ।

(च) 'राज्य' भन्नाले संघीय, प्रान्तीय तथा स्थानीय सरकार, संवैधानिक तथा अन्य सम्पूर्ण सरकारी तथा अर्धसरकारी संघ संस्थाहरू सम्झनु पर्छ ।

(२) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरूको अधीनमा रही कानुन व्याख्या सम्बन्धी प्रचलित कानुनी व्यवस्था नेपाल कानुनको व्याख्यामा लागू भए सरह यस संविधानको व्याख्यामा पनि लागू हुनेछ ।

## अनुसूचि १.

## संघीय र प्रान्तीय सरकार वीच अधिकारको बाँडफाँड

### संघीय सूचि

१. रक्षा,
२. परराष्ट्र,
३. मुद्रा,
४. ठुला उद्योग,
५. राष्ट्रिय रेल मार्ग
६. केन्द्रीय बैंक तथा वित्तिय संस्था,
७. अन्तराष्ट्रिय व्यापार,
८. भन्सार
९. मूल्य अभिवृद्धिकर
१०. उपरोक्त विषयहरूसंग सम्वन्धीत अपराध

### प्रान्तीय सूचि

१. स्वास्थ्य,
२. शिक्षा,
३. कृषि
४. उद्योग
५. बनजंगल
६. स्थानीय शान्ति सुरक्षा तथा प्रहरी प्रशासन
७. यातायात
८. खानेपानी तथा सरसफाई
९. साना विद्युत परियोजना
१०. मादक पदार्थ,
११. प्रान्तीय स्तरको खानी तथा खनिज,
१२. प्रान्तीय स्तरको विकास निर्माणका पूर्वाधार
१३. कला संस्कृति सम्पदा,
१३. भूमिसुधार तथा भूमि व्यवस्थापन
१४. व्यापार व्यवसाय,
१५. पशुपालन
१६. उच्च अदालत,
१७. जिल्ला अदालत
१८. सामुदायिक अदालत



१९. सम्पति कर
२०. मालपोत,
२१. व्यवसायिक कर
२२. यातायातकर
२३. स्थानीय कर
२४. जनसँख्या व्यवस्थापन
२५. आयकर
२६. उपरोक्त विषयसंग सम्बन्धित अपराध,
२७. संघीय र साझा सूचिमा उल्लेख नगरिएका अन्य विषयहरू

### साझा सूचि

१. ठुला विद्युत परियोजना,
२. राजमार्ग
३. विमानस्थल
४. ठुला खनिज सम्पदा,
५. राष्ट्रिय निकुञ्ज,
६. हुलाक,
७. राष्ट्रिय स्तरको सिँचाई,
८. सूचना तथा सञ्चार
९. उच्च शिक्षा
१०. जलस्रोत
११. अपराध सम्बन्धी कानुन
१२. फौजदारी कानुन
१३. देवानी कानुन
१४. कारागार
१५. आर्थिक तथा सामाजिक योजना
१६. श्रमिकसंग सम्बन्धित विषय
१७. सामाजिक उपकार तथा सुरक्षा,
१८. जनस्वास्थ्य
१९. अन्तरप्रान्तीय व्यापार
२०. अन्तर प्रान्तीय जलमार्ग,
२१. सिनेमा,
२२. राष्ट्रिय स्तरको शैक्षिक संस्था,
२३. विश्व सम्पदा,
२४. उपरोक्त विषयसंग सम्बन्धित अपराध

# अनुसूचि २
## प्रान्त, विशेष स्वायत्त क्षेत्र, तथा स्वशासित इलाकाहरू

१. संघीय लोकतान्त्रिक गणतन्त्रमा निम्न स्वायत्त प्रान्तहरू रहने छन् । तर संघीय संसदले आवश्यकता अनुसार प्रान्त, विशेष स्वायत्त क्षेत्र तथा स्वशासित इलाकाहरू सम्बन्धित प्रान्तको स्विकृतिलीई थपघट गर्न वा नाम परिवर्नत गर्न सक्नेछ । यसको निमित्त विशेषज्ञसहितको आयोग गठन गर्न सकिने छ ।

१. स्वायत्त प्रान्तहरू :

क) लिम्बुवान स्वायत्त प्रान्त
ख) खम्बुवान स्वायत्त प्रान्त
ग) तामाङसालिङ स्वायत्त प्रान्त
घ) नेपालमण्डल स्वायत्त प्रान्त
ङ) तमुवान स्वायत्त प्रान्त
च) मगरात स्वायत्त प्रान्त
छ) पूर्वखसान (कर्णाली प्रदेश) स्वायत्त प्रान्त
ज) पश्चिम खसान स्वायत्त प्रान्त
झ) थारुहट स्वायत्त प्रान्त
ञ) अवधी स्वायत्त प्रान्त
ट) भोजपुरी स्वायत्त प्रान्त
ठ) मैथिली/ठेठी मधेश स्वायत्त प्रान्त

२. विशेष स्वायत्त क्षेत्रहरू:

क) थकाली स्वायत्त क्षेत्र
ख) शेर्पा स्वायत्त क्षेत्र (हिमाली प्रदेशको निमित्त धारा १८६ अर्न्तगत उच्च आयोगको व्यवस्थाबाट)
ग) कोचिला स्वायत्त क्षेत्र
घ) सह्लेश स्वायत्त क्षेत्र
ङ) याक्खा स्वायत्त क्षेत्र
च) लाप्चा स्वायत्त क्षेत्र
छ) हायू स्वायत्त क्षेत्र
ज) जिरेल स्वायत्त क्षेत्र



झ) चेपाङ्ग स्वायत्त क्षेत्र
ञ) थामी स्वायत्त क्षेत्र
ट) दरई स्वायत्त क्षेत्र
ठ) सुनुवार स्वायत्त क्षेत्र
ड) दनुवार स्वायत्त क्षेत्र
ढ) बरामु स्वायत्त क्षेत्र
ण) दुरा स्वायत्त क्षेत्र
त) छन्तेल स्वायत्त क्षेत्र
थ) राजि स्वायत्त क्षेत्र
द) ब्या-सी स्वायत्त क्षेत्र
ध) कुमाल स्वायत्त क्षेत्र
न) सुरेल स्वायत्त क्षेत्र

३. स्वशासित इलाकाहरू

क) राउटे स्वशासित इलाका
ख) माझी स्वशासित इलाका
ग) दलित स्वशासित इलाका

विशेष स्वायत्त क्षेत्र तथा सम्बन्धित प्रान्तमा रहेको तर थातथलो नखुलेको जात, जाति, भाषिक, सांस्कृतिक समुदायको स्वशासित क्षेत्र हुनेछ ।

# अनुसूची ३

## अनुसूचित आदिवासी/जनजातिहरू

१. किसान
२. कुमाल
३. कुसवाडिया
४. कुसुण्डा
५. गन्गाई
६. गुरुङ
७. चेपाङ
८. छन्त्याल
९. छैरोतन
१०. जिरेल
११. झागड
१२. डोल्पो
१३. ताङ्गबे
१४. ताजपुरिया
१५. तामाङ
१६. तीन गाउँले थकाली
१७. तोप्के गोला
१८. थकाली
१९. थामी
२०. थारु
२१. थुदाम
२२. दनुवार
२३. दराई
२४. दुरा
२५. धानु (राजवंशी)
२६. धिमाल
२७. नेवार
२८. पहरी
२९. फ्री
३०. बनकरिया
३१. बरामू
३२. बाह्र गाउँले
३३. बोटे
३४. भुलेज
३५. भोटे
३६. मगर
३७. माझी
३८. मार्फा थकाली
३९. मुगाली
४०. मेचे (बोडो)
४१. याक्खा
४२. राई
४३. राउटे
४४. राजवंशी (कोच)
४५. राजी
४६. लार्के
४७. लिम्बू
४८. लेप्चा
४९. लोल्हपा
५०. ल्होमी (सिंगसावा)
५१. वालुङ
५२. ब्यासी
५३. शेर्पा
५४. सतार (सन्थाल)
५५. सियार
५६. सुनुवार
५७. सुरेल
५८. हायू
५९. ह्योल्मो (योल्मो)



# अनुसूचि ४

## अनुसूचित दलित जातिहरू

१. विश्वकर्मा (कामी, लोहार, सुनार, टमाटा, चुनरा, पार्की,)
२. मिजार (सार्की, चर्मकार, भूल)
३. परियार (दमै, दर्जी, नगर्ची, ढोली)
४. गन्दर्भ, (गाइने)
५. वादी,
६. कलर,
७. ककैहिया
८. कोरी (करोरी)
९. खटिक,
१० खत्वे (मण्डल, खँग)
११. चमार (राम, हरीजन, मोची, रविदास)
१२ चीडिमार,
१३. डोम, (मरिक/धनिकार)
१४ तत्मा (ताँती, दास)
१५ पासवान (दुसाध, हजारा)
१६ धोवी (रजक)
१७ पत्थरकट्टा
१८ पासी
१९ बाँतर
२०. मुसहर, सदा, ऋषिदेव
२१. मेत्तर
२२. हलखोर
२३. सर्भङ्ग (सत्बरिया)

# अनुसूचि ५
## राष्ट्रिय गान

सयौं थूंगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली ।

प्रकृतिका कोटी-कोटी सम्पदाको आंचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराइ, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहु जाति, भाषा, धर्म, संस्कृति छन् विशाल,
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।



# अनुसूचि ६
## नमुना सभासद्‌हरूको नामावली

१. कमल तिगेला लिम्बु, सुनसरी
२. भवानी वराल, सुनसरी
३. बिर बहादुर लेप्चा, इलाम
४. फुलमाया लिम्बु, इलाम
५. जुना याक्खा, सुनसरी
६. कुञ्जी विहारी ताजपुरीया, झापा
७. इन्द्रहा□ खम्बु, संखुवासभा
८. ज्ञान्नेद्र रुम्दाली, ओखलढु□ा
९. टेक बहादुर राउत, उदयपुर
१०. बेच बहादुर हायु, सिन्धुली
११. अन्जना राई, खोटाङ
१२. चन्द्रकला राई, भोजपुर
१३. लाक्पा तेन्जी□ लामा, सोलुखुम्बु
१४. छिरि□ तेन्जि□ शेर्पा, सोलुखुम्बु
१५. गंगा प्रसाद दास, धनुषा
१६. राम सागर महरा, महोत्तरी
१७. अनिल कुमार सदा, महोत्तरी
१८. राजलाल ख□ (मंण्डल), सप्तरी
१९. विरेन्द्र कुमार सदा, सिराहा
२०. श्री झवर राम, सप्तरी
२१. संगिता विश्वकर्मा, सिराहा
२२. जगतारायन देवि महरा, धनुषा
२३. अम्बर जंग सिंह, सर्लाही
२४. उस्मान अन्सारी, पर्सा
२५. अखिलेश्वर चौधरी, रौतहट
२६. हृदयनारायण चौधरी, सर्लाही
२७. मोजाहिर अन्सारी, पर्सा
२८. सुनिता कुमारी सिंह, सर्लाही
२९. शुशिला पन्जियार, पर्सा
३०. रामश्रय चौधरी थारु,रौतहट

३१. धन बहादुर माझी, रामेछाप
३२. सिता व्लोन, हेटौडा
३३. बर्मा लामा, दोलखा
३४. सुर्य पाखीन, सिन्धुली
३५. हरि बहादुर चेपा□, मकवानपुर
३६. दया तामा□ रसुवा,
३७. बेल बहादुर दराई, सिन्धुली
३८. पार्वति सुनुवार, सिन्धुली
३९. नरवहादुर दनुवार, मकवानपुर
४०. नरेन्द्र प्रधान, नुवाकोट
४१. अषेश सैजु ,पनौती
४२. रत्नकाजी महर्जन, काठमाण्डौं
४३. अर्जुन महर्जन ललितपुर
४४. जमुना महर्जन ललितपुर
४५. मौसमी राई, ललितपुर
४६. सुनकेसरी खिंवञ्जर, पनौती
४७. मंगला कारंजित, काठमाण्डौं
४८. खडग बहादुर तमु, कास्की
४९. डा.रेम बहादुर तमु, स्याङजा
५०. रेशम तमु, गोर्खा
५१. कमला तमु, गोर्खा
५२. लोकबहादुर दुरा, लमजुङ
५३. किरण कुमार बराम, गोर्खा
५४. पण्डित तारानाथ शर्मा , कास्की
५५. लोक दर्शन लामिछाने, स्याङजा
५६. बुद्धिराज हरिजन, रुपन्देही
५७. संजीव थापा, रुपन्देही
५८. ज्ञानेन्द्र पुन, रुपन्देही
५९. राजकुमार आले पाल्पा
६०. जुनु गौचन, रुपन्देही
६१. रिमा वि.सी., रुपन्देही
६२. मन्जु चौधरी, कपिलवस्तु
६३. सजाहा खातुन, रुपन्देही



६४. भुवन सुनार, प्यूठान
६५. ज्ञानेन्द्र कुमार पुन, प्यूठान
६६. शिवराज रोका मगर ,रोल्पा
६७. गोमा बुढा मगर, सल्यान
६८. ज्योतीका रोका मगर, रुकुम
६९. भगवती बुढा मगर, रोल्पा
७०. सिता कुमारी परियार, रोल्पा
७१. राम बहादुर कुमाल , प्यूठान
७२. ज्याउल हक, बाँके
७३. दिल वि.क., बाँके
७४. जगदिश राना, कैलाली
७५. कैकसा अन्सारी बाँके
७६. पार्वती आग्री, कैलाली
७७. रेनु कार्की, कन्चनपुर
७८. श्याम नारायण चौधरी, दा□
७९. सहिदा शाह, बाँके
८०. पवित्रा फडेरा, हुम्ला
८१. कर्मा ठिन्ले लामा, मुगु
८२. देवकला आचार्य, कालिकोट
८३. तारा नेपाली, जुम्ला
८४. केमा लामा, मुगु
८५. लक्ष्मण बोहरा, जुम्ला
८६. विन्दु श्रेष्ठ, काठमाडौं
८७. भुमिका श्रेष्ठ, काठमाडौं
८८. मीना नेपाली, काभ्रे
८९. सुमित्रा विश्वकर्मा, झापा
९०. सुनिता थापा, काठमाडौं
९१. मीना पाठक, काठमाडौं
९२. ज्योति शेरचन, म्याग्दी
९३. हरिचन छन्त्याल, बाग्लुङ
९४. राजी राय यादव, महोत्तरी
९५. कविता नेपाली, भक्तपुर
९६. मिरा खड्का, भक्तपुर

## अनुसूचि ७

## संविधान मस्यौदा समिति

| | | | |
|---|---|---|---|
| १. | संयोजक - वर्मा लामा | - | दौलखा (हेटौडा केन्द्रबाट छानिएका सभासद्) |
| २. | सदस्य - लक्ष्मण बोहरा | - | जुम्ला (जुम्ला केन्द्रबाट छानिएका सभासद्) |
| ३. | सदस्य - अखिलेश्वर चौधरी | - | रौतहट (विरगंज केन्द्रबाट छानिएका सभासद्) |
| ४. | सदस्य - रेशम तमु | - | गोर्खा (पोखरा केन्द्रबाट छानिएका सभासद्) |
| ५. | सदस्य - इन्द्र हाङ्ग खम्बु | - | संखुवासभा (गाइघाट केन्द्रबाट छानिएका सभासद्) |
| ६. | सदस्य - कमल तिगेला लिम्बु | - | सुनसरी (धरान केन्द्रबाट छानिएका सभासद्) |
| ७. | सदस्य - गोमा बुढा मगर | - | सल्यान (प्यूठान केन्द्रबाट छानिएका सभासद्) |
| ८. | सदस्य - ज्ञानेन्द्र पुन मगर | - | रूपन्देही (वुटवल केन्द्रबाट छानिएका सभासद्) |
| ९. | सदस्य - दिल विश्वकर्मा | - | बाँके (नेपालगंज केन्द्रबाट छानिएका सभासद्) |
| १०. | सदस्य - गंगा प्रसाद दास | - | धनुषा (जनकपुर केन्द्रबाट छानिएका सभासद्) |
| ११. | सदस्य - लोक बहादुर दुरा | - | लम्जुङ्ग (पोखरा केन्द्रबाट छानिएका सभासद्) |
| १२. | सदस्य - भूमिका श्रेष्ठ | - | यौनिक तथा अल्पसख्यक समुह, काठमाण्डौ |
| १३. | सदस्य - सुनिता थापा | - | अन्धा/अपाङ्ग समुहको प्रतिनिधि, काठमाण्डौ |
| १४. | सदस्य - संजिव थापा | - | अपाङ्ग समुहको प्रतिनिधि, रुपन्देही |
| १५. | सदस्य - अर्जुन महर्जन | - | ललितपुर (ललितपुर केन्द्रबाट छानिएका सभासद्) |



## अनुसूचि ८

## कार्य व्यवस्थापन परामर्श समिति

| | | | |
|---|---|---|---|
| १. | ज्योतिका रोका मगर | : | अध्यक्ष |
| २. | चन्द्रकला राई | : | उपाध्यक्ष |
| ३. | झब्बर प्रसाद राम | : | उपाध्यक्ष |
| ४. | मल्ल के. सुन्दर | : | सदस्य सचिव |
| ५. | सुशिला पंजियार | : | सदस्य |
| ६. | पार्वती सुनुवार | : | सदस्य |
| ७. | कर्मा ठिन्ले लामा | : | सदस्य |
| ८. | मिना पाठक | : | सदस्य |
| ९. | विरेन्द्र सदा | : | सदस्य |

# अनुसूचि ९
## कार्यविधि नियमावली निर्धारण समिति

| | | | |
|---|---|---|---|
| १. | गंगाप्रसाद दास | : | धनुषा |
| २. | उस्मान अन्सारी | : | पर्सा |
| ३. | दील विश्वकर्मा | : | बाँके |
| ४. | डा. रेम बहादुर तमु | : | कास्की |
| ५. | अञ्जना राई | : | उदयपुर |
| ६. | नरबहादुर दनुवार | : | मकवानपुर |
| ७. | मौसमी राई | : | ललितपुर |
| ८. | जुनु याक्खा | : | सुनसरी |
| ९. | गोमा बुढा | : | प्युठान |
| १०. | रिमा वि.सि. | : | रूपन्देही |



# अनुसूचि १०
## विभिन्न विषयगत समिति

१ मौलिक अधिकार समिति

अध्यक्ष : लोकदर्शन लामिछाने
सदस्य : सुनकेशरी खिंवञ्जार
सदस्य : संजिव थापा
सदस्य : ज्याउल हक
सदस्य : सुनिता सिं थारु
सदस्य : सुमित्रा विश्वकर्मा
सदस्य : सीता ब्लोन
सदस्य : देवकला आचार्य
सदस्य : रामसागर महरा
सदस्य : मीना पाठक
सदस्य : कविता नेपाली
सदस्य : मीरा खड्का
सदस्य : सीता कुमारी परियार

२ अल्पसंख्यकको अधिकार समिति

अध्यक्ष : उस्मान अन्सारी
सदस्य : अशेष सैंजु
सदस्य : बेल बहादुर दराई
सदस्य : सहिदा शाह
सदस्य : जुनु याक्खा
सदस्य : हरि बहादुर चेपाङ
सदस्य : तारा नेपाली
सदस्य : गंगा प्रसाद दास
सदस्य : बेज बहादुर हायु
सदस्य : भूमिका श्रेष्ठ

३ संघीय प्रान्तको भू-भाग निर्धारण समिति

अध्यक्ष :खड्ग बहादुर तमु

सदस्य : अर्जुन महर्जन

सदस्य : इन्द्रहाङ् खम्बू

सदस्य : राजकुमार आले

सदस्य : दिल बिश्वकर्मा

सदस्य : ह्रदयनारायण चौधरी

सदस्य : कमल तिगेला

सदस्य : सूर्य पाखिन

सदस्य : संगीता बि.क.

सदस्य : गोमा बुढा मगर

सदस्य : रेनु कार्की

४ संघीय सरकार र प्रान्तीय सरकारको अधिकार बाँडफाड गर्ने समिति

अध्यक्ष : रिमा वि.सी.

सदस्य : मौसमी राई

सदस्य : अञ्जना राई

सदस्य : शुसिला पंजियार

सदस्य : बीर बहादुर लेप्चा

सदस्य : नर बहादुर दनुवार

सदस्य : तारानाथ शर्मा

सदस्य : हरिचन छन्त्याल

५ संघीय सरकारको संरचना निर्धारण गर्ने समिति

अध्यक्ष : मंगला कारंजित

सदस्य : ज्ञानेन्द्र रुम्दाली

सदस्य : अखिलेश्वर चौधरी

सदस्य : फूलमाया लिम्बू

सदस्य : दया तामाङ्

सदस्य : कमला तमु



सदस्य : ज्ञानेन्द्र पुन रुपन्देही

सदस्य : ज्ञानेन्द्र कुमार पुन प्यूठान

सदस्य : पवित्रा फडेरा

६ प्रान्तीय सरकारको संरचना निर्धारण गर्ने समिति

अध्यक्ष : पार्वती सुनुवार

सदस्य : नरेन्द्र प्रधान

सदस्य : छिरिङ तेञ्जिङ शेर्पा

सदस्य : मञ्जु चौधरी

सदस्य : अमरजंग सिं थारु

सदस्य : कुञ्जीबिहारी ताजपुरिया

सदस्य : लक्ष्मण बोहरा

सदस्य : जगदीश राना

सदस्य : राजाराय यादव

७ भाषा सम्बन्धी नीति निर्धारण गर्ने समिति

अध्यक्ष : डा. रेम बहादुर गुरुङ तमु

सदस्य : रत्नकाजी महर्जन

सदस्य : लाक्पा तेन्जिङ शेर्पा

सदस्य : श्याम नारायण चौधरी

सदस्य : धन बहादुर माझी

सदस्य : साजाहा खातुन

सदस्य : शिवराज मगर

सदस्य : जगरायनदेवी महरा

८ विभिन्न संवैधानिक आयोगहरु सम्बन्धि नीति निर्धारण गर्ने समिति

अध्यक्ष : भगवती बुढा मगर

सदस्य : बिन्दु श्रेष्ठ

सदस्य : कैकसा अंसारी

सदस्य : पार्वती आग्री

सदस्य : मोजाहिर अंसारी

सदस्य : राजलाल मण्डल

सदस्य : मीना नेपाली

सदस्य : सुनिता थापा

९ समावेशीकरण र निर्वाचन प्रणालीको नीति निर्धारण गर्ने समिति

अध्यक्ष : वर्मा लामा

सदस्य : जमुना महर्जन

सदस्य : जुनु गौचन

सदस्य : रामाश्रेय चौधरी

सदस्य : लोक बहादुर दुरा

सदस्य : कर्मा ठिन्ले लामा

सदस्य : केमा लामा

सदस्य : ज्योति शेरचन

सदस्य : भुवन सुनार

सदस्य : विरेन्द्र कुमार सदा

१० स्वायत्त गणराज्यको स्वरुप र त्यस भित्र रहने विशेष स्वशासित क्षेत्र

अध्यक्ष : भवानी बराल

सदस्य : जगतारयनदेवी महरा

सदस्य : रेशम तमु

सदस्य : अमरजंग सिं थारु



# अनुसूचि ११
## नमूना संविधान सभा परामर्श समिति

१. पूर्णमान शाक्य, अधिवक्ता - संयोजक

२. राम प्रसाद श्रेष्ठ, अधिवक्ता - सदस्य

३. कुमार इङ्गनाम, अधिवक्ता - सदस्य

४. सम्बोजन लिम्बू, अधिवक्ता - सदस्य

५. निरु श्रेष्ठ, अधिवक्ता - सदस्य

## अनुसूचि १२
## सचिवालय समिति

१. डा. सुमित्रा मानन्धर गुरुङ्ग, अध्यक्ष, जातिय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च
२. मल्ल के. सुन्दर, सदस्य सचिव, " "
३. बालकृष्ण माबुहाङ्ग, कोषाध्यक्ष, " "
४. गंगा प्रसाद महरा, सदस्य, " "
५. गणेश विशवकर्मा, सदस्य, " "
६. बम कुमारी बुढामगर, सदस्य, " "
७. नेत्र तुम्बाहाङ्फे, परियोजना व्यवस्थापक, " "

विशेष सहयोगी

| | | |
|---|---|---|
| १. | प्रो.यश पी. घई | : CASU, UNDP |
| २. | प्रो.जिल कट्रेल | : CASU, UNDP |

**कार्यक्रममा संलग्न कर्मचारीहरू**

| | | |
|---|---|---|
| १. | नेत्र तुम्बाहाङ्फे | - परियोजना व्यवस्थापक |
| २. | रोमनाथ विश्वकर्मा | - परियोजना अधिकृत |
| ३. | लगन लाई | - परियोजना अधिकृत |
| ४. | सरिता श्रेष्ठ | - वित्तीय अधिकृत |
| ५. | रविन्द्र पाछै | - कार्यक्रम सहायक |
| ६. | पर्वता राई | - प्रशासकीय सहायक |
| ७. | सल्मा बानु | - प्रशासकीय सहायक |
| ८. | प्रमिला डंगोल | - कार्यक्रम सहयोगी |